# माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति


प्रस्तुतकर्ता

विष्णु भट्टराई

परीक्षा रोल नं.: २३४००४०००२

म.प.वि. दर्ता नं.: २०२१-६८-३-१००२-००५९


स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको शैक्षिक योजना तथा व्यवस्थापन

विषय कोर्ष नं.(इडि.पि.एम.५४३) को पाठ्यांश पूरा गर्नका लागि पाठ्यक्रम तथा

मूल्याङ्कन, शैक्षिक योजना तथा व्यवस्थापन,गणित शिक्षा,

विज्ञान र विशेष आवश्यकता शिक्षा

केन्द्रीय विभागमा प्रस्तुत

## शोधपत्र


ग्र्याजुएट स्कुल अफ एजुकेसन

मध्यपश्चिम विश्वविद्यालय

सुर्खेत, नेपाल



माघ,२०८१

# प्रतिज्ञा-पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर शैक्षिक योजना तथा व्यवस्थापन विषय कोर्ष नं. (इडि.पि.एम. ५४३) को पाठ्यभार पूरा गर्न प्रस्तुत **"माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति"** शीर्षकमा शोधपत्र तयारीका लागि लेखिएका पूर्व अनुसन्धान कार्य, प्रकाशित कृति, पाठ्यक्रम, शिक्षक निर्देशिका र विज्ञहरुको सल्लाह तथा सुझाव यस अध्ययनका द्वितीय स्रोतका रूपमा रहेका छन् । यस शोधपत्रमा स्रोत र सन्दर्भ सूचीका रूपमा प्रयोग गरेको बाहेक अरुले लेखेका शोधपत्रलाई जस्ताको तस्तै हु-बहु नक्कल गरिएको छैन । यदि गरिएको पाइएमा यो शोधपत्र यस म.प.वि.वि.को नियमानुसार रद्द गरिएमा मेरो मञ्जुरी रहेको छ भनी यो प्रतिज्ञा पत्र पेश गरेकी छु ।

........................

विष्णु भट्टराई

मध्यपश्चिम विश्वविद्यालय ०८३- ५२३४८५
ग्र्याजुयट स्कुल अफ एजुकेसन
पाठ्यक्रम तथा मूल्याङ्कन, शैक्षिक योजना तथा व्यवस्थापन,गणित शिक्षा,
विज्ञान र विशेष आवश्यकता शिक्षा केन्द्रीय विभाग
सुर्खेत, नेपाल

पत्र सं.:

चलानी नं.: मिति : ...........

# सिफारिस पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन अन्तर्गत स्नातकोत्तर तह (एम.एड.), चौथो सेमेस्टरको शैक्षिक योजना तथा व्यवस्थापन विषय कोर्ष नं. (इडि.पि. एम.५४३) को पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **"माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति"** शीर्षकको शोधपत्र छात्रा विष्णु भट्टराईले मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले मूल्याङ्कनका लागि पाठ्यक्रम तथा मूल्याङ्कन, शैक्षिक योजना तथा व्यवस्थापन, गणित शिक्षा, विज्ञान र विशेष आवश्यकता शिक्षा केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०८१ /०९/०५
इ.सं. : डिसेम्बर २०, २०२४

उपप्रा. सुरेन्द्र जंग राना क्षेत्री
शोध निर्देशक

मध्यपश्चिम विश्वविद्यालय

०८३- ५२३४८५

ग्र्याजुएट स्कुल अफ एजुकेसन

पाठ्यक्रम तथा मूल्याङ्कन, शैक्षिक योजना तथा व्यवस्थापन,गणित शिक्षा, विज्ञान र विशेष आवश्यकता शिक्षा केन्द्रीय विभाग

सुर्खेत, नेपाल

पत्र सं.:

चलानी नं.:

मिति : ...........

---

# स्वीकृति-पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन, शैक्षिक योजना तथा व्यवस्थापन विषय कोर्ष नं. (इडि.पि.एम.५४३) को पाठ्भार पूरा गर्नका लागि प्रस्तुत शोधपत्र स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरमा अध्ययन गर्ने छात्रा विष्णु भट्टराईले प्रस्तुत गरेको **"माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति"** शीर्षकमा तयार गरिएको शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क.सं. नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|
| १. उपप्रा. प्रतिभा खड्का | विभागीय प्रमुख | ----------------- |
| २. उपप्रा. सुरेन्द्र जंग राना क्षेत्री | शोध निर्देशक | ----------------- |
| ३. उपप्रा. हरि बहादुर थापा<br>त्रिभुवन विश्वविद्यालय<br>सुर्खेत बहुमुखी क्याम्पस<br>वीरेन्द्रनगर, सुर्खेत | बाह्य परीक्षक | ----------------- |

मिति : २०८१/१०/११

इ.सं. : २४ जनवरी, २०२४

# कृतज्ञता ज्ञापन


मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन स्नातकोत्तर तह (एम.एड.), चौथो सेमेस्टर, शैक्षिक योजना तथा व्यवस्थापन विषय कोर्ष नं. (इडि.पि.एम. ५४३) को पाठ्यभार पूरा गर्न **"माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति"** शीर्षकमा अध्ययन गरी यो शोधपत्र तयार पारिएको छ ।

उक्त शोधपत्र लेखनका क्रममा विविध कार्य व्यस्तताका बाबजुद पनि शीर्षक चयनदेखि शोधपत्र लेखनमा कुशल निर्देशन दिनुहुने मेरा शोध निर्देशक आदरणीय गुरु उपप्रा. सुरेन्द्र जङ्ग राना क्षेत्री ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र लेखनका क्रममा आवश्यक सुझाव र सहयोग प्रदान गर्नु हुने पाठ्यक्रम तथा मूल्याङ्कन, शैक्षिक योजना तथा व्यवस्थापन, गणित शिक्षा, विज्ञान र विशेष आवश्यकता शिक्षा केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय गुरु आमा उपप्रा. प्रतिभा खड्का ज्यू तथा ग्र्याजुएट स्कुल अफ एजुकेसनका गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनका क्रममा आवश्यक सूचना संकलनमा सहयोग गर्नुहुने पुस्तकालयीय कर्मचारी प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै नमुना छनोटमा परेका विद्यालयबाट तथ्याङ्क उपलब्ध गराइ सहयोग गर्नुहुने जाजरकोट जिल्ला कुशे गा.पा. अन्तर्गतका सम्बन्धित सामुदायिक माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक, विद्यार्थी र शिक्षा शाखा प्रमुखप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । शोधकार्य लेखनका क्रममा समय समयमा उत्प्रेरणा दिइ सहयोग गर्नुहुने श्रीमान डिल्ली आचार्य लगायत निरन्तर उत्प्रेरणा दिनुहुने सम्पूर्ण साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्तमा छिटो र शुद्ध कम्प्युटर टाइप गर्ने नोवेल कम्प्युटर इन्स्टिच्यूटका मनराज देवकोटालाई धन्यवाद दिन चाहन्छु ।

विष्णु भट्टराई

# शोधसार


यो अध्ययन **"माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति"** शीर्षकमा अध्ययन गरी यो शोधपत्र तयार पारिएको छ । यसका मुख्य उद्देश्य कक्षा १० माध्यमिक शिक्षामा अक्षरांकन पद्धतिको अवस्था पहिचान गर्नुका साथै मूल्यांकनमा देखिएका समस्याको खोजी गरी समस्या समाधानका उपायहरु सुझाउनु रहेका छन् ।

यस अध्ययनमा पद्धतिको कार्यान्वयनका सम्बन्धमा शिक्षकहरुको अक्षरांकन पद्धति कार्यान्वयनका सम्बन्धमा पद्धतिको ज्ञान कम रहेको पाइयो । शिक्षकहरुलाई तालिमको उपयुक्त रुपमा हुन सकेको छैन । अक्षरांकन मापदण्डको प्रभावकारी प्रयोग गरिएको छैन । शिक्षकहरुलाई अक्षरांकन पद्धति झन्झटिलो मान्दै आएको पाइन्छ । शिक्षण सिकाइका क्रममा शैक्षिक गुणस्तरमा ह्रस भएको पाइन्छ । विद्यार्थीको मूल्यांकन र अभिलेखीकरण उपयुक्त हुन सकेको छैन । अक्षराङ्कन पद्धतिमा अनुतीर्ण कोही पनि हुदैंनन् भन्ने जुन भ्रम छ । स्वभावैले सिकारुको सिकाइमा विविधता हुन्छ र उनीहरुको अभिरुचिका आधारमा दक्षता र क्षमतामा फरक फरक हुन्छ । कुनै एक विषयमा कमजोर भए वा न्यून सिकाइ सक्षमता भए त्यही कक्षामा अनुतीर्ण भई बस्नु नपरोस भन्ने मान्यताले यो प्रणालीलाई कार्यान्वयनमा ल्याइएको हुनु पर्दछ । अक्षराङ्कन पद्धतिले हाम्रो मूल्याङ्कनमा अन्तराष्ट्रिय प्रचलनको प्रवेश भएको छ । प्रत्येक सिकारु केही न केही रुपमा योग्य हुन्छन् सिकारुलाई अयोग्य भन्न मिल्दैन । सिकारुले प्राप्त गरेको सिकाइ उपलब्धिलाई यथार्त रुपमा प्रमाणीकरण अक्षराङ्कन पद्धतिले गर्दछ । विद्यार्थीको प्रमाणपत्रमा सक्षमताको व्याख्या हुने व्यवस्थाले सिकारु कुन कुन कुरामा के कस्तो दक्षता रहेको छ भनी स्पष्टता हुन्छ । यस पद्धतिले अस्वस्थ प्रतिष्पर्धालाई सकेसम्म न्यूनीकरण गर्दछ । यसको मूलमर्म बुझ्न र बुझाउन सकेमा निश्चय नै सिकाइमा सुधारका लागि सहयोग गर्दछ तथा सिकाउने व्यक्ति र संस्था बढी जिम्मेवार बनाउन भूमिका खेल्दछ भन्ने अपेक्षा गरिएको छ । यस पद्धतिलाई प्रभावकारी र व्यवहारिक बनाउन मूख्य गरी शिक्षण सिकाइ प्रणालीमा नै परिवर्तन आवश्यक छ ।

सामुदायिक माध्यमिक विद्यालयमा अक्षरांकन पद्धतिका समस्याहरुमा  पढ्ने बानीको विकास नहुनु, उचित निरीक्षण तथा सुपरिवेक्षण, बालमैत्री वातावरण नहुनु, अक्षरांकन

प्रणाली सम्बन्धी तालिम, अक्षरांकन पद्धतिप्रति ज्ञानको कमी, अक्षरांकन पद्धतिको मापदण्डप्रति स्पष्ट नहुनु, शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगमा कमी जस्ता समस्याहरु विद्यमान रहेका छन् । अक्षांकन पद्धतिमा देखिएका समस्यालाई समाधान गर्न शिक्षण सिकाइ क्रियाकलापमा सुदृढ गर्नुपर्ने सुपरिवेक्षणलाई नियमित गर्नुपर्ने, बालमैत्री वातावरणको व्यवस्थापन, अक्षराङ्कन सम्बन्धी तालिम व्यवस्था गर्नुपर्ने, अक्षरांकन पद्धतिका बारेमा शिक्षक, अभिभावक र विद्यार्थीमा ज्ञान प्रदान गर्नुपर्ने देखिन्छ ।

# सङ्क्षिप्त शब्दावलीको पूर्ण रुप

| | | |
|---|---|---|
| एम.एड. | : | मास्टरर्स अफ एजुकेसन |
| इ.पू. | : | इसा पूर्व |
| प्र.अ. | : | प्रध्यानाध्यापक |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम सम्वत् |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स. | : | शिक्षक अभिभावक संघ |

# विषयसूची


| | पेज नं. |
|---|---|
| प्रतिज्ञा पत्र | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| शोधसार | v |
| सङ्क्षिप्त शब्दावलीको पूरा रुप | vii |
| **परिच्छेद एक : परिचय** | **१–१४** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ९ |
| १.३ अध्ययनको उद्देश्य | ११ |
| १.४ अनुसन्धानात्मक प्रश्न | ११ |
| १.५ अध्ययनको औचित्य | ११ |
| १.६ अध्ययनको परिसीमा | १३ |
| १.७ विशेष शब्दावलीको कार्यगत परिभाषा | १४ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका** | **१५–२६** |
| २.१ सम्बन्धित सैद्धान्तिक साहित्यको पुनरावलोकन | १५ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १७ |
| २.३ अवधारणात्मक खाका | २५ |
| २.४. पुनरावलोकनको उपादेयता | २६ |
| **परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया** | **२७–३०** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २७ |
| ३.२ अध्ययनको जनसंख्या र नमुना छनोट | २७ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन र प्रविधि | २७ |
| ३.४ तथ्यांक संकलनका स्रोत | २८ |
| ३.५ तथ्याङ्क संकलनको विश्वसनियता र वैधता | २९ |
| ३.६ नैतिक आधार | २९ |
| ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया | ३० |
| ३.८ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया | ३० |

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ३१-६६**


४.१ माध्यमिक शिक्षाको परीक्षामा अक्षरांकन पद्धतिको अवस्था ३१

४.१.१ शिक्षकहरुमा अक्षरांकन पद्धति सम्बन्धी ज्ञान ३१

४.१.२ अक्षरांकन पद्धति सम्बन्धी तालिम ३२

४.१.३ अक्षरांकन पद्धति मापदण्डको प्रयोग ३४

४.१.४ अक्षरांकन पद्धति अभिलेखिकरण ३५

४.१.५ शैक्षिक गुणस्तरीयता ३७

४.१.६ ग्रेडको स्तरीकरण ४२

४.१.७ मूल्याङ्कन पद्धति ४४

४.२ अक्षराङ्कन पद्धतिमा देखिएका समस्या ४६

४.२.१ अक्षरांकन पद्धतिप्रति ज्ञानको कमी ४७

४.२.२ अक्षरांकन पद्धति सम्बन्धी तालिमका अपर्याप्ता ४७

२.२.३ अक्षरांकन पद्धतिको मापदण्ड कार्यान्वयनमा कठिनाई ४८

४.२.४ सिकाइ उपलब्धि अभिलेखिकरण प्रभावकारी नहुनु ४९

४.१.५ शैक्षिक गुणस्तरीयतामा ह्रास हुनु ४९

४.१.६ ग्रेडको स्तरीकरण गर्न कठिन ५०

४.१.७ मूल्याङ्कन गर्न कठिनाइ ५२

४.३ अक्षराङ्कन पद्धतिमा देखिएका समस्या समाधानका उपाय ५४

४.३.१ अक्षरांकन पद्धति सम्बन्धी ज्ञान प्रदान ५४

४.३.२ अक्षरांकन पद्धतिको मापदण्डको स्पष्ट जानकारी गर्नुपर्ने ५६

४.३.३ अक्षराङ्कन सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने ५७

४.२.४ उचित अभिलेखको लागि सफ्टवेयरको व्यवस्था ५८

४.१.५ शैक्षिक गुणस्तरीयतामा ह्रास हुनु ५९

४.१.६ ग्रेडको वर्गान्तरमा सुधार ६३

४.१.७ मूल्याङ्कन पद्धतिमा सुधार गर्नुपर्ने ६३

अध्ययनको प्राप्ति ६५

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव** **६७-७५**

५.२ निष्कर्ष ६७

५.३ सुझाव ७०

५.३.१ नीतिगत तह ७०

५.३.२ कार्यान्वयन तह ७१

५.३.३ अनुसन्धान तह ७३

**सन्दर्भ सूची**

**अनुसूची**

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अक्षराङ्कन पद्धति भनेको विद्यार्थीले प्राप्त गरेको अङ्कमा नखुलाई निश्चित र पूर्वनिर्धारित मानकका आधारमा मान्यता दिएर स्तर छुट्याई व्याख्या गरिने मूल्याङ्कन पद्धति हो । 'अक्षराङ्कन' पद्धतिले तोकिएको सक्षमताको मूल्याङ्कन गरी विद्यार्थीले हासिल गर्ने सिकाइस्तरलाई अक्षरमा प्रस्तुत गर्ने गर्दछ । यस प्रणालीको मूल सैद्धान्तिक आधार भनेको विद्यार्थीको क्षमता र बौद्धिकतालाई विषयगत रुपमा स्वीकारोक्ति हो । अक्षराङ्कन पद्धति पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धिको मूल्याङ्कनपश्चात् विद्यार्थीले हासिल गरेको सिकाइस्तरलाई निर्धारण गर्दछ । विद्यार्थीको सिकाइस्तरलाई उच्चदेखि न्यून गरी कति भाग वा श्रेणीमा विभाजन गर्ने भन्ने विषयमा एकरूपता नदेखिए पनि धेरैजसो शिक्षा पद्धतिले पाँचदेखि नौ भागमा विभाजन गरेको देखिन्छ । अक्षराङ्कन पद्धति विद्यार्थीको सिकाइस्तरलाई सङ्ख्यात्मक नभई गुणात्मक व्याख्या गरेको हुन्छ । यसमा एउटा विद्यार्थीको विषयगत उपलब्धिलाई स्तरअनुरूप अलगअलग लेटर ग्रेड प्रदान गरी विद्यार्थीको समग्र कक्षागत स्तर पहिचानका लागि औसत अङ्कका रूपमा व्यक्त गर्ने गरिन्छ । यस सम्बन्धी विभिन्न केही विद्वानले दिएका परिभाषा यस प्रकार छन् :

राल्फ डब्लु टायलर (१८५०): "व्यावहारमा ऐच्छिक परिवर्तनहरु वास्तविक रुपमा कुन हदसम्म भइरहेका छन् भन्ने कुराको निर्धारण गर्नुलाई मूल्याङ्कन भनिन्छ ।" (लुइटेल, २०७९)

जेम्स लि.क्रोनब्याक (१९८५) : "कुनै शैक्षिक कार्यक्रमबारे निर्णय लिनका लागि आवश्यक तथ्य, तथ्याङ्क तथा जानकारी सङ्कलन गर्ने कार्यलाई नै मूल्याङ्कन भनिन्छ ।" (खनाल, २६६)

प्रयोगात्मक नेपाली शब्दकोश (१९९०): "कसैको कार्य वा योग्यता जा□च्ने काम, परीक्षा लिएर स्तर ठम्याउने कँम, स्तरको निर्धारण गर्ने कामलाई मूल्यँङ्कन भनिन्छ ।" (जवरा र अन्य, २०६३)

थर्नडाइक र हेगन (१९९७) : "कुनै पनि कार्य लक्ष्य अनुसार भए वा भएन भनेर मापन गर्न,

जाँच्ने वा लेखाजोखा गर्ने प्रक्रियालाई सङ्ख्यात्मक तथा गुणात्मक रूपमा हुन सक्छन्, यसलाई मूल्याङ्कन भनिन्छ।" (थापा, २०७०)

विश्वमा अक्षर र अंक दुबैमा ग्रेडिङ गर्ने प्रणाली चलन चल्तिमा छ । केही समय भन्दा अघिसम्म अंकमा मात्र ग्रेडिङ गर्ने प्रणाली चलन चल्तिमा थियो । हाल आएर अक्षरमा ग्रेडिङ गर्ने प्रणाली दिन प्रतिदिन बढ्दो छ। अक्षर बाहेकको ग्रेडिङ प्रणालीको सुरुवात सन् १७८५ मा एल विश्वविद्यालयका प्राध्यापक प्रेसिडेन्ट एजा स्टाइल्सले गरेका हुन् । उनले आफूले मूल्याङ्कन गरेका ५८ जना विद्यार्थीमध्ये २० जनालाई अति उत्कृष्ट, १६ जनालाई उत्कृष्ट, १२ जनालाई कमजोर र बाँकी १० जनालाई असफल गरी मूल्याङ्कन गरेका थिए (आचार्य, २०७८) । तत्पश्चात् सन् १८१७ मा विलियम एनड मेरी कलेजले विद्यार्थीलाई ४ श्रेणीमा विभाजन गरी परीक्षाको परिणाम निकाल्ने कार्यको सुरुवात गऱ्यो, जुन आजको अक्षर ग्रेडिङ प्रणालीको लागि आधार बन्यो । आज आएर अक्सफोर्ड क्याम्ब्रिज, हार्बड लगायतका विश्व प्रसिद्ध अमेरिकन, युरोपियन र एसियन विश्वविद्यालयहरुमा यही मूल्याङ्कन प्रणालीलाई नै अनुसरण गरिएको छ (सिलवाल, २०७४) ।

सन् १७८५ मा एल विश्वविद्यालयका प्रेसिडेन्ट एज्रा स्टाइल्सले मूल्याङ्कन गरेका ५८ जना विद्यार्थीमध्ये २० जनालाई उत्कृष्ट, १६ जनालाई दोस्रो उत्कृष्ट, १२ जनालाई कमजोर र बाँकी १० जनालाई असफल भनी रिजल्ट सार्वजनिक गरे । यसैलाई मूल आधार मानी अमेरिकामा अहिले पनि विश्वविद्यालय स्तरको मापन प्रणाली ए, बी, सी, डी गरी ४ वर्ग वा श्रेणीमा गर्ने प्रचलन छ। तर डी भन्दा तल एफ ग्रेड पनि राख्ने चलन छ, जुन अनुत्तीर्ण श्रेणी हो । त्यस्तै सन् १८१७ मा विलियम एन्ड मेरी कलेजले विद्यार्थीहरूलाई उनीहरूको क्षमताका आधारमा सबैभन्दा उत्कृष्ट, सबै कुरामा क्रमिक सुधार, एकदम कम सुधार र थोरै वा केही सिक्न नसकेको गरी ४ श्रेणीमा विभाजन गऱ्यो। विद्यार्थीको ग्रेडिङ गर्न प्रत्येक तह वा श्रेणीको मापन आधार तयार गर्नुपर्छ र त्यो नै अक्षर ग्रेडिङ प्रणालीका लागि उपलब्धि क्षेत्र हुन पुग्छ । विद्यार्थीको ज्ञानसँग मात्र आधारित भएर मापन गरिँदा उनीहरूको मूल्याङ्कन अधुरो रहन्छ भन्दै एल र हार्वर्ड विश्वविद्यालयहरूले अभिवृत्तिको सूचक बनाई ज्ञान र अभिवृत्तिको मूल्याङ्कनकन गरेको पाइन्छ।

अङ्कमा आधारित ग्रेडिङ प्रणालीमा विद्यार्थीको बुद्धि नापेर भन्न सकिने अवस्था नहुने हुनाले उसको बुद्धि कुन तहमा पर्छ वा कुन रेन्जमा पर्छ भनेर प्रत्येक तह वा रेन्जलाई विभिन्न

अक्षरबाट सम्बोधन गरिने व्यवस्थालाई अक्षर ग्रेडिङ प्रणाली भनिन्छ । यसमा निश्चित मापडण्डका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न बेल कर्भमा राखेर श्रेणी, तह वा रेन्ज छुट्याइने भएकाले यसलाई सापेक्षित ग्रेडिङ पनि भनिन्छ । यसबाट शिक्षालयभित्र हुने प्राज्ञिक क्रियाकलापमा आन्तरिक सम्प्रेषण बढ्ने र शैक्षिक प्रणाली निर्माणमा बाह्य सम्प्रेषण प्रवाह गर्ने भएकाले शिक्षाको गुणस्तर अभिवृद्धि हुन पुग्छ (सिलवाल, २०७४)।

एसियाका केही देशमा अक्षराङ्कन पद्धतिले अङ्कका आधारमा प्रतिस्पर्धा गर्नुपर्ने दबाब घटाउने गरेकाले श्रेणीकरण ढाँचा सुदृढ हुने देखिन्छ । विद्यार्थीले आफ्ना सबलता र कमजोरी सहजै पत्ता लगाउन सक्ने र अध्यापन गर्न समेत सजिलो हुने भएकाले धेरै देशमा यो प्रणाली लागु गरिएको छ । अभिभावकले विद्यार्थीको प्रगति कम गर्ने, पढाइप्रति उत्प्रेरित नहुने, विद्यार्थीमा अल्छीपना बढाउने जस्ता पक्ष देखाई यस अङ्कन प्रणालीलाई उत्साहसाथ अस्विकारे पनि अङ्कन पद्धतिका सट्टा अक्षराङ्कन पद्धतिलाई शैक्षिक गुणस्तर वृद्धिका दृष्टिले राम्रो मूल्याङ्कन पद्धति मानिएको छ । देश तथा देशभित्र पनि परीक्षा बोर्ड र विश्वविद्यालयअनुसार फरक फरक अभ्यास र प्रचलन पाइएतापनि अक्षराङ्कन पद्धतिका सन्दर्भमा एसियाका केही देशको विद्यालय तथा विश्वविद्यालयतर्फको श्रेणीकरण प्रक्रिया यसप्रकार रहेको पाइयो :

| देश | ग्रेड र संख्या | वर्गान्तर |
|---|---|---|
| इन्डोनेसिया | A देखि E सम्म ५ ओटा | २०,१२,१२,११, ४५ |
| इरान | A देखि E सम्म ५ ओटा | २०, १०,१०,५० |
| साउथ कोरिया | A+ देखि F सम्म ९ ओटा | ५ , ५,५,५,५,५,,५,५,५ ६० |
| अफगानिस्थान | A देखि F सम्म ७ ओटा | १०, १५, १५,५,५५ |
| मलेसिया | A देखि F सम्म ११ ओटा | ५, ५, ५, ५, ५, ५ ,५ ,५ ,५ ,५, ५, ३५ |
| पाकिस्तान | A+ देखि F सम्म ८ ओटा | १५,५, ५, ५, ५ ,५,१०, ५० |
| साउदी अरेबीया | A+ देखि F सम्म ८ ओटा | ५, ५, ५, ५, ५ ,५, ५,५, ६० |
| सिंगापुर | A देखि F सम्म ९ ओटा | २५, ५, ५, ५, ५, ५, ५, ५,४० |
| थाइल्याण्ड | A देखि F सम्म ८ ओटा | २०, ५, ५, ५, ५, ५, ५, ५, ४० |

स्रोत : विश्व मूल्यांकन पद्धति विकास प्रतिवेदन, २०७८

उल्लिखित तालिकामा केही देशको अभ्यासलाई हेर्दा वर्गान्तर ११ ओटासम्म रहेको देखिन्छ ।

माथिल्लो श्रेणीमा वर्गान्तर कम रहेको, माथिल्लो श्रेणीमा वर्गान्तर बढी रहेको, वर्गान्तर समान रहेको र तल्लो श्रेणीमा वर्गान्तर बढी रहेको सबै अवस्था प्रचलनमा रहेको पाइन्छ भने सबै देशमा न्यूनतम आधार श्रेणी निर्धारण गरेको देखिन्छ । सबै जसो देशमा न्यूनतम आधार श्रेणी शतप्रतिशतको एकतिहाइ र दुईतिहाइभित्र रहेको पाइन्छ । यी देशको अभ्यास हेर्दा न्यूनतम आधार श्रेणीभन्दा तगत्तै माथिल्लो वर्गान्तर चाहिँ तुलनात्मक रूपमा कम देखिन्छ । ग्रेडको व्याख्या गर्ने क्रममा न्यूनतम आधार श्रेणीभन्दा तलको सिकाइ उपलब्धिलाई अनुत्तीर्ण वा असन्तुष्टिदायक नतिजाका रूपमा व्याख्या गरेको देखिन्छ ( सिलवाल, २०७४) ।

| देश | तल्लो ग्रेड | प्राप्ताङ्क | व्याख्या |
|---|---|---|---|
| इरान | F | ५० | Fail |
| अफगानिस्तान | F | ५५ | Fail |
| मलेसिया | F | ३५ | Fail |
| पाकिस्तान | F | ५० | Failed |
| साउदी अरेविया | F | ६० | Failur |
| थाइल्याण्ड | F | ५० | Fail |

स्रोत : अन्तराष्ट्रिय मूल्याङ्कन परिषद्को २०७१

नेपालमा विभिन्न अध्ययन प्रतिवेदनहरूको राय, सुझावहरू तथा प्रचलित अन्तर्राष्ट्रिय अभ्यासलाई आत्मसात् गर्दै राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७१ असार ३० गते बसेको बैठकबाट सैद्धान्तिक निर्णय गरी सो परिषद्को २०७१ मङ्सिर २४ गते बसेको बैठकबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसी) मा अक्षराङ्कन पद्धति ( Letter Grading System) लागु गर्ने निर्णय भएअनुसार अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि तयार भई २०७२।०८।२३ मा जारी भयो । विद्यालय तहमा विद्यार्थी उपलब्धिको मापन तथा मूल्याङ्कनका लागि अक्षराङ्कन पद्धतिबारे अवधारणागत एकरूपता, कार्यान्वयनमा सहजता र स्पष्टता प्रदान गर्न विद्यमान अङ्क प्रणालीका सट्टामा वि.सं २०७१ देखि एसएलसी परीक्षामा प्राविधिक चारतर्फ करिब ७५०० विद्यार्थीमा लागु गरिएको अक्षराङ्कन पद्धति २०७२ मा साधारण, प्राविधिक र संस्कृत धारमा समेत लागु भयो र ९ वर्गान्तरमा श्रेणीकरण गरी उत्तीर्ण र अनुत्तीर्ण उल्लेख नगरी औसत ग्रेड प्वाइन्ट उल्लेख

भएको प्रमाण पत्र जारी गर्न थालियो । कक्षा ११ मा पनि वि.सं २०७४ देखि ९ वर्गान्तरयुक्त अक्षराङ्कनकन पद्धति लागु गरिएको छ । विद्यालय तहको पाठ्यक्रममा हाल अक्षराङ्कन गर्ने प्रक्रिया निम्नानुसार रहेको छ (नेपाल सरकार, राष्ट्रिय परीक्षा बोर्ड, २०७४) :

**आधारभूत तह**

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | A+ | उत्कृष्ट |

**माध्यमिक तह कक्षा ९-१२**

| क्र.सं. | प्राप्ताङ्कको वर्गान्तर (प्रतिशतमा) | ग्रेट वा तह वा श्रेणी | व्याख्या | स्तरीकृत अंक ( Grade Point) |
|---|---|---|---|---|
| १ | ९०-१०० | A+ | Outstanding | ४.० |
| २ | ८०-९० भन्दा कम | A | Excellent | ३.६ |
| ३ | ७०-८०भन्दा कम | B+ | Very Good | ३.२ |
| ४ | ६०-७० भन्दा कम | B | Good | २.८ |
| ५ | ५०-६०भन्दा कम | C+ | Satisfactory | २.४ |
| ६ | ४०-५० भन्दा कम | C | Accept able | २.० |
| ७ | ३०-४० भन्दा कम | D+ | Partially accptibel | १.६ |
| ८ | २०-३० भन्दा कम | D | Insufficient | १.२ |
| ९ | ०-२० भन्दा कम | E | Very Insufficient | ०.८ |

स्रोत : राष्ट्रिय परीक्षा बोर्ड, २०७६

यस अवधारणाका आधारमा लेटर ग्रेडिङ प्रणालीको प्रयोग विभिन्न देशहरुमा भएको सन्दर्भमा वि.सं. २०७१ सालमा प्राविधिक धार तर्फको एस.एल.सी. परीक्षामा नेपालमा पनि परीक्षणका रुपमा ९९ वटा विद्यालमया लागू गरिएको र साधारण तर्फ वि.सं. २०७२ सालको एस.इ.इ. परीक्षादेखि पूर्ण रुपमा लागू हुने गरी विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७१/०८/२३ मा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन

परिषद्बाट स्वीकृत भई लागू भइसकेको छ (घिमिरे, २०७६) ।

नेपालमा वि.सं. २०२८ मा नयाँ शिक्षा योजना लागु गर्दा उच्च शिक्षामा सेमेस्टर प्रणाली तथा विद्यालय तहको शिक्षामा ४० प्रतिशत आन्तरिक र ६० प्रतिशत बाह्य परीक्षाको आधारमा मूल्याङ्कन गर्ने अभ्यास गरियो । शिक्षाको मूल उद्देश्य नै व्यवहारमा सकारात्मक परिवर्तन गर्नु हो । ४० प्रतिशत विषयगत शिक्षकले ६० प्रतिशत लिखित परीक्षाको अंक छुट्याइएको थियो । यो वर्ष पछि विना कारण हटाइयो । विगतमा एस.इ.ई. परीक्षामा मूल्याङ्कनका थुप्रै प्रयासहरु हुँदै आएका छन् । नेपाल सरकारले ८ दशकपछि अक्षराङ्कन श्रेणीको आधारमा एस.एल.सीको मूल्याङ्कन गरेको छ । विगतमा विद्यालय शिक्षामा प्राप्ताङ्क १ देखि ३१ सम्म अनुत्तिर्ण र ३२ देखि ४४ सम्म तृतिय श्रेणी, ४५ देखि ५९ सम्म द्धितीय श्रेणी, ६० देखि ७९ सम्म प्रथम श्रेणी र ८० देखि १०० सम्म विशिष्ट श्रेणीमा वर्गीकरण गरिएको थियो । यसरी १ देखि ३१ सम्मको प्राप्ताङ्कलाई एउटै वर्गमा राखिनु न्यायोचित देखिदैन । यसरी विभाजीत श्रेणीको औचित्य पुष्टि गर्ने विस्तृत व्याख्या पनि थिएन । अक्षराङ्कन पद्धतिले यस्ता विसंगतीलाई सम्बोधन गरेको छ । जसलाई यसरी ग्रेडका किसिम र निर्धारणका आधारहरु तयार गरेको छ (गौतम र कोइराला, २०७३) ।

अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ लाई लागु गर्दै राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले विद्यालय तहमा विद्यार्थी उपलब्धी मापन तथा मूल्याङ्कनका लागि यो निर्णय गरेको छ । यसमा परीक्षार्थीको प्राप्ताङ्कको आधारमा ग्रेडको व्याख्या लब्धाङ्क पत्रमा गरिएको हुनाले प्राप्ताङ्क प्रतिशतभन्दा स्तरलाई आधार मानिएको हुन्छ । अक्षराङ्कन प्रणालीको अर्को पाटो भनेको शिक्षण सिकाइको तरिकामा परिवर्तन हो । घोकन्ते विद्याको विरोध हो । छलफल, खोज, सामुहिक कार्य, भ्रमण, प्रयोगात्मक अभ्यास, रुचि अनुसारको क्रियाकलाप, प्रदर्शन आदि तरिकाको प्रयोग गरी सिक्ने कुरामा जोड हो । व्यक्तिगत भिन्नताको सम्मान गर्नु हो । फरक क्षमताहरुको स्वीकारोक्ति र विकासको अवसर प्रदान गर्नु पनि हो । यसले शिक्षकलाई सहजकर्ता मान्छ । सरल र आनन्ददायक वातावरणमा पढ्ने कुराको वकालत गर्छ । शिक्षक र विद्यार्थीको सम्बन्धलाई बाबुआमासँगको जस्तो ठान्छ । यी कुराहरुबाट विद्यार्थीको समग्र पक्षको मूल्याङ्कन गरी औषत अङ्कमा देखाउनु यो प्रणालीको विशेषता हो । यी आन्तरिक पक्षहरुको सुदृढिकरण गरी विद्यार्थीको सिकाइमा गुणस्तर ल्याउनु र न्यायोचित मूल्याङ्कन गर्नु अक्षराङ्कन प्रणालीको मुख्य सार हो ।

यो पद्धतिको प्रारम्भ प्राविधिक धारबाट गर्ने तथा २०७२ देखि माध्यमिक तहका सबै परीक्षामा लागु गर्ने निर्णय गरी कार्यान्वयनमा लैजान सम्बद्ध निकायलाई निर्देशन दिए अनुरुप कामको थालनी भएको पाइन्छ । डी भन्दा तल्लो तहको विषयगत स्तरमा रहेका विद्यार्थीले आफूले चाहेको कुनै २ विषयमा पुनः मापन र मूल्याङ्कन गराउन चाहेमा पुरकझैँ ग्रेड वृद्धिको अवसर दिने र नयाँ उपलब्धिको प्रमाण पत्र दिने व्यवस्था गरिएको छ । २०७२ सालको नतिजा आएपछि परीक्षार्थीले विगत वर्षको मार्क्ससिटको सट्टा ग्रेडसिट पाउने व्यवस्था रहेको छ (पोखरेल, २०७३) ।

वि.सं. २०७२ सालको प्राविधिक धारतर्फको प्रवेशिका नतिजा प्रकाशित गर्दा तपसिलका आधारमा अङ्कलाई स्तरमा बाँडिएको थियो । ९० देखि १०० सम्म ए प्लस, ८० देखि ८९ सम्म ए, ६० देखि ७९ सम्म बि ,४० देखि ५९ सम्म सी, २५ देखि ३९ सम्म डी र २५ भन्दा कम अङ्क ल्याउनेलाई ई गरि छ ओटा भागमा विभाजन गरिएको थियो । तर, २०७३ सालको सबै किसिमका प्रवेशिका परीक्षाको नतिजा ९ ग्रेडमा गर्ने गरि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट २०७२ मंसीर २३ मा निर्णय भए अनुसार ९० देखि १०० सम्म ए प्लस, ८० देखि ८९सम्म ए,७० देखि ७९ सम्म बि प्लस , ६० देखि ६९ सम्म बि, ५० देखि ५९ सम्म सी प्लस, ४० देखि ४९ सम्म सी, ३०-३९ सम्म डी प्लस, २० देखि २९ सम्मलाई डी तथा १ देखि १९ सम्मलाई ई र शून्य अङ्क पाउनेलाई एन वा ननग्रेडिङ हुने भनिएकोमा २०७२ चैत ६ कार्यविधिमा पहिलो संशोधन भई तपसिलको परिवर्तन गरिएको देखिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७२) ।

| क.सं. | प्राप्ताङ्कको वर्गान्तर (प्रतिशतमा) | ग्रेट वा तह वा श्रेणी | व्याख्या | स्तरीकृत अंक ( Grade Point) |
|---|---|---|---|---|
| १ | ९०-१०० | A+ | Outstanding | ४.० |
| २ | ८०-९० भन्दा कम | A | Excellent | ३.६ |
| ३ | ७०-८०भन्दा कम | B+ | Very Good | ३.२ |
| ४ | ६०-७० भन्दा कम | B | Good | २.८ |
| ५ | ५०-६०भन्दा कम | C+ | Satisfactory | २.४ |
| ६ | ४०-५० भन्दा कम | C | Accept able | २.० |
| ७ | ३०-४० भन्दा कम | D+ | Partially accptibel | १.६ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०-३० भन्दा कम | D | Insufficient | १.२ |
| ९ | ०-२० भन्दा कम | E | Very Insufficient | ०.८ |

स्रोत : विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२

हालसम्म सरकारले शिक्षा क्षेत्रमा धेरै लगानी गरेतापनि माध्यमिक शिक्षा परीक्षामा सामुदायिक विद्यालयको न्युन उत्तीणाङ्क प्रतिशत र निजी विद्यालयमा उच्च उत्तीर्णाङ्क प्रतिशत हुने गरेको देखिएको छ । फुटबल खेल जति खेलेतापनि गोल नहानुन्जेल कुनै अर्थ हुँदैन भनेजस्तै विद्यार्थीको उपलब्धिमा सुधार नआएसम्म शिक्षामा गरिएको लगानी र कार्यक्रमको औचित्य रहदैन । एल.एल.सी. परीक्षालाई सुधार गर्न बेला बखतमा विभिन्न नीति तथा रणनीत अवलम्बन गरिदै आएको पाइन्छ । पहिला कक्षा ९ र १० को पाठ्यक्रमबाट प्रश्न सोधिन्थ्यो अहिले कक्षा १० को पाठ्यक्रमबाट मात्र परीक्षा लिने व्यवस्था छ । यस परीक्षाको प्रवधानलाई कानुनी रुपमा खारेज गरियो । प्रश्नपत्रलाई विकेन्द्रित गरेर विकास क्षेत्र अनुसार फरक फरक गरियो । त्यसै गरी अधिकांश विषयमा प्रयोगात्मक अंकबाट प्रतिशताङ्क उच्च बनाउने प्रयास गरियो । तैपनि उत्साहजनक अन्तर आएन । विद्यार्थीको विषयगत विज्ञताको पहिचान सोही अनुसार वस्तुनिष्ट स्तर निर्धारणका लागि अक्षराङ्कन मूल्याङ्कन पद्धति व्यहवारिक हुने अपेक्षा गर्न सकिन्छ (अधिकारी,२०७२) ।

अक्षराङ्गन पद्धति कार्यान्वयन कार्यविधि २०७५ का अनुसार क्रमशः शिक्षाका अन्य तह र कक्षामा समेत अक्षराङ्गन पद्धति कार्यान्वयन गर्दै ग्रेड कायम भएका प्रमाणपत्र जारी गरिने छन् । कुन किसिमको विषयको ग्रेड पाएको जनशक्तिले कुन कुन विषय वा तहमा भर्ना पाउने वा रोजगारीको अवसर पाउने भन्ने कुरा उद्देश्य र आवश्यकता हेरी शिक्षण संस्था र रोजगारदाता आफैंले तय गर्ने व्यवस्था मिलाएको पाइन्छ । यो प्रणाली लागु गर्दा शिक्षा मन्त्रालयले जे जति तयारी गर्नु पर्दथ्यो त्यसमा चुकेको देखिन्छ । औपचारिक शिक्षाको झण्डै सय वर्षको अभ्यासबाट एकाएक रुपान्तरण गरि विद्यालय तहको शिक्षालाई अक्षराङ्गन पद्धति कार्यान्वयनमा लैजाँदा राष्ट्रियस्तरको सम्मेलन वा सभा गरि राष्ट्रपति वा प्रधानमन्त्रीको मुखबाट घोषणा गराउनु पर्दथ्यो । शैक्षिक इतिहासमा फड्को मारिरहेको सन्देशका बाहक देशका सबै कार्यपालिका, व्यास्थापिका र न्यायपालिका तथा सम्पूर्ण संवैधानिक निकाय र सञ्चारजगतले एकसाथ जानकारी पाएको भए सुनमा सुगन्ध थपिन्थ्यो । अनावश्यक विवाद र भ्रम छर्नेहरुलाई मुखमा बुजो लगाउन सम्भव हुन्थ्यो । यसो गर्न पाएको भए शिक्षक, विद्यार्थी, अभिभावक र समस्त समाजलाई सचेत तथा सूसुचित नगरिएको भनी शिक्षाका

अनुभवीहरु नै बुच्पचाइ रहेको र अनर्गल प्रचारबाजीको सामना गर्न नपर्दो हो भन्ने मलाई लाग्दछ । घोषणा प्रक्रियामा केही कमजोरी हुँदा व्यापक अन्यौलता सिर्जना भएको र भ्रम सिर्जना गर्नेहरुलाई मौका लिलेको पाइन्छ ( अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि,२०७२) ।

देशको शिक्षा पद्धतिको मूल्याङ्कनका क्षेत्रमा आमूल परिवर्तनको संकेत दिने अक्षराङ्कन पद्धति विद्यालय तहबाट देशव्यापी प्रारम्भ गरिएको छ । यसका सकारात्मक पक्ष र चुनौतीका बारेमा जे जति जानकारी सरोकारवाला र देशका सबै प्रवुद्ध वर्गमा दिनु पर्दथ्यो, त्यो कार्यमा शिक्षा मन्त्रालय, यसका पदाधिकारी वर्ग जति मात्रमा सचेत र संवेदनशील देखिनु पर्दथ्यो त्यो पाइएन । जे भएपनि भ्रम सिर्जना गर्ने र धमिलो पानीमा माछा मार्नेहरुलाई शिक्षामा जीवन बिताएकाहरुले सकारात्मक रुपमा सबैले बुझ्ने भाषामा बुझाउनु जरुरी छ । हाम्रा विद्यार्थीहरु विद्यालयले लिने औपचारिक कक्षा १ देखि १० सम्मका २९ वटा परीक्षामा सफल हुने तर ३० औं पटकको प्रवेशिका परीक्षामा एकाएक असफल र नालायक सावित गरिदिने चलनले कतिपय अवस्थामा जीवननै गुमाउन पर्ने देखिन्थ्यो । यो अपराधि वा मानसिक दवाव वा तनावको अवस्थालाई सुधार्न र थप मेहनत गरे, गराए वा पछि पनि अगाडि बढ्न सकिन्छ । कुनै विषयमा कमजोर वा असफल हुँदैमा भोली र आजका कर्णधारले निराशामा जीवन बर्बाद गर्नु पर्दैन भन्ने सन्देश दिन सकेमा यो पद्धति मुलुकको समग्र विकास र समृद्धिमा रामबाण हुने देखिन्छ । सर्त चाहिँ विद्यालय, शिक्षक र अभिभावकले सानै उमेरदेखि सही मूल्याङ्कन र पृष्ठपोषण दिन सक्ने गुणात्मक वातावरण राज्यले दिन सकोस् र शैक्षिक क्षेत्रले पाओस् धारणा रहेको छ । यस अध्यनमा जाजरकोट जिल्ला कुशे गा.पा. अन्तर्गतका ५ वटा सामुदायिक विद्यालयको कक्षा १० मा अक्षरांकन पद्धतिका सम्बन्धमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा नभएकाले यस अध्ययनका सम्बन्धमा कक्षा दशमा अक्षरांकन पद्धति कार्यान्वयनको अवस्था कस्तो रहेको छ ? अक्षरांकन पद्धति कार्यान्वयनमा देखिएका समस्या के कस्ता रहेका छन् ? र अक्षरांकन पद्धतिमा देखिएका समस्यलाई कसरी समाधान गर्न सकिन्छ ? जस्ता प्रश्नहरुको खोजी गरी निष्कर्ष निकालिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा  विकासको आधारशिला हो । व्यक्ति, समाज र राष्ट्रको चौतर्फी विकासको लागि शिक्षालाई प्रमुख माध्यमको रुपमा लिइएको छ । सक्षम, उत्पादनशिल, आत्मनिर्भर, रोजगारमूलक, सिपमूलक, प्राविधिक र व्यवसायिक क्षमता भएको दक्ष जनशक्ति तयार गर्ने

दायित्व शिक्षाको हो । यसका लागि हरेक तहको विद्यार्थीहरुको मूल्याङ्कनमा अक्षरांक पद्धति लागु गरी विद्यार्थीको क्षमता अनुसारको ज्ञान, सिप, र धारणा विकास गर्नुपर्ने हुन्छ । विद्यार्थीको क्षमता अनुसारको ज्ञान, सीप र धारणा विकास गर्न, मूल्याङ्कन प्रंणालीमा सुधार गर्नुपर्ने हुन्छ । यसै प्रणालीको विकासको लागि अक्षरांक प्रद्धति महत्वपूर्ण पक्ष हो ।

अक्षराङ्कन पद्धतिको प्रयोग विधिका बारेमा सबै तहका सबै शिक्षक अभ्यस्त छैनन् । यसको औचित्यका बारेमा अभिभावक पनि यसका बारेमा उत्सुक भए पनि पूर्ण जानकार नभएको अवस्था छ । कक्षा ८, एसइई र कक्षा १२ को परीक्षाबाहेकका तहमा विद्यालयपिच्छे फरक विधिमा अक्षराङ्कन पद्धति अभ्यास गरिँदै आएको पाइन्छ अर्थात् एकरूपता देखिँदैन । एकरूपता नहुनुमा हरेक विद्यालयले आआफ्नो तरिकाले यसलाई व्याख्या गर्दै फरक फरक आइटी डेभलपरबाट सफ्टवेयर तयार गर्ने गरेका छन् । विद्यालयको अभ्यासलाई हेर्दा अक्षराङ्कनमा एकरूपता देखिँदैन । फरक फरक विद्यालयका तर कुनै एउटा कक्षाको नतिजा हेर्ने हो भने फरक फरक वर्ग र विधि देख्न पाइन्छ । कसैले विषयलाई मात्र ग्रेडसिटमा राख्ने गरेका छन् भने कसैले अतिरिक्त क्रियाकलापदेखि विद्यार्थीका व्यक्तित्वसम्मका कुरालाई समावेश गरेको पाइन्छ । हरेक विद्यार्थीको व्यवहार कुशल सिपलाई शिक्षकले उजागर गरिदिने खालका ग्रेडसिट पनि देख्न पाइन्छ ।

विद्यार्थीहरुमा सिकाइ अनुसारको नतिजा नदेखिने भएकाले पनि लेखाइका आधारमा प्राप्ताङ्क कति आयो त्यसको जानकारी नपाइने भएकाले पनि अक्षराङ्कन पद्धतिमा समस्या आउने गरेका छन् । विषयगत रुपमा पाएको ज्ञानका आधारमा नतिजा नदेखिने भएकाले पनि उनीहरुमा पढाइमा जागर र उत्प्रेरणा नआउने गरेको पाइयो । मूल्याङ्कन मानव जीवनको गर्भधान देखि मृत्यपर्यत्न चलिरहन्छ । विशेष गरेर शैक्षिक क्षेत्रमा त यसको महत्व झन बढी हुन्छ । शैक्षिक मूल्याङ्कन आज दैनिक क्रियाकलापमा मात्र सीमित छैन । यो ज्यादै फराकिलो भएको छ । उच्च स्तरका वैज्ञानिक पनि मूल्याङ्कन विना असम्भव भएका छन् । भौतिक विज्ञान, चिकित्सक विज्ञान, कृषि र वनविज्ञान, मानव शरीर विज्ञान, कम्प्युटर विज्ञान, शिक्षा र मनोविज्ञान, सामाजिक विज्ञान, प्रयोगात्मक विज्ञान आदि क्षेत्रमा समेत मूल्याङ्कन कार्य व्यापक भइरहेको आजको युगमा अक्षरांकन प्रणाली आवश्यकता मात्र नभएर माग समेत हुन पुगेको छ ।

तसर्थ माध्यमिक शिक्षा परीक्षामा प्रयोगमा ल्याइएको अक्षरांक पद्धतिले शैक्षिक मूल्याङ्कन प्रणालीलाई सुधारात्मक गतिमा अगाडि बढाएको भएतापनि विद्यार्थीमा अक्षरांकन पद्धतिको अवस्था कस्तो छ ? भौतिक पूर्वाधारको अवस्था के कस्तो छ ? विद्यार्थी नियमित आउँछन् कि आउँदैनन् ? विद्यार्थीको कक्षा छाड्ने अवस्था कस्तो छ ? शिक्षकको अक्षरांकन पद्धतिमा के कस्ता समस्या रहेका छन् ? र ती समस्या समाधान गर्न के के गर्नु पर्ला ? भन्ने विषय र सवालहरुलाई मुख्य समस्याको रुपमा खोजी गर्नका लागि "माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति" भन्ने अनुसन्धान विषय बनाइ अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययन उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. माध्यमिक शिक्षा कक्षा १० मा अक्षरांकन पद्धतिको अवस्था पहिचान गर्नु;

२. माध्यमिक शिक्षा कक्षा १० मा‌ा अक्षरांकन पद्धतिको लागु गर्दा देखिएका समस्याको खोजी गर्नु;

३. माध्यमिक शिक्षा कक्षा १० मा अक्षरांकन पद्धति प्रयोगका क्रममा देखिएका समस्या समाधानका उपायहरु सुझाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्न

प्रस्तुत शोधपत्रका निम्नलिखित अनुसन्धानात्मक प्रश्न रहेका छन् :

१. माध्यमिक शिक्षा कक्षा १० मा अक्षरांकन पद्धतिको अवस्था कस्तो रहेको छ ?

२. माध्यमिक शिक्षा कक्षा १० मा अक्षरांकन पद्धतिको लागु गर्दामा के कस्ता समस्या आएका छन् ?

३. माध्यमिक शिक्षा कक्षा १० मा अक्षरांकन पद्धति प्रयोगका क्रममा देखिएका समस्या समाधान गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ?

## १.५ अध्ययनको औचित्य

नेपालमा विद्यालय शिक्षाको सुरुवात भएदेखि नै लगातार एकै प्रकारको शिक्षण विधि र पद्धति प्रयोग भइरहेकोले विद्यार्थी मूल्याङ्कन पनि लामो समयसम्म एकै प्रकारबाट

चलिरहेको छ । ज्ञानको विस्फोटन भइरहेको तथा सूचना र सञ्चार क्षेत्रमा भएको परिवर्तन, विज्ञान र प्रविधिको क्षेत्रमा भएको परिवर्तनले गर्दा शिक्षा प्रणाली पाठ्यक्रम, पाठ्यवस्तु र शिक्षण विधिमा पनि परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भयो, जसले गर्दा परम्परागत रुपमा चल्दै आएको परीक्षा प्रणाली, मूल्याङ्कन पद्धति र परीक्षाबाट प्राप्त अंकलाई पनि समय सापेक्ष फरक ढङ्गले मापन गरी विद्यार्थी मूल्याङ्कनमा बढी विश्वसनियता कायम गर्नुपर्ने र विद्यार्थीले प्राप्त गरेको अंकको ठूलो फरकपनलाई एउटै हिसाबले व्याख्या गरिँदै आएकोले दक्षता, सिकाइ सक्षमतालाई बढी विश्वसनीय बनाउदै जानुपर्ने भएकाले यो अध्ययनले उक्त कुराको मापन गर्न केही सहयोग पुऱ्याउने अपेक्षा राखिएकाले यसलाई बढी सान्दर्भिक ठानिएको छ ।

माध्यमिक तह कक्षा १० मा अक्षराङ्कन पद्धति सम्बन्धी अध्ययनले नेपाल सरकार पाठ्यक्रम विकासक्रम अन्तर्गत मूल्याङ्कन विभागलाई विद्यार्थीको मूल्याङ्कनका बारेमा जानकारी र अक्षरांकन पद्धतिको कार्यान्वयनको पहिचान गर्न सहयोग गरेको छ । यस अध्ययनले विभिन्न विद्यालय तह तथा विभिन्न विषय विज्ञहरुलाई अक्षरांकन पद्धति अनुसार मूल्याङ्कन प्रणालीका सम्बन्धमा ज्ञान प्रदान गरेको छ । विद्यालय स्तरमा यस अध्ययनले विद्यार्थीलाई मूल्याङ्कन गर्ने तरिका, विधि र यसले विद्यार्थी तथा शिक्षकमा पार्ने सकारात्मक प्रभाव र उपयोगिताका सम्बन्धमा जानकारी दिन सहयोग गर्ने देखिन्छ । विद्यार्थीहरुलाई सिकाइका क्रममा अक्षरांकन पद्धतिबाट अभ्यास गर्न सजिलो, व्यवहारिक र गुणस्तरीय शिक्षा हासिल गर्न उपयोगी रहेको छ । शिक्षकहरुलाई अक्षरांकन पद्धतिले मूल्याङ्कन गर्न सजिलो, विद्यार्थीको कक्षा शिक्षण र शैक्षिक क्रियाकलाप गर्न र विद्यार्थीको नतिजा संकलन गर्न सहयोग हुने देखिन्छ । विद्यालयमा प्र.अ.हरुका लागि यस अध्ययनले अक्षरांकन पद्धतिको प्रक्रियावद्ध रुपमा शिक्षक विद्यार्थीको सन्तुलनमा रही सिकाइ प्रक्रिया गर्न र गराउन सहयोग गर्नुका साथै सबै विद्यार्थीलाई समान रुपमा सिकाउन र विद्यार्थीको सहभागितामा निरन्तरता दिन, मूल्याङ्कन गर्न र अभ्यासात्मक कार्य गर्न, योजना बनाउन समेत सहयोग गर्नेछ । तसर्थ यस अध्ययनले विद्यार्थीहरुका अभिभावकलाई स्तर वृद्धि गर्नाका लागि आफ्ना नानीहरुको बानी व्यहोरादेखि सिकाइका व्यवहारिक पक्षसँग समेत जानकारी प्रदान गर्न प्र.अ., वि.व्य.स. र प्रशासकलाई सिकाई उपलब्धिको ज्ञान भई प्रगति पथमा अगाडि बढाउन सहयोग गर्ने भएकाले औचियत्यपूर्ण रहेको छ ।

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन कर्णाली प्रदेश, जाजरकोट जिल्ला कुशे गा.पा. अन्तर्गतका जम्मा ८ वटा सामुदायिक माध्यमिक विद्यालय मध्ये ५ वटा सामुदायिक माध्यमिक विद्यालय (थर्पु मा.वि. कुशे ५ ढिमे, पशुपति मा.वि. कुशे ५, दमदला, लक्ष्मी प्राप्ति मा.वि. कुशे ५, खुर्पा, दिपेन्द्र मा.वि. गरङ्गा, जनता मा.वि. पैँक) मा मात्र सीमित गरिएको छ । यस अध्ययनमा कक्षा १० माध्यमिक शिक्षा परीक्षामा अक्षरांकन पद्धतिको अवस्थासँग मात्र सम्बन्धित रहेको छ । यस अध्ययनका उत्तरदाताको रुपमा अध्ययन  क्षेत्रका सामुदायिक मा.वि.का प्र.अ., शिक्षक, अभिभावक र कक्षा १० का विद्यार्थीमा सीमित गरिएको छ । यस अध्ययनमा प्रश्नावली, अवलोकन फाराम र अन्तरवार्ता सूचीका आधारमा तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ ।

## १.७ विशेष शब्दावलीको कार्यगत परिभाषा

विद्यालय : जाजरकोट जिल्ला कुशे गा.पा. का सामुदायिक माध्यमिक विद्यालयलाई बुझ्नु पर्नेछ ।

शिक्षक : शिक्षक भन्नाले जाजरकोट जिल्ला कुशे गा.पा. विद्यालयका सम्पूर्ण कार्यरत शिक्षक भनी बुझ्नु पर्नेछ ।

मूल्याङ्कन : विद्यार्थीले हासिलगरेको सिकाइ उपलब्धि र व्यवहारको निरीक्षण र अनुगमन प्रक्रिया भन्ने बुझिन्छ ।

प्रभावकारिता : "प्रभावकारिता" भन्नाले मूल्याङ्कनको प्रयोगबाट विद्यार्थीहरुमा परेको सकारात्मक प्रभाव ।

तालिम : "तालिम" भन्नाले कुनै पनि संघ, संस्थाले कार्यक्षमतालाई वृद्धि गर्ने कार्यक्रम ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका

## २.१ सम्बन्धित सैद्धान्तिक साहित्यको पुनरावलोकन

यस शोध अध्यययनको शीर्षकसँग सम्बन्धित विभिन्न विद्वानका प्रतिपादित सिद्धान्तहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**स्काइभेन** (सन् १९६७) : **सुधारात्मक र निर्णयात्मक सिद्धान्त**

उल्लेखित सिद्धान्तमा स्काइभेनले लक्ष्य र उद्देश्य प्रति ध्यान आकर्षण, मूल्याङ्कनको लक्ष्य र भूमिकाभन्दा प्रक्रिया मूल्याङ्कन तुलनात्मकभन्दा तुलना विहीन मूल्याङ्कन, आन्तरिक प्रभाव मूल्याङ्कनभन्दा बाह्य मूल्याङ्कन, लक्ष्य सापेक्षभन्दा निरपेक्ष मूल्याङ्कनमा जोड दिएका छन् । प्रभावभन्दा प्रक्रिया मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कन भन्दा सुधारात्मक मूल्याङ्कनलाई जोड दिएका छन् । कार्यक्रमको लक्ष्यको आधारमा वा लक्ष्य कति प्राप्त भयो भन्ने निर्धारण गर्न गरिने मूल्याङ्कनलाई  सापेक्ष र कार्यक्रमको उद्देश्य अलवा कार्यक्रमको सम्पूर्ण प्रभावबारे मूल्याङ्कन गरिन्छ भने त्यसलाई लक्ष्य निरपेक्ष मूल्याङ्कन भनी प्रथम पटक फरक छुट्याउने काम स्काइभेनले गरेका छन् (खनाल, २०६६) ।

तसर्थ उक्त स्काइभेनको सिद्धान्तले उपलब्धि मूल्याङ्कनमा अक्षराङ्कन पद्धतिको प्रयोगले अक्षरांकन पद्धतिमा पारेको प्रभावको सापेक्ष र निरपेक्ष मूल्याङ्कनका लागि कक्षाकोठा भित्र लक्ष्य सापेक्ष उपलब्धिहरू र निरपेक्ष उपलब्धिहरू के कति प्राप्त भए भनी मूल्याङ्कन गर्न सहयोग गरेको छ । विद्यार्थीहरूले सूचकका आधारमा प्राप्त उपलब्धिहरू पत्ता लगाई सो उपलब्धिलाई व्याख्या गर्न सहयोग गर्ने भएकाले यस सिद्धान्तलाई आधार बनाइएको छ ।

**स्टफलविम** (सन् १९७१) : **मूल्याङ्कन सम्बन्धी सिद्धान्त**

यस सिद्धान्त अनुसार मूल्याङ्कन भन्नाले वैकल्पिक  निर्णयहरुको छनोट गर्न उपयोगी सूचनाहरुको व्याख्या गर्ने, छनोट गर्ने र प्रदान गर्ने प्रक्रिया हो । यस परिभाषा अनुसार मूल्याङ्कनमा निम्न विशेषताहरु हुनु पर्दछ ।

- मूल्याङ्कनको प्रमुख उद्देश्य प्रमाणित गर्नु नभई सुधार गर्नु हो ।

- मूल्याङ्कनको प्रमुख कार्य वैकल्पिक निर्णय प्रक्रियामा सहयोग गर्नु हो ।
- मूल्याङ्कनमा सूचनाहरुको संकलन व्याख्या र सूचनाहरु प्रदान गर्ने जस्ता ३ वटा कार्यहरु गरिनु पर्दछ ।
- मूल्याङ्कन कर्ता र निर्णयकर्ताहरु बीचको सहकार्यबाट मूल्याङ्कन अगाडि बढाउनु पर्दछ ।

CIPP नमुनाले चार प्रकारका मूल्याङ्कनहरु, चार प्रकारका निर्णयहरु र चार प्रकारका निर्णयका अवस्थाहरु प्रस्तुत गरेको छ । उनले प्रस्ताव गरेका चार प्रकारका मूल्याङ्कनको र प्रत्येक प्रकारका मूल्याङ्कनबाट लिने निर्णयहरु यस प्रकार छन् ।

- परिवेश मूल्याङ्कन : योजना सम्बन्धी निर्णय
- लगानी मूल्याङ्कन : संरचना सम्बन्धी निर्णय
- प्रक्रिया मूल्याङ्कन : कार्यान्वयन सम्बन्धी निर्णय
- उत्पादन मूल्याङ्कन : पुर्नवेश सम्बन्धी निर्णय

शैक्षिक कार्यक्रमको मूल्याङ्कनलाई परिवेश, लगानी, प्रक्रिया र प्रतिफल आदि प्रकारहरुमा सञ्चालन गरी तिनीहरुबाट चारै प्रकारका निर्णयहरु निकाल्न सहयोग गर्दछ भन्ने आधारलाई प्रतिपादन गरेका थिए । यसमा कार्यक्रमको परिवेश लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी ति कार्यक्रमहरुलाई पुरा गर्नका लागि कस्तो योजनाको आवश्यक पर्छ ? समय तालिका र खर्चको व्यवस्था कस्तो हुनुपर्छ ? आदि जस्ता कुराहरुको पहिचान र जाँच गरी लगानी मूल्याङ्कनका लागि उपलब्ध स्रोत, साधन, सक्षमता, समय र खर्च आदिको विश्लेषण गरिन्छ । त्यसपछि कार्यक्रम कसरी प्रक्रियागत ढंगबाट सञ्चालन भइराखेको छ । यस सम्बन्धी निर्णय लिइन्छ । प्रक्रियागत ढाँचाहरु कसरी संचालन भइराखेका छन् ? त्यसमा कस्ता बाधाहरु रहेका छन् ? तीनिहरुलाई कसरी सुधारात्मक रुपमा लैजानु पर्छ ? कार्यक्रम कार्यन्वयन भइसकेपछि परिणाम कस्तो प्राप्त भयो ? उत्पादनले कार्यक्रम सञ्चालनको आवश्यकलाई कति सदुपयोग गर्न सक्यो उद्देश्य  अनुसार उत्पादन मेल खान्छ वा खाँदैन ? आदि जस्ता प्रश्नहरुको आधारमा उत्पादनको व्याख्या वा लेखा जोखा गरी लिइने पुनरनिवेश सम्बन्धी निर्णयले उत्पादनलाई उद्देश्य सँग दाँजी कार्यक्रमले पूरा गर्न नसकेका कार्यहरुलाई अब कसरी पुरा गर्ने भन्ने बारेमा सहयोग गर्दछ (भट्ट, २०६८) ।

सिकारुलाई तयार गरिएको एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराउनु पर्ने भन्ने कुराको अध्ययन गर्नको लागि यो सिद्धान्तलाई आधार मानिएको छ । यो सिद्धान्त अनुसार कुनै पनि कुरा सिक्न सिकारु तत्पर हुनुपर्दछ । सिकारु तत्पर छ र निरन्तर अभ्यास पनि छ भने सिकाइ प्रभावकारी हुन्छ । मूल्याङ्कन एक पटक मात्र नगरेर विद्यार्थीले तत्काल सिकाइ क्रममा देखाउने प्रतिक्रियाको आधारमा यसका हरेक क्रियाकलापको मूल्याङ्कन गर्दै जानु पर्दछ । तसर्थ अभ्यासबाट गल्ती घट्ने तथा पुर्नबलले सही प्रतिक्रिया देखाउन प्रेरित गर्दछ । जसले गर्दा विद्यार्थीको सिकाइ कार्यमा निरन्तर अभ्यास हुन पुग्छ र विद्यार्थीको सिकाइ प्रक्रियामा प्रभाव पारी सिकाइप्रति बढी रुचि बढ्ने गर्दछ ।

यसरी माथि उल्लेखित सिद्धान्त अनुसार अक्षरांकन पद्धति कार्यान्वयन गर्दा सिकारु विद्यार्थीहरुमा निरन्तर अभ्यास कार्य गर्न र सिकाइ प्रक्रियामा निरन्तरता प्रदान गर्नकालागि पनि अक्षरांकन पद्धति प्रभावकारी हुने देखिन्छ । मूल्याङ्कन निरन्तर रुपमा भएमा विद्यार्थी वा सिकारु तत्पर भई उत्प्रेरणामा बल पुग्ने भएकाले पनि अक्षरांकन पद्धतिले पनि निरन्तर मूल्यांकन गर्ने भएकाले सिकारु प्रतिको सिकाइमा प्रभाव पर्ने भएकाले यस सिद्धान्तको उपयोग गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकारी, (२०७०) शिक्षण सिकाइमा निर्माणात्मक मूल्याङ्कनको प्रभाव शीर्षकमा गरिएको अध्ययनमा निर्माणात्मक मूल्याङ्कनको प्रभावको लेखाजोखा गर्नु, निर्माणात्मक मूल्याङ्कनका प्रभावकारिताको विश्लेषण गर्नु मूख्य उद्देश्यमा राखिएको छ । निर्माणात्मक मूल्याङ्कनको महत्वपूर्ण कुरा भनेको समयमा कमजोरी पत्ता लगाई क्षति रोक्ने काम गर्नु हो । यस अनुसन्धानमूलक अध्ययनमा प्राथमिक र द्वितीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानमा पर्याप्त पृष्ठपोषण प्रदान गर्नुका साथै शिक्षक र विद्यार्थी बीचको सम्बन्ध बढाउन महत्वपूर्ण भूमिका खेल्दछ । योजना वा कार्यक्रमको अवधि मै कमी कमजोरी पत्ता लगाई तिनको न्यूनता वा निराकरण गर्न सकेमा मात्र योजना कार्यक्रम सफल हुन सक्छन् । यस्तो प्रकारको मूल्याङ्कन योजना वा कार्ययोजना भित्रको व्यक्तिहरूबाट आन्तरिक रुपमा गर्नु उपयुक्त हुन्छ । यस मूल्याङ्कनले उद्देश्य प्राप्तिका लागि महत्वपूर्ण भूमिका खेल्दछ । यो शिक्षण सिकाइ प्रक्रियामा नभई नहुने मूल्याङ्कन हो ।

उल्लेखित अनुसन्धानमा निर्माणात्मक र निर्णयात्मक मूल्यांकनका सम्बन्धमा उल्लेख गरिएको भएतापनि कक्षा १० को अक्षरांकन पद्धतिका सम्बन्धमा उल्लेख गरिएको छैन तसर्थ उक्त अध्ययनले यस अनुसन्धानमा अक्षरांकनका सम्बन्धमा जानकारी दिन सहयोग गर्ने भएकाले उक्त अनुसन्धानलाई समीक्षा गरिएको छ ।

गिरी, (२०७१) नेपालमा एस.एल.सी. परीक्षामा अक्षराङ्कन पद्धति प्रतिको धारणा शीर्षकमा एक अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य एस.एल.सी. परीक्षामा अक्षराङ्कन पद्धतिको अवस्था पहिचान गरी अक्षराङ्कनमा देखिएका समस्या र समाधानका उपायहरुको खोजी गर्नु मुख्य उद्देश्यमा आधारित रहेको छ । यस शोधमा वर्णनात्मक अध्ययन विधि अपनाइ कक्षा दसमा अध्ययनरत विद्यार्थीलाई नमुना छनोट गरिएको छ । यस अध्ययन अनुसार विभिन्न क्याम्पस, विश्वविद्यालय, प्र.अ. तथा विभिन्न शिक्षक, विद्यार्थी र अभिभावकको सहभागिता रहेको थियो । यस अनुसन्धान अनुसार अक्षराङ्कन पद्धतिको नमुना परीक्षणको लागि ४ वटा क्षेत्रमा एस.एल.सी. परीक्षा सञ्चालन गरिएको उल्लेख गरिएको छ । यस अनुसार सबै तहमा एस.एल.सी परीक्षा प्रभावकारी रुपमा सञ्चालन भएको निष्कर्ष निकालिएको छ ।

यस अध्ययनले नेपालमा अक्षराङ्कन पद्धतिको बारेमा अध्ययन गरिएको भएकाले कक्षा १० को अक्षरांकनका बारेमा आएका समस्याको अध्ययन गर्न उक्त अध्ययनलाई पूर्वकार्यको रुपमा समीक्षा गरिएको छ ।

लम्साल, (२०७२) 'प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन' शीर्षकमा अनुसन्धान गरिएको छ । यस शोधपत्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था पहिचान गर्नु, निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा देखिएका समस्याको खोजि गरी समाधानका उपाय अपनाउनु जस्ता उद्देश्य राखिएको छ । यस शोधपत्रमा जम्मा २० जना विद्यार्थीको अध्ययन क्षेत्रीय विधिबाट गरिएको छ । गुणात्मक र परिमाणात्मक ढाँचामा तयार गरिएको यस शोधमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर निर्धारण गरी थप सिकाइका लागि मार्गनिर्देश गर्न मूल्याङ्कनको आवश्यकता पर्दछ । निश्चित समयावधिमा विद्यार्थीहरुले के कति सिके वा जाने भनेर पत्ता लगाई नजानेका विषयमा सोध्ने र पुन : सिक्ने अवसर प्रदान गरी शिक्षण सिकाइ क्रियाकलाप सँगै निरन्तर रुपमा गरिने मूल्याङ्कनलाई नै उदार कक्षोन्नति भनिन्छ । प्राथमिक तहमा विद्यार्थीहरुको उमेर सानो हुनु तथा उनीहरु भर्खर मात्र विद्यालय

आउने भएकोले उनीहरुलाई विद्यालयमा टिकाइ राख्ने एउटा मुख्य चुनौति एकातिर छ भने अर्कोतिर उनीहरुको मूल्याङ्कन गरी स्तर निर्धारण गर्नु महत्वपूर्ण समस्या शिक्षकको सामू उभिएको छ । शिक्षकहरुले निम्न अनुसार प्रक्रिया अवलम्बन गर्नुपर्ने आवश्यक देखिन्छ । कक्षागत सिकाइ उपलब्धि र उपलब्धिका सूचकहरु निर्माण गरी त्यसको आधारमा मूल्याङ्कन गर्दै विद्यार्थीको प्रत्येक कार्य सुनाइ, बोलाइ, पढाइ, लेखाइ, गणितिय काम र अन्य व्यवहारिक परिवर्तन प्राप्त हुन नसकेको अवस्थामा सिकाइ उपलब्धि क्रमशः हासिल गर्न लगाउने वातावरण बनाउनु पर्दछ । साथै विद्यार्थीहरुलाई कक्षाकार्य, कक्षा बाहिरका कार्य र व्यवहार परिवर्तन आदि सबै पक्षको अभिलेख पोर्टफोलियोमा चढाइ त्यसैको आधारमा मूल्याङ्कन गरिनु पर्दछ । कक्षा संचालन भइरहेको अवस्थामा भएका र देखिएका कमी कमजोरीहरु सुधार गरी समय र लगानीको नोक्सानी रोक्न निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइ विद्यार्थीहरुलाई कक्षोन्नति गर्नु पर्दछ ।

प्रस्तुत शोधपत्रमा प्राथमिक तहमा मूल्यांकन पद्धतिको बारेमा उल्लेख गरिएकाले यस अध्ययनमा कक्षा १० को अक्षरांकन मूल्यांकन पद्धतिमा आइपरेका समस्या समाधानका बारेमा जानकारी दिन सहयोग गर्ने भएकाले समीक्षा गर्न सान्दर्भिक रहेको छ ।

शाही (२०७३) “आधारभूत तहमा कक्षोन्नोतिको प्रभावकारिता” शीर्षकको प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनको मुख्य उद्देश्य आधारभूत तहमा उदार कक्षोन्नती कार्यान्वयनको अवस्था पहिचान गर्नु, उदार कक्षोन्नोती कार्यान्वयनको प्रभावकारिताको विश्लेषण गर्नु रहेका छन् । यो प्रतिवेदन क्षेत्रीय र पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेको छ । विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुग्ने, शिक्षक विद्यार्थीको निकट सम्बन्ध रहने, बालविद्यार्थी मैत्री शिक्षा दिन सकिने, डरत्रास मान्ने प्रवृत्तिमा कमी आइ पठनपाठनमा भन्दा पनि बोल्ने बानीको विकास हुने भएतापनि अध्ययन कार्यमा लापरवाही गर्ने, कमजोर बौद्धिकस्तर भएका विद्यार्थीहरु उत्तीर्ण हुन सक्ने तथ्य फेल परेको भेटियो । तर सबै विद्यार्थीको चाहना, रुचि, इच्छा, क्षमता, एउटै नहुने हुन्छ । तसर्थ विद्यार्थीका ती इच्छा, चाहना, रुचि, क्षमता अनुसार विद्यार्थीले पठनपाठन अगाडि बढाउन सक्ने हुन्छन । आधारभूत तहमा कक्षोन्नती सम्बन्धी विभिन्न तथ्य फेल परेपनि माध्यमिक तहमा भने मूल्याङ्कनको अक्षरांक प्रणाली प्रभावकारी हुने नै देखिन्छ ।

यस अनुसनधानमा आधारभूत तहको कक्षोन्नती प्रक्रियाका सम्बन्धमा उल्लेख गरिएकाले यस अध्ययनमा कक्षा १० को कक्षोन्नती प्रक्रियाका बारेमा जानकारी दिन सहयोग गर्ने भएकाले उपयोगी रहेको छ ।

अधिकारी, (२०७३) ले गरेको अक्षराङ्कन पद्धतिप्रति अंग्रेजी शिक्षकको धारणा शीर्षकको शोध अध्ययन गरिएको छ । यस शोध अध्ययनमा माध्यमिक तहका शिक्षकहरुको अक्षराङ्कन पद्धतिको धारणा पत्ता लगाउनु, माध्यमिक तहमा अक्षराङ्कन पद्धतिको प्रयोगको स्थिति पहिचान गर्नु जस्ता उद्देश्यहरु राखिएको थियो । यस शोधपत्रमा सुर्खेत जिल्लाका सामुदायिक र संथागत विद्यालयका जम्मा ६० जना विद्यार्थीहरुलाई नमुनाको रुपमा लिई परिमाणात्मक ढाँचामा क्षेत्रीय विधिको प्रयोग गरी अध्ययन गरिएको छ । यस शोधपत्रको निष्कर्षमा यस अध्ययनमा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा अक्षराङ्कन पद्धतिको प्रयोग प्रभावकारी रहेको र सामुदायिक विद्यालयमा यस प्रतिको धारणा शिक्षकहरुको सकारात्मक रहेको देखाइएको छ ।

सामुदायिक विद्यालयमा अक्षरांकन पद्धतिप्रति शिक्षकको धारणाको बारेमा जानकारी दिइएकाले उक्त शोधले यस अध्ययनको अक्षरांकन पद्धतिको परिचय र अवस्थाका बारेमा अध्ययन गर्न सहयोग पुगेकाले समीक्षा गरिएको छ ।

चन्द, (२०७३) "आधारभूत तहमा उदार कक्षोन्नोतिको प्रभावकारिता" शीर्षकको अध्ययन गरिएको छ । यस शोधका उद्देश्य आधारभूत तहमा उदारकक्षोन्नतीको अवस्था पहिचान गरी उदारकक्षोन्नतीमा देखिएका समस्याको खोजी गर्नु र समाधानका उपाय अपनाउनु रहेका छन् । यस अनुसन्धानमा प्राथमिक र द्धितीय स्रोतको आधारमा तथ्यांक संकलन गर्न प्रश्नावली र अवलोकन फारामलाई मुख्य साधनको रुपमा प्रयोग गरी अध्ययन गरिएको छ । उक्त शोधमा विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुग्ने, शिक्षक विद्यार्थीको निकट सम्बन्ध रहने, बालविद्यार्थी मैत्री शिक्षा दिन सकिने, डरत्रास मान्ने प्रवृत्तिमा कमी आइ पठनपाठनमा भन्दा पनि बोल्ने बानीको विकास हुने भएतापनि अध्ययन कार्यमा लापरवाही गर्ने, कमजोर बौद्धिकस्तर भएका विद्यार्थीहरु उत्तीर्ण हुन सक्ने तथ्य फेल परेको भेटियो । तर सबै विद्यार्थीको चाहना, रुचि, इच्छा, क्षमता, एउटै नहुने हुन्छ । तसर्थ विद्यार्थीका ती इच्छा, चाहना, रुचि, क्षमता अनुसार विद्यार्थीले पठनपाठन अगाडि बढाउन सक्ने हुन्छन ।

आधारभूत तहमा कक्षोन्नती सम्बन्धी विभिन्न तथ्य फेल परेपनि माध्यमिक तहमा भने मूल्याङ्कनको अक्षराङ्कन प्रणाली प्रभावकारी हुने नै देखिन्छ ।

उक्त अनुसनधानमा उदार कक्षोन्नती मूल्यांकन पद्धतिका बारेमा उल्लेख गरिएकाले यस अध्ययनमा पनि शिक्षण सिकाइमा अक्षरांकन पद्धतिको प्रभाव र प्रयोगबारे अनुसन्धान गर्न उपयोगी भएकाले पुनरावलोकनमा राखिएको छ ।

लामिछाने, (२०७४) "उदार कक्षोन्नति नीतिको कार्यान्वयनको अवस्था र प्रभाव" शिर्षकमा गरिएको शोधपत्रमा उदार कक्षोन्नतिको कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नु, उदार कक्षोन्नती नीति कार्यान्वयनको प्रभावकारिताको विश्लेषण गर्नु र उदार कक्षोन्नति नीति कायान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु पत्ता लगाउनुमा यो शोध केन्द्रित गरिएको छ । सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाको लाटिकोइली स्रोतकेन्द्र अन्तर्गतका छनोटमा परेका ५ वटा आधारभूत तह (कक्षा १-३) सञ्चालनमा रहेका विद्यालयहरु छनोट गरी प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकसँग प्रत्यक्ष भेटघाट, प्रश्नावली, छलफल, अन्तरवार्ता, लक्षित समूह निर्देशिका, अवलोकन फाराम र रुजुसूची आदिका माध्यमद्वारा प्राथमिक सूचना संकलन गरिएको छ । त्यसैगरी जि.शि.का., स्रोतकेन्द्र, विद्यालय, अन्य संघसंस्था आदिबाट पुस्तक, पत्रिका, शोधपत्र आदि द्वितीय सूचनाका माध्यमद्वारा प्राप्त सूचना तथा जानकारीलाई व्याख्यात्मक र विश्लेषणात्मक ढाँचामा व्याख्या गरिएको छ । यस शोधमा मिश्रित विधिको प्रयोग गरिएको छ । विद्यालयमा विद्यार्थीलाई कक्षोन्नति गर्दै कमजोर विद्यार्थीहरुलाई थप पृष्ठपोषण गरी अघिल्लो कक्षाका सिकाइ उपलब्धीहरु हासिल गराइएको पाइयो । उदार कक्षोन्नति नीति कार्यान्वयन भए पश्चात विद्यार्थीहरुको भर्ना दर बढेको र बिचैमा कक्षा छाड्ने दर घटेको पाइयो । साथै परीक्षामा सम्मिलित भई कक्षोन्नति हुने दर पनि बढेको पाइयो । उदार कक्षोन्नति नीतिको कार्यान्यवनले गर्दा माथिल्लो कक्षामा पुग्दा कठिन हुने भएको, उदार कक्षोन्नति कार्यान्वयन सम्बन्धमा शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने कार्यसञ्चयिका अभिलेख अध्यावधिक गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

उल्लेखित शोधपत्रमा उदार कक्षोन्नती मूल्यांकन पद्धतिका बारेमा उल्लेख गरिएकाले यस अध्ययनमा पनि शिक्षण सिकाइमा अक्षरांकन पद्धतिको प्रभाव र प्रयोगबारे अनुसन्धान गर्न उपयोगी भएकाले पुनरावलोकनमा राखिएको छ ।

थापा, (२०७७) “उपलब्धि मूल्याङ्कनमा अक्षराङ्कन पद्धतिको प्रयोगले विद्यार्थीहरुको विज्ञान विषयको सिकाइमा पारेको प्रभाव” शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनमा विज्ञान विषयका विद्यार्थीहरुको उपलब्धि मूल्याङ्कनका लागि अक्षराङ्कन पद्धति कार्यान्वयनको अवस्था पहिचान  गर्नु, विज्ञान विषयको सिकाइ मूल्याङ्कनमा अक्षराङ्कन पद्धतिले विद्यार्थीको सिकाइमा पारेको प्रभाव पत्ता लगाउनु, विज्ञान विषयको सिकाइका लागि अक्षराङ्कन पद्धतिको मूल्याङ्कनमा देखिएका समस्याहरु पत्ता लगाई  समाधानका उपायहरुको खोजी गर्नु रहेका छन् । नेपालको वर्तमान संघिय संरचना अनुसार सात ओटा प्रदेशमध्ये कर्णाली प्रदेश अन्तर्गत पर्ने दैलेख जिल्ला दुल्लू न.पा. अन्तर्गत साविक मालिका स्रोतकेन्द्रमा पर्ने सामुदायिक विद्यालयहरु यस अध्ययनको क्षेत्रका रुपमा रहेका छन् । उक्त विद्यालयका विद्यार्थीहरु, तिनका आभिभावक, प्र.अ. र शिक्षकहरु अध्ययनका जनसंख्याका रुपमा रहेका छन् ।  अक्षराङ्कन प्रणाली केही फरक र नयाँ आयम भएकोले सुरु सुरुमा अन्यौलता सिर्जना भएको तर विद्यार्थीको क्षमता अनुसारको उच्च शिक्षा तथा प्राविधिक शिक्षा हासिल गर्नपाउने भएकोले विगतको अंकन प्रणाली भन्दा धेरै राम्रो रहेको र यसले विद्यार्थीको समस्याको रुपमा रहेको खेल भन्ने शब्द हटेकोले विद्यार्थीको हौसला बढेको पाइयो । साथै सरोकारवालाले अक्षराङ्कन प्रणलीमा आएका समस्याहरुलाई निराकरण गर्नुपर्ने कदमहरु चाल्नुपर्ने देखियो । अक्षरांकन सम्बन्धी तालिम व्यवस्थापन गर्न र सिकाइ क्रियाकलापमा बढोत्तरी गर्न, विद्यालयको शैक्षिँक गतिविधि उकास्न र तालिमले शिक्षण सिकाइ उपलब्धिमा पार्ने प्रभावलाई मापन गर्न नीति निर्माण गर्नुपर्ने देखिन्छ । जि.शि.स.इ. अन्तर्गत शिक्षा विभाग र प्रदेश सरकार र स्थानीय शिक्षा शाखाहरूले नियमित अनुगमन गरिनुपर्ने नीति ल्याउनुपर्दछ । स्थानीय निकायले शिक्षकहरुले पाउदै आएको सुविधालाई समय, राष्ट्रिय, अर्न्तराष्ट्रिय परिवेश अनुसार सुहाउदो बनाउनु पर्ने,  शिक्षक सेवामा प्रवेश गर्न शिक्षक लाइसेन्सका साथै तालिमलाई अनिवार्य रुपमा लागू गर्नुपर्ने, इमान्दार शिक्षँकलाई मननोवल उच्च राख्न उत्प्रेरणा र पुरस्कारको व्यवस्था गर्नुपर्ने नीति ल्याउनुपर्ने निष्कर्ष निकालिएको छ ।

यस अध्ययनमा उपलब्धि मूल्यांकनमा अक्षरांकन पद्धतिको सम्बन्धमा अनुसन्धान गरिएकाले उक्त अनुसन्धान अक्षरांकन पद्धतिस□ग सम्बन्धित रहेको छ । यसले गर्दा कक्षा १० को

अक्षरांकनको परिचय र पद्धति प्रयोगमा आएका समस्या समाधानका लागि सहयोग पुगेकाले अनुसन्धानमा यस अध्ययनको समीक्षा गरिएको छ ।

कुमार, (२०७८) ग्रेडिङ प्रणाली र यसको प्रभावकारिता लेखमा यसको प्रयोगको अवस्था पहिचान गर्नु र कार्यान्वयनका क्रममा देखा परेका समस्याको खोजि गर्नु जस्ता उद्देश्य राखि लेख तयार गरिएको छ । यस लेखमा अनुसन्धानमूलक रहेकाले प्रश्नावली विधिमा नै मूलतः केन्द्रित रहेको छ । ग्रेडिङ प्रणाली विद्यार्थीको शैक्षिक प्रदर्शनको गुणस्तरीय तहको लागी एक विश्वव्यापी अभ्यास प्रणाली हो । यसले एक विद्यार्थीको अन्तरसिकाइलाई ग्रेडको निरन्तरतामा रूपान्तरण गर्दछ । जुन व्यक्तिको मूल्याङ्कनको लागि आवश्यक छ र विद्यार्थीको सिकाइको विभिन्न क्षेत्रमा उपलब्धिहरूको प्रदर्शनको साथसाथै तिनीहरूको लक्ष्य उपलब्धि , सामान्यतया, ग्रेडिङ प्रणालीलाई थप संख्यात्मक र अक्षर ग्रेडिङ प्रणालीमा वर्गीकृत गर्न सकिन्छ । संख्यात्मक ग्रेडिङ प्रणालीमा, विद्यार्थीहरूको जम्मा सिकाइ उपलब्धिलाई स्तरीय सिकाइ गुणस्तरको श्रेणीको रूपमा लिइ सिकाइन्छ । ग्रेडका विषय क्षेत्र भित्र भिन्न प्रकारका मापन हो । ग्रेडहरूलाई अक्षरमा तोकिन्छ (उदाहरणका लागि ए, बि, सि, डि  वर्णनकर्ताको रूपमा निर्धारण गरिएका छन् ।  सर्वोउत्कृष्ट, उत्कृष्ट, सन्तोषजनक, सुधार आवश्यक छ जस्ता तहमा वर्गीकरण गरी माध्यमिक तहमा सबै प्राप्ताङ्कलाई सामान्य रूपमा एक ग्रेड पोइन्ट औसत (GPA) को रूपमा लिने गरिन्छ ।

यस अध्ययनमा अक्षरांकन पद्धतिको प्रयोगका सन्दर्भमा उल्लेख गरिएको भएतापनि अध्ययनको क्रममा समावेश गरिएको अक्षरांकन पद्धतिको अवस्था र समस्याहरूको खोजी गर्न पनि यो अनुसन्धान उपयोगी हुने भएकाले समीक्षा गरिएको छ ।

लुँइटेल, (२०७९) 'एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग' यस लेखको मुख्य उद्देश्य एस.इ.इ. परीक्षामा प्रयोग भइरहेको अक्षराङ्कन पद्धतिको वर्तमान अवस्था पत्ता लगाई, यसमा देखिएका अन्यौलताहरु हटाउने उपाएको खोजी गर्नु रहेको छ । खास गरी नेपालको शिक्षा प्रणालीको विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा लामो समयसम्म एउटै पद्धति लागु भइरहेको अवस्थामा शैक्षिक गुणस्तर कमजोर हुँदै गएको र अर्न्तराष्ट्रिय स्तरको शिक्षा प्रणालीमा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिको विषयमा धेरै सुधार भइसकेकाले नेपालमा पुरानै ढङ्गले विद्यार्थी मूल्याङ्कन हुँदा त्यस्तो सर्टिफिकेट अन्तराष्ट्रिय बजारमा विक्नलाई समस्या हुँदै गएकाले लामो समयसम्म चलेको अङ्कन पद्धतिमा सुधार गर्नुपरेको हो । यो लेख मूलत


गुणात्मक ढाँचामा आघारित भई तयार पारिएको छ । अर्न्तवार्ता तथा अवलोकन का साथै द्धितिय स्रोतका आधारमानै प्रायजसो तथ्याङ्क संकलन गरिएको छ । यो अध्ययन नेपालको सन्दर्भमा एक नयाँ अभ्यास भएकाले यसमा धेरै भ्रम र अन्यौलता हरु छन । अध्ययनको सर्न्दभमा खासगरि अन्तराष्टिय अभ्यासलाई बुझ्न नसक्नु शिक्षक, विद्यार्थी, अभिभावक लाई प्रर्याप्त मात्रामा जानकारी नगराईनु यस सम्वन्धि उत्पन्न भ्रमलाई अन्त्य गर्न नसक्नुनै मूख्य कमजोरी पाईयो । खासगरि विद्यार्थीमा नपढी पनि पास होईन्छ भन्ने भावना वढ्दै गएको अवस्थालाई अन्त्यगर्न सो सम्बन्धमा पटक पटक विद्यार्थीलाई अभिमुखिकरण गराउनु पर्छ अभिभावकशिक्षाको ब्यवस्था गर्नु पर्छ । शिक्षकलाई पर्याप्त मात्रामा तालिमको ब्यवस्था मिलाउनु पर्छ । नीति निर्माताले सो सम्वन्धमा ब्यापक अभ्यास गरेर मात्र कार्यक्रम लाई अगाडि वढाउनुपर्छ । एक पटक वनेको नीति छोटो छोटो समयमानै परिवर्तन गरिहाल्दा पनि धेरै भ्रम बढ्दै गएको भेटिएकाले कार्यक्रम लागु भएपछि त्यसका धेरै सकारात्मक र कमजोर पक्षको विश्लेषण गरि क्रमिक रुपमा त्यसमा सुधार गर्दै लानु पर्ने निष्कर्ष निकालिएको छ ।

यस अध्ययनमा अक्षरांकन पद्धतिको प्रयोगका सन्दर्भमा उल्लेख गरिएको भएतापनि अध्ययनमा कक्षा दसको अक्षरांकन पद्धतिको प्रक्रिया र पद्धति कार्यान्वयन गर्न सहयोग गर्ने भएकाले उपयोग गरिएको छ ।

## २.३ अवधारणात्मक खाका

यस अध्ययनमा कक्षा १० मा अक्षरांकन मूल्याङ्कन पद्धति सम्बन्धी अध्यययनमा केन्द्रित गरिएको हो । विश्वमा विद्यार्थीको शैक्षिक मूल्याङ्कन गर्न विभिन्न मूल्याङ्कन प्रणाली अपनाइएको पाइन्छ । जसमध्ये अक्षरांश पद्धतिलाई पनि एक प्रभावकारी मूल्याङ्कन प्रणाली भनिन्छ । मूल्याङ्कन प्रणाली अन्तर्गत विभिन्न मूल्याङ्कन विद् तथा शिक्षा विद्हरुले अक्षरांक मूल्याङ्कन पद्धतिको विकास मात्र गरे तर त्यसको प्रभावकारिता, व्यवहारिकता, त्यसको महत्व आदि बारेमा ध्यान दिएनन् ।

तसर्थ यस अध्ययनमा कक्षा १० का विद्यार्थीको मूल्याङ्कन पद्धतिमा अक्षरांकन पद्धतिले उनीहरुको शैक्षिक क्षेत्रको मूल्याङ्कन गर्दा कसरी प्रभावकारी हुन्छ । व्यवहारिकता हुन्छ । अक्षरांक मूल्याङ्कन पद्धतिको बारेमा शिक्षक अभिभावकहरुलाई सकारात्मक जानकारीका साथै त्यसको महत्व बारेमा प्रष्ट कसरी पार्न सकिन्छ । सो कुराको बारेमा अध्ययन गर्न निम्नानुसारको अवधारणात्मक खाका तयार गरिएको छ :




माथिको अवधारणात्मक खाका अनुसार माध्यमिक शिक्षामा कक्षा १० मा अक्षरांकन पद्धति सम्बन्धमा अक्षरांकन पद्धतिको ज्ञान भएमा प्रभावकारी कार्यान्वयन हुने गर्दछ । शिक्षक तालिमको व्यवस्थापन भएमा अक्षरांकन पद्धतिमा सहजता र मापदण्डको कार्यान्वयन गरिएमा शैक्षिक उपलब्धिमा वृद्धि हुने देखिन्छ । यसैगरी उचित ग्रेडको स्तरले विद्यार्थीको प्रयोगात्मक रुपमा सिकाइमा वृद्धि हुने र शैक्षिक गुणस्तर गरिएमा दक्ष जनशक्ति हुने भएकाले अक्षरांकन पद्धतिले प्रभाव पारेको देखिन्छ ।

## २.४ अध्ययनको उपादेयता

यस अध्ययन प्रस्तुत शोध अध्ययनको पूर्वकार्यको समीक्षा, अध्ययनको पृष्ठभूमि, सैद्धान्तिक साहित्यको पुनरावलोकन र अध्ययनको विधि निर्माण गर्नमा सहयोग गर्नेछ । यसका साथै माध्यमिक शिक्षा परीक्षामा अक्षरांश पद्धतिको प्रभावकारिताको विषयमा मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा जानकारी दिनुका साथै यसको  शैक्षिक मूल्याङ्कनको जानकारी दिन सहयोग गरेको छ ।

कुनै पनि अध्ययन निश्चित विषयमा केन्द्रित रही वास्तविक विषयवस्तुमा विस्तृतीकरण दिएर गरिएको अध्ययनको पुनः अध्ययन गरी नयाँ अध्ययनको सन्दर्भमा यससँग सम्बन्धित लेख, रचना तथा प्रतिवेदन आदिको आधारमा प्रदान गर्ने समीक्षा गर्ने महत्वपूर्ण हुन आउँछ । समीक्षाको सहयोगबाट कुनै पनि नयाँ अनुसन्धानलाई तथ्याङ्कमय, ज्ञान, सिद्धान्त र आधार प्रदान गर्ने समीक्षाको महत्व रहेको छ । सम्बन्धित साहित्यको पुनरावलोकनले अनुसन्धानकर्तालाई तोकिएको अध्ययनको विषय क्षेत्रमा भएका अध्ययन र तिनका निष्कर्ष एवम् निचोड उल्लेख गर्नमा अध्ययनको महत्वमा थप स्पष्टता प्राप्त गर्न सकिएको छ । सम्बन्धित क्षेत्रमा भएका सबै अध्ययन अनुसन्धानको जानकारीबाट अनुसन्धान कर्ताले विषयवस्तुमा गहिरो ज्ञान र दक्षता हासिल गर्न थप टेवा पुगेको छ ।

शीर्षकसँग सम्बन्धित अध्ययन क्षेत्रबाट प्राप्त जानकारीहरुलाई तुलनात्मक रुपले विश्लेषण गरी निष्कर्षमा पुग्न, सिद्धान्त र अध्ययन क्षेत्रको व्यवहार बीचमा भएको अन्तरलाई पत्ता लगाउन तथा प्राप्त तथ्याङ्कलाई बैध बनाउन सहयोग पुगको छ । अध्ययनको क्रममा अध्ययन कर्तालाई सम्बन्धित विषयवस्तुसँग सम्बन्धित लेख, रचनाहरु र अन्य विषयवस्तुको बारेमा खोजी गर्न प्रेरित गरेको छ ।

# परिच्छेद : तीन

# अनुसन्धान विधि र प्रक्रिया

## ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि क्षेत्रको अनुसन्धान गर्नुपूर्व अनुसन्धानात्मक ढाँचाको आवश्यकता पर्दछ । बृहत् योजना तथा रणनीतिले अनुसन्धान कार्यका लागि तयार पारिने अनुसन्धानात्मक ढाँचा हो । अध्ययन क्षेत्रबाट शाब्दिक रुपमा प्राप्त हुने र अवलोकनका क्रममा प्राप्त भएका साङ्ख्यीकीय तथ्यांकलाई गुणात्मक र परिमाणात्मक रुपमा व्याख्या,विश्लेषण र प्रस्तुतीकरण गरिने भएकाले यस अध्ययनको ढाँचा मिश्रित प्रकृतिको रहेको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमुना छनोट

जाजरकोट जिल्ला कुशे गा.पा. अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुका कक्षा १० मा पढ्ने विद्यार्थीहरु, तिनका आभिभावक र शिक्षकहरु अध्ययनका जनसंख्या रहेको छन् ।

**तालिका नं. १ जनसंख्या तथा नमुना छनोट तालिका**

| क्र.सं. | विवरण | जनसंख्या | नमुना छनोट | प्रतिशत | नमुना छनोट विधि |
|---|---|---|---|---|---|
| १ | विद्यालय | १३ | ६ | ४६% | चिठ्ठा |
| २ | प्र.अ. | १३ | ६ | ४६% | उद्देश्यमूलक |
| ३ | शिक्षक | - | २४ | - | सम्भावनायुक्त |
| ४ | विद्यार्थी | - | १५० | - | सम्भावनायुक्त |
| ५ | वि.व्य.स.अध्यक्ष | १३ | ६ | ४६% | उद्देश्यमूलक |
| ६ | अभिभावक | - | १५५ | - | सम्भावनायुक्त |
| ७ | शिक्षा अधिकृत | १ | १ | १००% | उद्देश्यमूलक |

## ३.३ तथ्यांक संकलनका साधन र प्रविधि

माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा १० मा अक्षरांकन पद्धति सम्बन्धी अध्ययनका लागि आवश्यक गुणात्मक विवरण प्राप्त गर्नका लागि निम्न सामग्रीहरु निर्माण गरी प्रयोग गरिएको छ ।

### ३.३.१ प्रश्नावली

प्रश्नावली प्रश्नहरुको एउटा लिखित सूची हो । जसको जवाफ उत्तरदाताहरु आफैले रेकर्ड गर्छन । प्रश्नावली मनोवैज्ञानिक, सामाजिक, शैक्षिक आदि शीर्षकसँग सम्बन्धित प्रश्नहरुको शृङ्खला भएको साधन हो । यस अध्ययनमा माध्यमिक तह कक्षा १० मा अक्षरांकन पद्धतिबारे प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्षकसँग निर्मित  प्रश्नावली बनाएर तथ्यांक संकलन गरिएको छ (अनुसूची १-४) ।

### ३.३.२ अन्तरवार्ता सूची

अन्तरवार्ता भन्नाले अन्तर्वार्ताकार र उत्तरदाता बीचको आमने सामने भेटघाट हो जसले उत्तरदाताहरुका सूचना उजागर गर्ने उद्देश्य राख्दछ । यस अध्ययनमा छनोटमा परेका विद्यालयका अभिभावक लागि अन्तरवार्ता सूचीका माध्यमबाट तथ्यांक संकलन गरिएको छ । (अनुसूची ५)

### ३.३.३ अवलोकन  फाराम

अवलोकन भनेको नयाँ कुरा प्राप्त गर्नका लागि कुनै व्यक्ति अथवा वस्तुलाई पटक पटक हेर्ने कार्य हो । यसलाई प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन गर्ने प्रमुख प्रभावकारी र उपयुक्त विधिका रुपमा लिइन्छ । छनोटमा परेका विद्यालयका विद्यार्थीको व्यवहार कस्तो छ अक्षरांकन मूल्याङ्कन पद्धतिले विद्या र्थीमा कस्तो प्रभाव पार्नेछ ? सो कुराको लागि निर्माण गरी अवलोकन फारामका माध्यमबाट तथ्यांक संकलन गरिएको छ (अनूसूची ५) ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कलाई सङ्कलन गर्न छनोट गरिएका जनसङ्ख्यामा प्राथमिक स्रोतका रुपमा रहेका छन् । अभिभावकहरु, वि.व्य.स.का पदाधिकारीहरु, प्र.अ. शिक्षक र विद्यार्थीहरुको प्रत्यक्ष स्थलगत सर्वेक्षण गरी विद्यालयमा यथास्थितिबारे जानकारी लिइएको छ । प्रश्नावलीका माध्यमद्वारा सङ्कलन गरिने तथ्याङ्कबाहेक स्थलगत अध्ययनमा गरिएका सम्बन्धित व्यक्तिहरुसँगको छलफल पनि प्राथमिक स्रोतका रुपमा राखिएको छ भने विभिन्न व्यक्तिहरु एव्म संघसंस्थाहरुद्धारा प्रकाशित प्रतिवेदन जर्नल, पुस्तक, पत्रपत्रिका लगायतका अन्य सहयोगी तथ्याङ्कहरु सामग्रीहरु प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रत्यक्ष रुपमा अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गई प्रश्नावली, अवलोकन, अन्तरवार्ता आदि विधिका माध्यमबाट तथ्याङ्क संकलन गर्ने गरिने स्रोत नै प्राथमिक स्रोत हो । यस स्रोतका माध्यमबाट प्राप्त तथ्याङ्कहरुलाई विश्वसनीय र वैध समेत रहेका हुन्छन । यस अध्ययन अध्ययनलाई बढी विश्वसनिय र वैध बनाउनका लागि प्राथमिक स्रोतका रुपमा विद्यालय, प्र.अ., शिक्षक, स्थलगत सर्वेक्षण, अन्तरवार्ता, प्रश्नावली, अवलोकन आदि स्रोतबाट तथ्याङ्कहरु सङ्कलन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानका सिलसलामा पूर्व प्रकाशित तथा सङ्कलित तथ्याङ्कहरुलाई द्वितीय स्रोत भनिन्छ । प्रस्तुत शोधपत्रलाई पूर्णता दिनका लागि विभिन्न लेख, रचना सन्दर्भपुस्तक, शोधपत्र तथा पत्रपत्रिकाहरुलाई सहयोगी बनाइ विश्वसनीय तथ्याङ्क उपलब्ध गरी उपयोग गरिएको छ । द्वितीय तथ्याङ्कलाई अध्ययन क्षेत्रका विद्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, नगर शिक्षा शाखाका शैक्षिक विवरण आदिबाट सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्को विश्वसनियता र वैधता

प्रस्तुत अध्ययन पूरा गर्नका लागि छनोट गरिएका अध्ययन क्षेत्रमा रहेका विद्यालयमा जानु पुर्व नमूना परिक्षणको लागि पाइक पर्ने नजिक रहेका विद्यालयमा गई एक जना शिक्षक, १ जना विद्यार्थी, १ जना वि.व्य.स., १ जना अभिभावक र प्र.अ.लाई प्रश्नावलीको माध्यमबाट र अन्तरवार्ताद्वारा प्राप्त सूचनालाई परिक्षण पुन परिक्षण गरी संकलन गरिएको तथ्याङ्कलाई शोध निर्देशकबाट परीक्षण गराई निर्देशकको सल्लाह बमोजिम अध्ययनलाई विश्वसनीय र वैधता कायम गरिएको छ ।

## ३.६ नैतिक आधार

प्रस्तुत अध्ययनलाई पूरा गर्नका लागि अध्ययन क्षेत्रमा गई आवश्यक तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले उल्लेखित अन्तरवार्ता सूची र प्रश्नावलीबाट प्राप्त तथ्यांकलाई गोपनीयता कायम गरिएको छ । उक्त तथ्यांकलाई अनुसन्धानको उद्देश्य पूरा गर्ने गरी शैक्षिक उपयोगका लागि मात्र प्रयोग गरिएको छ । अन्य क्षेत्रमा तथ्याङ्कको दुरुपयोग गरिएको छैन । सोही तथ्याङ्कका आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गरी प्रस्तुत अध्ययन पूरा गरिएको छ ।

## ३.७ तथ्यांक संकलन प्रक्रिया

अध्ययनमा सम्बन्धित क्षेत्रमा गई विद्यालयका प्र.अ.सँग तथ्यांक संकलन तथा परीक्षणका लागि अनुमति लिइने छ। छनोटमा परेका सम्बन्धित विद्यालयका कक्षा १० का अध्ययनरत विद्यार्थीसँग छलफल गरिएको छ । साथै शिक्षकसँग खुला प्रश्नावली र प्र.अ.सँगको अन्तरवार्ताबाट भरिएको अन्तरवार्ता सूची र विद्यार्थीको अवलोकन फाराम अनुसार आवश्यक सूचना संकलन गरिएको छ।

कतिपय अवस्थामा सूचना दाता र भौतिक सूचना आफैले संकलन समय स्रोतले नभ्याउने अवस्थामा विभिन्न लेख रचना पुस्तक बुलेटिन जर्नल पत्रपत्रिका, शोधपत्र जस्ता साधनको प्रयोग गरी यस अध्ययनलाई पूरा गरिएको छ।

## ३.८ तथ्यांक विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया

कुनै पनि विषयको अनुसन्धान पश्चात अध्ययनबाट प्राप्त सूचना तथा तथ्यांकहरु गुणात्मक ढंगबाट व्याख्या र विश्लेषण गरी सार्वजनिक गर्न सान्दर्भिक हुन्छ। यहाँ एस.इ.इ परीक्षामा अक्षरांकन मूल्याङ्कन पद्धतिको प्रभावकारिता सम्बन्धी अध्ययन शीर्षकमा सूचना संकलन गर्नका लागि छनोट गरिएको नमुनाको आधारबाट प्राप्त भएका तथ्यपूर्ण तथ्यांकहरुलाई गुणात्मक तरिकाबाट छुट्टा छुट्टै व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ। साथै दस्तावेज अध्ययनबाट प्राप्त तथ्यांकलाई पनि छुट्टा छुट्टै व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

# परिच्छेद : चार

# व्याख्या विश्लेषण र प्रस्तुतीकरण

## ४.१ माध्यमिक शिक्षा कक्षा १०मा अक्षरांकन पद्धतिको अवस्था

कुनै पनि कार्यको बारेमा अध्ययन अनुसन्धान गर्दा आवश्यक सूचनाहरुको संकलन र त्यसको सही ढंगबाट व्याख्या विश्लेषण गर्नु पर्दछ । यसका अलवा ती सूचनाहरु उद्देश्यहरुसँग मेल खाने हुनुपर्दछ । यस अध्ययनमा उद्देश्यसँग प्राप्त भएका सूचनाहरुलाई विद्यालयगत रुपमा क्रमवद्ध गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ शिक्षकहरुमा अक्षरांकन पद्धति सम्बन्धी ज्ञान

थर्पु मा.वि.का शिक्षकहरुमा अक्षरांकन पद्धति सम्बन्धी ज्ञान अक्षराङ्कन पद्धति हाम्रो सन्दर्भमा नयाँ नै हो । अक्षराङ्कन पद्धतिका सन्दर्भमा सबै शिक्षकहरुलाई पर्याप्त ज्ञान नभएकाले अक्षराङ्कन प्रणालीमा अन्यौलता आएको देखियो । ग्रेडिङ प्रणालीका आधारमा विद्यार्थीको प्राप्ताङ्कको वर्ग विभाजनका बारेमा ज्ञान भएको भएतापनि सबै शिक्षकले विद्यार्थीलाई जानकारी नदिएको पाइयो । शिक्षकहरुमा पहिले गरिने सबै प्रकारका मूल्याङ्कनहरु संख्यात्मक रुपमा हुने गरेको र त्यसलाई परिवर्तन गरी हाल विद्यार्थीको उपलब्धिलाई अक्षरका आधारमा मूल्याङ्कन गर्ने परिपाटिलाई अक्षरांकन प्रणाली भनिएको हो ।

पशुपति मा.वि.मा वर्तमान अक्षरांकन प्रणाली विद्यार्थी मूल्याङ्कन प्रक्रिया अन्तर्गत उदार कक्षोन्नतीकै एक रुप भएकाले अक्षाराङ्कन प्रणालीमा केही फरक देखिएपनि मूल्याङ्कन प्रक्रिया उस्तै ज्ञान रहेको पाइयो । उदार कक्षोन्नतीमा विद्यार्थीको शारीरिक, मानसिक, वौद्धिक, अनुशासन, गृहकार्य, हाँजीरी, अनुसार विद्यार्थीले केही ज्ञान प्राप्त गरेको भएतापनि अक्षराङ्कन प्रणालीले शिक्षकहरुमा विगतमा गरिने पास फेल मूल्याङ्कन प्रणाली भन्दा फरक मूल्याङ्कन प्रक्रिया अन्तर्गत प्रयोगात्मक कार्य, समूह कार्य, सैद्धान्तिक र प्राक्टिकल कार्य जस्ता विविध विषयका आधारमा मूल्याङ्कन गर्ने प्रविधिको बारेमा ज्ञान भएको देखिन्छ ।

लक्ष्मीप्राप्ति मा.वि.का शिक्षकहरुमा अक्षरांकन पद्धतिका बारेमा विगतको विद्यार्थीको सिकाइभन्दा यो प्रणालीले सिकाइलाई व्यवहारिक र बहुआयामिक भएको शिक्षकहरुमा ज्ञान भएको देखिन्छ । विद्यार्थीहरुमा विज्ञानजस्ता विषयमा अयोग्य र असक्षम कोही हुँदैन भन्ने मनोवैज्ञानिक पाटोलाई समेत अक्षरांकन प्रणालीले परिवर्तन गरी पढाइप्रति जागरुकता बढाउन सहयोग गरेको पाइयो । कुनै एक विद्यालयको प्र.अ.को अनुसार अक्षरांकन प्रणाली अन्य मूल्याङ्कन प्रणालीभन्दा प्रयोगात्मक र वैज्ञानिक केन्द्रित विधिको ज्ञान भएको  पाइयो ।

दिपेन्द्र मा.वि.शिक्षकहरुमा यस प्रणालीले शिक्षकको क्षमता विकास गर्नमा समेत सहयोग गरेकाले विद्यार्थीलाई अक्षरांकन प्रणालीको मूल्याङ्कनका आधारमा शिक्षण सिकाइ प्रक्रियामा अभिवृद्धि हुने गरी कक्षाकार्यमा सिकाइ उन्मुख शिक्षण विधिको प्रयोग गर्ने धारणाको विकास भएको पाइन्छ । शिक्षकहरुलाई कक्षा कार्यकलाप गर्नका लागि विद्यार्थीको मूल्याङ्कन परिपाटिको विकास गरेको र विद्यार्थीको सिकाइ प्रक्रियालाई प्रविधियुक्त बनाएको छ ।

जनता मा.वि.का शिक्षकहरुमा अक्षरांकन पद्धतिका सम्बन्धमा शिक्षकहरुलाई नयाँ मूल्याङ्कन पद्धति अनुसारको शिक्षण प्रक्रिया भएको पाइयो । शिक्षण प्रक्रियाका सम्बन्धमा विद्यार्थीहरुलाई शिक्षण विधि अनुसार विद्यार्थीलाई सिकाइ प्रक्रियामा परिवर्तन सम्बन्धी ज्ञान रहेको पाइयो । विद्यार्थीलाई शिक्षण सिकाइका सम्बन्धमा प्राक्टिकल गर्ने, विद्यार्थीको अभ्यास गर्ने पद्धतिको विकास भएको देखिन्छ ।

### ४.१.२  अक्षरांकन सम्बन्धी तालिम

जाजरकोट जिल्ला कुशे गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयमा अक्षरांकन पद्धतिका सम्बन्धमा गरिएको अध्ययन अनुन्धान अनुसार विद्यालयमा अक्षरांकन पद्धति सम्बन्धी तालिम व्यवस्थापनका क्रममा गरिएको अध्ययन अनुसन्धानलाई निम्नानुसारको तथ्यांक प्राप्त भएको छ :

तालिका २ : अक्षरांकन सम्बन्धी तालिम

| क्र.सं. | विद्यालयको नाम | तालिम लिएका | तालिम नलिएका | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|
| १ | थर्पु मा.वि.ढिमे | ३ | २ | ५ |
| २ | पशुपति मा.वि. दमदला | | ५ | ५ |
| ३ | लक्ष्मी प्राप्ति मा.वि. खुर्पा | ४ | १ | ५ |
| ४ | श्री दिपेन्द्र मा.वि. गरङ्गा | २ | ३ | ५ |
| ५ | जनता मा.वि.पैंक | २ | ३ | ५ |
| | जम्मा | ११ | १४ | २५ |

स्रोत : विद्यालय अभिलेख, २०८१

माथिको तालिका अनुसार थर्पु मा.वि.मा ३ जना तालिम लिएका र २ जना तालिम २ जना शिक्षकले तालिम नलिएको देखिन्छ । उक्त विद्यालयमा अक्षरांकन पद्धति सम्बन्धी तालिम व्यवस्थापन गरिएको भएतापनि त्यसको कक्षामा प्रयोग गरी विद्यार्थीहरुलाई जानकारी भने दिइएको देखिदैन । तसर्थ विद्यालयमा तालिम लिएका ३ जनामा हुनुले पनि विद्यालयमा अक्षरांकन पद्धतिको प्रयोगमा प्रभावकारी हुन सकेको पाइदैन ।

पशुपति मा.वि.मा कुनै शिक्षकले पनि तालिम नलिएको पाइयो । उक्त विद्यालयमा सबै शिक्षकहरुले माथिल्लो निकायबाट आएको सुझाव र सल्लाहका आधारमा अक्षरांकन पद्धतिलाई कार्यान्वयन गर्दै आएका छन् । कक्षामा शिक्षण गर्ने, मूल्याङ्कन गर्ने परिपाटिको विकासमा पनि माथिल्लो निकायको निर्देशनलाई पालना गर्दै गएको पाइयो भने तालिम भने कुनै आधिकारिक रुपमा नलिएको देखिन्छ ।

लक्ष्मीप्राप्ति मा.वि.मा तालिम लिएका २ जना र ३ जनाले तालिम नलिएको पाइयो । यस विद्यालयमा अक्षरांकनका सम्बन्धमा २ जनाले बढी जानकारी पाएको भएतापनि त्यसको उपयोग विद्यालयमा कार्यान्वयनमा कमी रहेको छ । सबै विद्यार्थीहरुलाई अक्षरांकनका बारेमा जानकारी दिई विद्यार्थीलाई स्पष्ट पार्नका लागि पनि सबै शिक्षकमा अक्षरांकन पद्धति सम्बन्धी तालिम लिनु आवश्यक छ ।

दिपेन्द्र मा.वि.को तालिमका सम्बन्धमा अध्ययन गर्दा जम्मा ४ जनाले तालिम लिएका र १ जनाले तालिम  नलिएको पाइयो । यस विद्यालयमा अक्षरांकन पद्धतिका बारेमा माध्यमिक तहका धेरै शिक्षकले तालिमको बारे जानकारी भएको पाइयो । यस आधारमा उक्त विद्यालयका शिक्षकहरुमा अक्षरांकनका सम्बन्धमा जानकारी भएको देखिन्छ ।

जनता मा.वि.का २ जनाले तालिम लिएका र ३ जनाले तालिम नलिएको पाइयो । सामुदायिक विद्यालयका कक्षा दसका विद्यार्थीहरुलाई अक्षरांकन सम्बन्धी जानकारी दिन शिक्षकलाई तालिम व्यवस्थापन भएको देखिन्छ । उक्त विद्यालयमा कम शिक्षकहरुले तालिम लिएकाले पनि विद्यार्थीको अक्षरांकन पद्धति अनुसार शिक्षण सिकाइ क्रियाकलाप र शिक्षण कार्य कम प्रयोग गरिएको पाइयो ।

यसर्थ विद्यालयमा अक्षरांकन पद्धतिमा तालिम व्यवस्थापनको अवस्था उपयुक्त रहेको मानिन्छ । अधिकांश विद्यालयमा शिक्षकले तालिम लिएको पाइयो भने विद्यार्थीहरुमा जानकारी भएतापनि तर मूल्याङ्कन पद्धतिबारे जानकारी हुन अझै सकेको देखिदैन ।

### ४.१.३ अक्षरांकन पद्धति मापदण्डको प्रयोग

यस अध्ययनमा समावेश गरिएका जम्मा ५ वटा सामुदायिक माध्यमिक विद्यालयका कक्षा १० मा अक्षरांकन पद्धतिमा मापदण्डको प्रयोगको अवस्थालाई निम्नानुसार तालिका देखाइएको छ :

**तालिका ३ : अक्षरांकन पद्धति मापदण्डको प्रयोग**

| क्र.सं. | विद्यालयको नाम | प्रयोग गरेको | नगरेको | कैफियत |
|---|---|---|---|---|
| १ | थर्पु मा.वि.ढिमे | √ | | |
| २ | पशुपति मा.वि. दमदला | √ | | |
| ३ | लक्ष्मी प्राप्ति मा.वि. खुर्पा | √ | | |
| ४ | श्री दिपेन्द्र मा.वि. गरङ्गा | √ | | |
| ५ | जनता मा.वि.पैंक | √ | | |

विद्यालय अभिलेख, २०८१

माथिको तालिका अनुसार विगतका मूल्याङ्कनका साधनहरुबाटै नयाँ प्रविधिको रुपमा अक्षराङ्कन प्रणाली लागु गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डद्वारा निर्धारण गरिएको मूल्याङ्कन प्रणालीका आधारमा विद्यालयमा विद्यार्थीको उपलब्धि मूल्याङ्कन कार्यान्वयन गरिएको पाइयो । विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई मुख्य मापदण्ड गराइ सिकाइको स्तरलाई अक्षरांकन प्रणालीमा रुपान्तरण गरी ग्रेड निर्धारण गरेर विद्यालयमा कार्यान्वयन गरिएको पाइयो । जसमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई वर्गान्तरण गरी ९० देखि १०० सम्मको प्राप्ताङ्कलाई ए ग्रेड प्लस, ८० देखि ८९ सम्मकोलाई ए ग्रेड निर्धारण गरेझैं एवम्  रुपमा ० देखि २० सम्मको लागि इ ग्रेड राखी विद्यालयले त्यही आधारमा नै मूल्याङ्कन गरेको देखिन्छ । यस मापदण्डमा आधारित भई उक्त मूल्याङ्कन प्रणालीलाई २०७१ सालमा एस.इ.इ. प्राविधिक धारमा प्रयोग गरी उच्च सफलता हासिल भएको देखिएपछि एस.इ.इ. परीक्षा २०७२ देखि पूर्ण रुपमा देशभरका विद्यालयमा लागु गरिएको हो । विद्यालयमा विद्यार्थीले शिक्षण सिकाइका क्रममा गरिएका विभिन्न प्रयोगात्मक, अभ्यासात्मक र खोजमूलक कार्यमा आधारित भई विद्यार्थीको मूल्याङ्कनको मापदण्ड निर्धारण गर्ने गरेको पाइयो । विद्यार्थीलाई विद्यालयमा ७५ प्रतिशत उपस्थिति हुनुपर्ने मापदण्डका आधारमा विद्यार्थीको अक्षरांकन प्रणालीमा मूल्याङ्कन गर्ने गरिएको देखिन्छ । जसमा विद्यार्थीलाई नियमित विद्यालय जाने वातावरण समेत सिर्जना गरेकाले उक्त मापदण्डले अक्षरांकन प्रणाली कार्यान्वयनमा सहयोग गरेको देखिन्छ । अक्षराङ्कन पद्धतिले विद्यार्थीको आफ्नो क्षमता अनुसारको उच्च शिक्षा हासिल गर्न पाउने विगतको मापदण्डमा आधारित प्रणाली (उत्तीर्ण र अनुत्तीर्ण) वा अन्यायपूर्ण मूल्याङ्कन प्रणालीको विकल्पको रुपमा विद्यार्थीहरुमा शैक्षिक उर्जा थपिएको देखिन्छ ।

### ४.१.४ अक्षरांकन पद्धतिको अभिलेखिकरण

कक्षा ९ र १० को त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा विद्यालयले आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिताबापत ३, प्रयोगात्मक तथा परियोजना कार्यबापत १६ र त्रैमासिक परीक्षाबाट प्राप्त ६ अङ्कभारमा विद्यार्थीले पाएको अङ्कभार लेख्ने र त्रैमासिक परीक्षाका लागि ७५ प्रतिशत अङ्कभारमा परीक्षा सञ्चालन गरी ६

अङ्कभारमा रूपान्तरण गर्ने गर्नु पर्दछ । वर्गान्तर तालिकाअनुसार विद्यार्थीले पाएको जम्मा अङ्कभारलाई ग्रेडमा उल्लेख गर्ने गर्नुपर्दछ ।

**तालिका ४ : अक्षरांकन पद्धतिको अभिलेखिकरण**

| विद्यालयको नाम | कक्षा सहभागिता | प्रयोगात्मक तथा परियोजना | प्रथम त्रैमासिक परीक्षा | दोस्रो त्रैमासिक परीक्षा | वार्षिक परीक्षा | ग्रेड |
|---|---|---|---|---|---|---|
| थर्पु मा.वि.ढिमे | √ | √ | √ | √ | √ | √ |
| पशुपति मा.वि. दमदला | √ | × | √ | √ | √ | √ |
| लक्ष्मी प्राप्ति मा.वि. खुर्पा | √ | √ | √ | √ | √ | √ |
| श्री दिपेन्द्र मा.वि. गरङ्गा | √ | × | √ | √ | √ | √ |
| जनता मा.वि.पैंक | √ | √ | √ | √ | √ | √ |

स्रोत : विद्यालय अभिलेख, २०८१

माथिको तालिका अनुसार अध्ययनमा समावेश गरिएका विद्यालयमा अक्षरांकन पद्धतिको सिकाइ उपलब्धिको अभिलेखिकरण व्यवस्थापनका सन्दर्भमा कक्षा सहभागिता का सम्बन्धमा अभिलेखिकरण सबै विद्यालयमा गरिएको छ भने परियोजना कार्य तथा प्रयोगात्मक सिकाइका सम्बन्धमा कुनै दुई ओटा विद्यालयमा अभिलेखिकरण नगरिएको पाइयो । उक्त दुई ओटा विद्यालयमा अक्षरांकन पद्धतिको अभ्यास अनुसार नगरिएको देखिन्छ । यसैगरी त्रैमासिक परीक्षा र अन्तिम मूल्यांकनको रेकर्ड तथा अभिलेखन सबै विद्यालयमा निरन्तर राखिएको पाइयो । अन्तिम मूल्यांकनलाई व्यवस्थित गरिए पनि अन्य परीक्षाका अभिलेख प्रभावकारी रुपमा नराखिएको पाइयो ।

### ४.१.५ शैक्षिक गुणस्तरीयता

यस अध्ययनमा समावेश गरिएका जम्मा पाँच वटा सामुदायिक विद्यालयको कक्षा १० मा अक्षरांकन पद्धतिको शैक्षिक गुणस्तरीयताका सम्बन्धमा गरिएको अध्ययन प्रश्नावली अनुसार २०८० सालको ग्रेडलाई निम्नानुसारका उपशीर्षकमा राखि व्याख्या र विश्लेषण गरिएको छ :

**तालिका ५ : कक्षा १० को समग्र विषयको अक्षरांक उपलब्धि विवरण**


| विद्यालयको नाम | ए प्लस | ए | वि प्लस | वि | सि प्लस | सि | डि प्लस | डी | इ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| थर्पु मा.वि.ढिमे | – | – | ३ | २ | ७ | ५ | ४ | ३ | – | २४ |
| पशुपति मा.वि. दमदला | – | – | – | – | ३ | ८ | १२ | १ | – | २४ |
| लक्ष्मी प्राप्ति मा.वि. खुर्पा | – | – | – | १ | ९ | ११ | ३ | – | – | २४ |
| श्री दिपेन्द्र मा.वि. गरङ्गा | – | – | १ | ३ | – | ६ | १३ | १ | – | २४ |
| जनता मा.वि.पैंक | – | – | २ | ४ | ६ | ९ | २ | १ | – | २४ |
| जम्मा | – | – | ६ | १० | २५ | ३९ | ३४ | ६ | – | |

स्रोत : विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको अक्षरांकन पद्धतिलाई विश्लेषण गर्दा जम्मा ५ वटा सामुदायिक विद्यालयमा सबैभन्दा बढी ए र ए प्लस ल्याउने विद्यार्थी कोही पनि नभएको पाइयो । जसमा ६ जनाले वि. प्लस, १० जनाले वि ल्याउने गरेको २५ जनाले सि प्लस ल्याउने, ३९ जनाले सि, ३४ जनाले डि प्लस र ६ जनाले डी ल्याएको पाइयो । अध्ययन क्षेत्रका विद्यालयमा इ ग्रेड ल्याउने विद्यार्थीको संख्या नरहेको देखिन्छ । यसरी निष्कर्षमा हेर्दा सामुदायिक विद्यालयमा ग्रेडिङ प्रणालीमा प्रभाव परेको पाइन्छ । जसमा सि ग्रेड ल्याउने विद्यार्थी धेरै रहेका छन् । यो स्तर विद्यार्थीको राम्रो मान्न सकिदैन । अक्षरांकन पद्धति प्रणाली राम्रो भएतापनि विद्यालयमा त्यसको कार्यान्वयनमा

प्रभावकारिता र कार्यान्वयनमा कमजोरी भएकाले विद्यार्थीहरुको स्तर कमजोर रहेको छ ।

चित्र नं. १




माथिको स्तम्भ चित्र अनुसार सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको अक्षरांकन पद्धतिलाई विश्लेषण गर्दा जम्मा ५ वटा सामुदायिक विद्यालयमा सबैभन्दा बढी ए र ए प्लस ल्याउने विद्यार्थी कोही पनि नभएको पाइयो । जसमा ६ जनाले वि. प्लस, १० जनाले वि ल्याउने गरेको २५ जनाले सि प्लस ल्याउने, ३९ जनाले सि, ३४ जनाले डि प्लस र ६ जनाले डी ल्याएको पाइयो । अध्ययन क्षेत्रका विद्यालयमा इ ग्रेड ल्याउने विद्यार्थीको संख्या नरहेको देखिन्छ ।

## अनिवार्य विषयगत शैक्षिक उपलब्धि

सामुदायिक माध्यमिक विद्यालयको कक्षा १० को अनिवार्य विषयगत अक्षरांकन पद्धतिको अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६ : श्री थर्पु मा.वि.को अक्षरांकन उपलब्धि (२०८०)

| विषय | जि.पि.ए. | ग्रेड |
|---|---|---|
| अङ्ग्रेजी | १.८८ | D+ |
| नेपाली | १.९६ | D+ |
| गणित | १.०९ | D |
| विज्ञान | १.५५ | D |
| सामाजिक | १.५१ | D |

विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार सामुदायिक ५ वटा विद्यालय मध्ये थर्पु मा.वि. ढिमेको अनिवार्य विषयगत अक्षराङ्कन पद्धतिको अध्ययन गर्दा अङ्ग्रेजी विषयको १.८८ जि.पि.ए. अर्थात डि प्लस ग्रेड रहेको छ । यस विषयमा विद्यार्थी कमजोर रहेको देखियो । नेपाली विषयमा १.९६ जि.वि.ए अर्थात डि प्लस ग्रेड प्राप्त गरेको देखिन्छ भने गणित विषयमा १.०९ जि.पि.ए ल्याएका छन् अर्थात डि ग्रेड ल्याएको पाइयो । विज्ञान विषयमा १.५५ ल्याएर कमजोर रहेको देखियो । सामाजिक विषयमा पनि कमजोर रहेको देखियो  जसको १.५१ ग्रेड रहेको छ भने सामाजिक विषयमा १.५१ रहेको पाइयो जसको ग्रेड डि छ । यसरी सामुदायिक विद्यालयमा सबैभन्दा  गणित विषयमा विद्यार्थीहरु कमजोर रहेको पाइयो भने अक्षरांकन प्रणालीको प्रयोग र प्रभावकारिताको प्रभाव पारेको पाइन्छ ।

अध्ययन क्षेत्रका सामुदायिक विद्यालयमा अक्षरांकन पद्धतिलाई कार्यान्वयन गर्ने गरेको भएतापनि अधिकांश विद्यार्थीको ग्रेड भने प्रभावकारी नआएको देखिन्छ । अधिकांश विद्यार्थीहरुमा सि ग्रेड आउने गरेको देखिन्छ । ग्रेडिङको व्याख्याका पक्षमा विद्यार्थी मनोविज्ञानलाई ध्यानमा राखेर नकारात्मक व्याख्याका शब्द भन्दा स्तरको व्याख्यामा जोड नदिएको पाइयो । समग्रतः ग्रेडिङ प्रणाली सबै विद्यालयमा सक्षम नभएका कारण यसलाई देश र परिवेश अनुसार परिवर्तित फाँटमा राखेर नियाल्नु पनि आवश्यक भएको पाइयो ।

तालिका ७ : श्री पशुपति माध्यमिक विद्यालयको उपलब्धि (२०८०)

| विषय | जि.पि.ए. | प्रतिशत |
|---|---|---|
| अङ्ग्रेजी | २.९९ | B |
| नेपाली | २.४६ | C+ |
| गणित | २.२५ | C |
| विज्ञान | २.४८ | C+ |
| सामाजिक | १.८७ | D+ |

विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार सामुदायिक ५ वटा विद्यालय मध्ये पशुपति मा.वि.को अनिवार्य विषयगत अक्षराङ्कन पद्धतिको अध्ययन गर्दा अङ्ग्रेजी विषयको २.९९ जि.पि.ए. अर्थात बि ग्रेड रहेको छ । यस विषयमा विद्यार्थी मध्यम स्तरको रहेको देखियो । नेपाली विषयमा २.४६ जि.पि.ए अर्थात सि प्लस ग्रेड प्राप्त गरेको देखिन्छ भने गणित विषयमा २.२५ जि.पि.ए ल्याएका छन् अर्थात सि ग्रेड ल्याएको पाइयो । विज्ञान विषयमा २.४८ अर्थात सि प्लस रहेको देखियो । सामाजिक विषयमा पनि कमजोर रहेको देखियो जसको २.४८ अर्थात डि प्लस ग्रेड रहेको छ भने सामाजिक विषयमा १.८७ रहेको पाइयो जसको ग्रेड डि प्लस छ । यसरी सामुदायिक विद्यालयमा सबैभन्दा सामाजिक विषयमा विद्यार्थीहरु कमजोर रहेको पाइयो भने अक्षरांकन प्रणालीको प्रयोग र प्रभावकारिताको प्रभाव पारेको पाइन्छ ।

तालिका ८ : लक्ष्मीप्राति मा.वि.को उपलब्धि (२०८०)

| विषय | जि.पि.ए. | प्रतिशत |
|---|---|---|
| अङ्ग्रेजी | ३.३३ | B+ |
| नेपाली | २.४७ | C+ |
| गणित | २.०९ | C |
| विज्ञान | २.४२ | C+ |
| सामाजिक | २.३१ | C+ |

विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार सामुदायिक विद्यालय मध्ये लक्ष्मीप्राप्ति मा.वि. खुर्पाको अनिवार्य विषयगत अक्षराङ्कन पद्धतिको अध्ययन गर्दा अङ्ग्रेजी विषयको ३.३३ जि.पि.ए. अर्थात बि प्लस ग्रेड रहेको छ । यस विषयमा विद्यार्थी मध्यम स्तरको रहेको देखियो । नेपाली विषयमा २.४७ जि.पि.ए अर्थात सि प्लस ग्रेड प्राप्त गरेको देखिन्छ भने गणित विषयमा २.०९ जि.पि.ए.ल्याएका छन् अर्थात सि ग्रेड ल्याएको पाइयो । विज्ञान विषयमा २.४२ अर्थात सि प्लस  रहेको देखियो । सामाजिक विषयमा पनि कमजोर रहेको देखियो । जसको २.३१ अर्थात डि प्लस ग्रेड रहेको छ । यसरी सामुदायिक विद्यालयमा सबैभन्दा गणित विषयमा विद्यार्थीहरु कमजोर रहेको पाइयो भने अक्षरांकन प्रणालीको प्रयोगमा प्रभाव पारेको पाइन्छ ।

**तालिका ९: दिपेन्द्र मा.वि.को उपलब्धि** (२०८०)

| विषय | जि.पि.ए. | प्रतिशत |
|---|---|---|
| अङ्ग्रेजी | २.११ | C |
| नेपाली | १.९६ | D+ |
| गणित | १.०७ | D |
| विज्ञान | १.५ | D |
| सामाजिक | १.६१ | D+ |

विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार सामुदायिक ५ वटा विद्यालय मध्ये दिपेन्द्र मा.वि.को अनिवार्य विषयगत अक्षराङ्कन पद्धतिको अध्ययन गर्दा अङ्ग्रेजी विषयको २.११ जि.पि.ए. अर्थात सि ग्रेड रहेको छ । यस विषयमा विद्यार्थी मध्यम स्तरको रहेको देखियो । नेपाली विषयमा १.९६ जि.पि.ए अर्थात डि ग्रेड प्राप्त गरेको देखिन्छ भने गणित विषयमा १.०७ जि.पि.ए.ल्याएका छन् अर्थात डि ग्रेड ल्याएको पाइयो । विज्ञान विषयमा १.५ अर्थात डि  रहेको देखियो । विज्ञान विषयमा विद्यार्थी कमजोर रहेको देखियो । यसरी सामुदायिक विद्यालयमा सबैभन्दा गणित विषयमा विद्यार्थीहरु कमजोर रहेको पाइयो भने अक्षरांकन प्रणालीको प्रयोग र प्रभावकारिताको प्रभाव पारेको पाइन्छ ।

माथि उल्लेखित ग्रेड प्रणाली तालिकाको अध्ययनमा यस विद्यालयमा अधिकांश विद्यार्थीहरुमा डि ग्रेड आएको पाइयो । विद्यार्थीहरुको शैक्षिक स्तर अनुसार ग्रेडको स्तर कमजोर रहेको देखिन्छ । विद्यालयमा भएको शिक्षण सिकाइ कार्यहरुको प्रभाव सिकाइमा प्रभावकारिता नआउनु, शिक्षण सामग्रीको कमी, भौतिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन सिकाइमा विद्यार्थीको मूल्याङ्कन प्रणालीमा प्रभाव पारेकाले विद्यार्थीको ग्रेडिङ स्तर कमजोर रहेको पाइयो ।

**तालिका १०: जनता मा.वि. पैँकको उपलब्धि (२०८०)**

| विषय | जि.पि.ए. | प्रतिशत |
|---|---|---|
| अङ्ग्रेजी | ३.३३ | B+ |
| नेपाली | २.४७ | C+ |
| गणित | २.०९ | C |
| विज्ञान | २.४२ | C+ |
| सामाजिक | २.३१ | C |

विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार सामुदायिक ५ वटा विद्यालय मध्ये जनता मा.वि. पैँकको अनिवार्य विषयगत अक्षराङ्कन पद्धतिको अध्ययन गर्दा अङ्ग्रेजी विषयको ३.३३ जि.पि.ए. अर्थात बि प्लस ग्रेड रहेको छ । यस विषयमा विद्यार्थी मध्यम स्तरको रहेको देखियो । नेपाली विषयमा २.४७ जि.पि.ए अर्थात सि प्लस ग्रेड प्राप्त गरेको देखिन्छ भने गणित विषयमा २.०९ जि.पि.ए.ल्याएका छन् अर्थात सि ग्रेड ल्याएको पाइयो । विज्ञान विषयमा २.४२ अर्थात सि प्लस  रहेको देखियो । सामाजिक विषयमा पनि कमजोर रहेको देखियो । जसको २.३१ अर्थात डि प्लस ग्रेड रहेको छ । यसरी सामुदायिक विद्यालयमा सबैभन्दा  गणित विषयमा विद्यार्थीहरु कमजोर रहेको पाइयो भने अक्षरांकन प्रणालीको प्रयोग र प्रभावकारिताको प्रभाव पारेको पाइन्छ ।

### ४.१.६ ग्रेडको स्तरीकरण

साविकको विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ बाट वर्गीकृत गर्दा आन्तरिक तथा बाह्य मूल्याङ्कन दुवैलाई जोडी समग्र औसत ग्रेडमा रूपान्तरण गरिने

र सोका आधारमा ग्रेडिङ गर्ने व्यवस्था गरिएको थियो । यसबाट आन्तिरिक मूल्याङ्कनमा अधिक अङ्क प्राप्त गरेका तर बाह्य मूल्याङ्कनमा निकै कम अङ्क प्राप्त गरे पनि समग्रमा ग्रेड राम्रो देखिन सक्ने भएकाले सिक्ने सिकाउने व्यवहारमा खासै ध्यान नदिएको भन्ने गुनासो सबैतिरबाट आइरहेको र विद्यार्थीले समेत सिकाइलाई कम ध्यान दिएको भन्ने मनन गरी दुवैतर्फ निश्चित उपलब्धि प्राप्त हुनु पर्ने र दुवैको समग्र मूल्याङ्कनबाट भन्दा छुट्टाछुट्टै मूल्याङ्कनबाट ग्रेड हासिल गर्नुपर्ने व्यवस्था गरी सिक्ने र सिकाउने वातावरणमा सुधार ल्याउने गरी उक्त व्यवस्था विद्यालयमा लागु गरिएको देखिन्छ ।

साविकको विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ ले उपलब्धि प्रतिशत ९० भन्दा माथि A+ लाई Outstanding, ८० भन्दा माथि ९० भन्दा कम A लाई Excellent, ७० भन्दा माथि ८० भन्दा कम B+ लाई Very Good, ६० भन्दा माथि ७० भन्दा कम B लाई Good, ५० भन्दा माथि ६० भन्दा कम C+ लाई Satisfactory, ४० भन्दा माथि ५० भन्दा कम C लाई Acceptable, ३० भन्दा माथि ४० भन्दा कम D+ लाई Partially Acceptable, २० भन्दा माथि ३० भन्दा कम D लाई Insufficient तथा २० भन्दा कम F लाई Very Insufficient का रूपमा व्याख्या गरेको थियो भने लेटर ग्रेडिङ निर्देशिका, २०७८ ले उपलब्धि प्रतिशत ९० भन्दा माथि A+ लाई सर्वोत्तम (Outstanding), ८० भन्दा माथि ९० भन्दा कम A लाई अत्युत्तम (Excellent), ७० भन्दा माथि ८० भन्दा कम B+ लाई उत्कृष्ट (Very Good), ६० भन्दा माथि ७० भन्दा कम B लाई उत्तम (Good), ५० भन्दा माथि ६० भन्दा कम C+ लाई सन्तोषजनक (Satisfactory), ४० भन्दा माथि ५० भन्दा कम C लाई ग्राह्य (Acceptable), ३५ भन्दा माथि ४० भन्दा कम D+ लाई आधारभूत (Basic), ३५ भन्दा अवर्गीकृत (Not Graded/NG) का रूपमा व्याख्या गरेको छ ।

अध्ययन क्षेत्रका विद्यालयमा लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार प्रमाणपत्रका सम्बन्धमा कक्षा आठ, कक्षा १० र कक्षा १२ मा सबै विषयमा न्यूनतम ग्रेड पूरा गरेपछि मात्र सम्बन्धित निकायले मूल  प्रमाणपत्र उपलब्ध गराउने गरेको पाइयो । विषयगत रूपमा

आन्तरिकतर्फ C र सैद्धान्तिकतर्फ D ग्रेड प्राप्त गर्न नसक्ने विद्यार्थीका लागि मूल प्रमाणपत्र उपलब्ध नगराइने गरेको देखिन्छ । अन्य कक्षाको हकमा यो निर्देशिकाको प्रतिकूल नहुने गरी विद्यालयले नै ग्रेड सिट र प्रमाणपत्र उपलब्ध गराइएको छ । अग्र अध्ययनका लागि मूल प्रमाणपत्र अनिवार्य हुने भएकाले मूल प्रमाणपत्र नलिई अग्र अध्ययन गरेमा समकक्षता प्रदान गरिएको छैन । मूल प्रमाणपत्र प्राप्त गर्न नसकेका विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा संलग्न हुन पाउने गरी विद्यार्थीलाई सहभागिता गरिएको पाइयो र ग्रेड वृद्धि परीक्षामा संलग्न हुने तथा आन्तरिक मूल्याङ्कनमा सहभागी भई बाह्य मूल्याङ्कनमा संलग्न हुन नसकेका विद्यार्थीको हकमा आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको अङ्क तीन वर्षसम्म कायम गरिने व्यवस्था गरिएकाले विद्यार्थी कमजोर स्तरलाई विभिन्न अवसर दिइएको पाइयो । दुई विषयभन्दा बढी विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेमा वा ग्रेड वृद्धि परीक्षामा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थी अर्को वर्षको सम्पूर्ण विषयको परीक्षामा संलग्न हुन वा सोही कक्षामा पुनः अध्ययन गर्दै आएको देखिन्छ । यसले गर्दा विद्यार्थीको सिकाइमा थप ग्रेड वृद्धि भइ पढाइमा सुधार हुन सक्ने गरी अक्षरांकन पद्धतिको विद्यालयमा अभ्यास भएको पाइयो । आन्तरिक मूल्याङ्कनमा तोकिएको ग्रेड प्राप्त नभई वार्षिक वा बाह्य परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षासमेत रद्द हुने भएकाले अध्ययन क्षेत्रका विद्यालयमा आन्तरिक मूल्यांकनलाई बढी जोड दिने गरिएको पाइयो ।

यसरी अध्ययन क्षेत्रका विद्यालयमा पनि सोही परिवर्तन गरिएको ग्रेड प्रणाली अनुसार नै विद्यालयमा कक्षा १०मा ग्रेड स्तरीकरण गरी कार्यान्वयन गरेको पाइयो । विद्यालयको शैक्षिक मूल प्रमाणपत्रमा पनि उल्लेखित ग्रेडका आधारमा नै उल्लेख गर्ने गरेको पाइन्छ । यसले गर्दा विद्यालयमा अक्षरांकन पद्धति कार्याविधि अनुसार नै कार्यान्वयन भएको पाइयो ।

### ४.१.७ मूल्याङ्कन पद्धति

आन्तरिक मूल्याङ्कनका लागि वर्षभरिको सहभागिताबापतको ३ अङ्कमा विद्यार्थीले पाएको अङ्कभार राख्ने, वर्षभरिको प्रयोगात्मक तथा परियोजना कार्यबापतको १६ अङ्कमा विद्यार्थीले पाएको अङ्कभार राख्ने गरिनुपर्दछ । वर्षभरिको त्रैमासिक परीक्षाबापतको ६अङ्कभारका लागि दुईओटा त्रैमासिक परीक्षामा पाएको ६।६ अङ्कभारलाई ३।३ अङ्कभारमा रूपान्तरण गरी विद्यार्थीले पाएको जम्मा अङ्कभार राख्ने गरिनु पर्दछ । विद्यालयले आवधिक मूल्याङ्कनका लागि विशिष्टीकरण तालिकाअनुसार ७५ पूर्णाङ्कको परीक्षामा विद्यार्थीले

पाएको अङ्क उल्लेख गर्ने (बढी प्रयोगात्मक हुने कम्प्युटर विज्ञानलगायतका विषयका लागि ५० पूर्णाङ्कको परीक्षामा विद्यार्थीले पाएको अङ्क उल्लेख गर्ने गरिनु पर्दछ ।

निर्देशिकाले यस अघिको विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ ले व्यवस्था गरेका विषयलाई थप प्रस्ट पारेको छ । यसमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको विद्यालय तहमा पठनपाठन सञ्चालनका लागि सामान्यतया साठी मिनेटको एक घन्टी हुन उल्लेख गरेको छ । पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit Hour) मानिने र मौजुदा पाठ्यक्रमले व्यवस्था गरेको पठनपाठनको अवधिलाई पाठ्यघण्टामा रूपान्तरण गरी प्रमाणीकरण गरिने व्यवस्था गरेको छ । यसमा शिक्षक र विद्यार्थीबिचमा प्रत्यक्ष संवाद र सहकार्य गरी गरिने सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना गर्नुपर्ने र निर्णयात्मक मूल्याङ्कनका लागि लिइने परीक्षामा सहभागी हुन विद्यालय खुलेको वा पठनपाठन भएको कुल दिनको ७५ प्रतिशत हाजिरी भएको हुनुपर्ने किटान गरेकाले कक्षामा विद्यार्थीको नियमिततालाई महत्व दिएको छ ।

अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयको कक्षा १० मा अक्षरांकन पद्धतिको मूल्यांकन २५ प्रतिशत आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत अन्तिम मूल्याङ्कनको भार भएकाले पाठ्यघण्टा पनि सोहीअनुसार रूपान्तरण गर्ने गरी विद्यालयले व्यवस्थापन गर्ने गरिनु पर्दछ । सामुदायिक विद्यालयले आन्तरिक तथा आवधिक (बाह्य) मूल्याङ्कनमा विद्यार्थीले पाएको अङ्कभार छुट्टाछुट्टै राख्ने गरिएको पाइयो । आन्तरिक र आवधिक ( बाह्य) मूल्याङ्कनमा विद्यार्थीले पाएको अङ्कभारका आधारमा पनि ग्रेड निर्धारण तालिकाअनुसार ग्रेड पोइन्ट लेख्ने लेखिएकाले अक्षरांकन पद्धतिको अभ्यास निरन्तर भएको पाइयो ।

यस अध्ययन अनुसन्धान कार्यमा संलग्न विद्यालयका शिक्षकहरुबाट प्राप्त सुचना अनुसार अक्षराङ्कन पद्धति हाम्रो सन्दर्भमा नयाँ नै हो । विकसित देशहरुको यस पद्धतिलाई परीक्षणको विश्वसनिय र वास्तविक लेखाजोखाको रुपमा हेरिन्छ । विगतका मूल्याङ्कनकै साधनहरुबाटै नयाँ प्रविधिको रुपमा अक्षराङ्कन प्रणाली लागु गरिएको छ । तसर्थ अक्षराङ्कन प्रणालीमा अन्यौलता धेरै आएको देखियो । साविकको मापदण्डमा

आधारित मूल्याङ्कन प्रणालीलाई प्रयोग गरी उच्च सफलता हासिल भएको देखिएपछि एसइइ परीक्षा २०७२ मा पनि लागु गरिएको हो । त्यस कार्यले शिक्षक, अभिभावक र विद्यार्थीहरुमा पहिला पहिला केही अन्यौलता सिर्जना हुन गएको पाइन्छ । विद्यार्थीमा यो भ्रम पनि पऱ्यो की एसईईमा सबै पास हुने र सबैले जे चाह्यो त्यही पढ्न पाउने भन्ने कुरा चल्दा विद्यार्थीमा पढाइ प्रति त्यति वास्त नराखेको पाइयो । शिक्षा मन्त्रालयले निश्चित जि.पि.ए. तोकेर विद्यार्थीको क्षमता अनुसारको अथवा विद्यार्थीले पाएको न्यूनतम ग्रेड अनुसारको विषय पढ्न पाउने र केही प्राविधिक क्षेत्रमा अध्ययन गर्न निश्चित जि.पि.ए. (ग्रेड) तोकि दिँदा विद्यार्थीमा उच्चतम जि.पि.ए. प्राप्त गर्ने राम्रो क्षेत्रमा जान पाउने हुँदा र विद्यार्थीको क्षमता अनुसारको अध्ययन गर्न पाउने हुँदा शिक्षा क्षेत्रमा नयाँ आयाम थपिएको र विद्यार्थीमा हाल पढ्ने बानीको राम्रो विकास भएको र यस विद्यालयमा लिएको टेस्ट परीक्षा भन्दा पनि एस.एल.सी.मा राम्रो नतिजा प्राप्त गरेको र अहिलेको एस.ई.ई. परीक्षामा समेत विद्यार्थीले धेरै मेहनेत गरेका जानकारी प्राप्त भयो ।

## ४.२ अक्षराङ्कन पद्धतिमा देखिएका समस्या

कुनै पनि पद्धति वा काम गर्ने तौरतरिका पूर्ण रुपमा दोषमुक्त हुँदैन । अङ्कन प्रणालीका पनि केही राम्रा पक्ष थिए भने अक्षराङ्कनका पनि केही नराम्रा पक्ष छन् । अहिले अङ्कन प्रणालीलाई कामै नलाग्ने र अक्षराङ्कन त सबै समस्याको रामवाण भन्ने अर्थमा बुझ्न खोजियो भने यो एउटा ठूलो भूल हुनेछ । विद्यार्थी फेल पासको अर्थ नहुने भनेर सिकाइमा ध्यान दिन छोडे भन्ने गुनासो अभिभावक र केही शिक्षकको देखिएको छ । यस अध्ययनमा समावेश गरिएका सामुदायिक विद्यालयको कक्षा दसमा अक्षरांकन पद्धतिको सिकाइका पनि त्यतिकै प्रभाव पारेको देखिन्छ । शिक्षण सिकाइमा क्रममा अक्षरांकन पद्धतिले भौतिक व्यवस्थापन, आर्थिक, शैक्षिकले गर्दा सिकाइ स्तरमा पनि त्यतिकै भिन्नता ल्याएको छ । विद्यार्थीहरुको सिकाइका क्रममा झन्झटिलो र नबुझिने खालको भएको देखिन्छ । शिक्षण सिकाइमा मूल्याङ्कन गर्न कठिन भएको छ । त्यसैले गर्दा सामुदायिक विद्यालयका अक्षरांकन पद्धतिमा समस्या आउने गरेका छन् ।

### ४.२.१ अक्षरांकन पद्धतिप्रति ज्ञानको कमी

विद्यार्थीहरुका अनुसार अक्षराङ्क पद्धतिले गर्दा अन्यौलता सृजना गरेको देखिन्छ । विद्यार्थीहरुले अझै पनि आफ्नो मार्कसिट कस्तो खालको हो भनी प्रतिशतमा ढालेर हेर्ने गरेको पाइयो । विद्यालयमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले यस प्रणाली प्रति त्यति जानकारी नहुने गरेकाले पनि पढाइमा लापरवाही हुने गरेको देखिन्छ । अक्षराङ्क पद्धतिको कारण आफ्नो उपलब्धीलाई अभिभावकलाई बुझाउन गाह्रो परेको र आफुले पनि केही हदसम्म नबुझेको सूचना प्राप्त भयो ।  विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुमा अक्षरांकन पद्धति सम्बन्धी  जानकारी नहुनु मुख्य समस्या रहेका छन् । मूल्याङ्कन प्रणालीबारे सबैमा जानकार नभएकाले पनि पढाइमा बढी समस्या आउने गरेको देखिन्छ । प्रधानाध्यापकले अक्षरांकन पद्धतिको कार्यान्वयनमा सरोकारवालाहरु प्रतिको उचित कदम पहल लिन नसक्नु, ज्ञानको कमीका कारण विद्यालय समुदायको सम्बन्ध राम्रो बनाउन नसक्नु । अभिभावकले विद्यार्थीहरूको पढाइ प्रक्रिया र मूल्याङ्कनका बारेमा विद्यालयमा गएर नबुझ्नु, विद्यार्थीको स्तर के कस्तो रहेको छ त्यसको बारेमा जानकारी प्राप्त भएको छ । विद्यार्थीहरूलाई पनि यसबारे पर्याप्त ज्ञान नभएकाले अध्ययनका क्रममा पनि विद्यार्थी सहभागितामा कमी हुने गरेको पाइयो । विद्यार्थीलाई यसबारे मूलभूत रूपमा ज्ञान हुनु आवश्यक छ ।

### ४.२.२ अक्षरांकन पद्धति सम्बन्धी तालिमका अपर्याप्ता

यो पद्धति प्रभावकारी नै भए पनि यसमा केही समस्याहरु छन् । प्रधानाध्यापक सँगको छलफललाई ध्यानमा राख्दा कतिपय विद्यार्थीहरुमा जति अंक ल्याए पनि उत्तीर्ण भइन्छ भन्ने गलत मानसिकताले गर्दा मेहनत गरी पढ्ने बानी कम हुँदै गएको जानकारी पाइयो । अभिभावकमा चाहि पुरानो पद्धतिमा आफ्नो बच्चा प्रथम श्रेणी, द्वितीय श्रेणी र तृतीय श्रेणीमा उत्तीर्ण भएको अवस्थामा खुशी हुने तर स्तरीकृत अंक, अक्षरमा उपलब्धि भन्ने जस्ता पक्षले गर्दा कुरा नबुझी अन्यौलमा अवस्था भएको जानकारी लिन सकिन्छ भने शिक्षकहरुलाई पनि यस्तो मूल्याङ्कन पद्धतिको विषयमा व्यापक तालिम नहुँदा विद्यार्थीलाई प्रभावकारी ढङ्गले नपढाए पनि उत्तीर्ण भई माथिल्लो तहमा अध्ययन गर्न पाउँछन् भन्ने समस्या एकतिर भेटिन्छ भने अर्को तिर यस्तो मूल्याङ्कन पद्धतिको विषयमा शिक्षकलाई पर्याप्त मात्रामा तालिम र अभिमुखिकरणको कमीले प्रभावकारी कार्यान्वयन गर्न स्तरीकृत

अंक र अक्षरमा उपलब्धि निर्धारणमा कतै-कतै अन्योल पाइन्छ । पठन-पाठनमा पनि समय घण्टा निर्धारण गर्दा पनि समयमा कोर्ष नसकिने अवस्था भेटिन्छ ।

## २.२.३ अक्षरांकन पद्धतिको मापदण्ड कार्यान्वयनमा कठिनाई

प्रस्तुत अध्ययनमा मापदण्ड प्रभावकारी कार्यान्वयन नगर्नु सम्बन्धमा देखिएका विविध समस्या मध्ये सरोकारावालाले अक्षरांकन पद्धति प्रभावकारी कार्यान्वयन नुहुनमा अक्षरांकन पद्धतिको मापदण्डमा स्पष्ट नहुनु पनि मुख्य समस्या रहेको छ । यस अध्ययनमा विद्यालयमा अभिभावकमा अक्षरांकन पद्धतिको मापदण्डमा स्पष्ट जानकारी नभएका कारण निस्कृय भई अभिभावक र प्र.अ.सँगको सम्बन्धमा  समस्या हुने गरेको पाइयो । विद्यार्थीहरूलाई अक्षरांकन पद्धति कार्यान्वयन र मूल्याङ्कनका बारे विद्यार्थीको भूमिका स्पष्ट पारिएको छैन । विद्यालयमा शिक्षकहरूको पद्धतिको मापदण्डमा स्पष्ट नहुनुले गर्दा मूल्यांकनमा समस्या रहेको छ । अक्षरांकन पद्धति कार्यान्वयनमा शिक्षक र विद्यार्थी बीच सहकार्यमा कमी आएको छ । अक्षरांकन पद्धति कार्यान्वयनमा नेतृत्वले समाबेश गरिएका कार्यहरु, पद्धतिको मापदण्ड प्रति स्पष्ट जानकारी नहुनुले प्रभावकारी शैक्षिक व्यवस्थापन नभएको, विद्यालयमा विद्यार्थीहरु नियमित नहुने गरेको, सिकाइ उपब्धिमा ह्रास आउदै गएको, विद्यार्थीको संख्या अनुसार परीक्षामा सामेल नहुने गरेको पाइयो । पद्धतिको मापदण्डमा शिक्षक, विद्यार्थी, अभिभावक तथा सबै सरोकारवालासँग व्यापक छलफल नभएको पाइयो । अक्षरांकन पद्धतिका बारेमा विद्यालयमा शिक्षकहरूमा पनि स्पष्ट नहुने भएकाले यसका बारेमा अभिभावकलाई पनि त्यति जानकारी नभएको पाइयो । विद्यार्थीको शिक्षण सिकाइका क्रमा पनि मापदण्ड प्रयोगका क्रममा कठिन हुने गरेको पाइयो । मापदण्ड अनुसार कार्यान्वयन गर्नमा कठिन सम्पूर्ण सरोकारवालाहरुले जानकारी पाउने गरी भेलाको मिति र समय निर्धारण गरी ब्यापक संरचनाको प्रबन्ध नमिलाउनु, सबैले अक्षरांकन पद्धतिको मापदण्डमा भएका समस्या प्रतिको जिम्मेवारी बोध गरी उत्तरदायित्व र कर्तब्य पूरा गर्नुपर्छ । सरोकारवालाहरुमा अक्षरांकनका बारेमा जानकारी दिन नसक्नु र शिक्षकलाई सम्बन्धित निकायबाट उचित जानकारीका लागि कार्यक्रममा सहभागि नगरिनु र प्र.अ. क्रियाशिल भइ आफ्नो कार्यमा खटिरहने भएकाले अक्षरांकनका बारेमा समस्या यथावत नै रहनुले अक्षरांकन पद्धतिको मापदण्डमा स्पष्ट नहुने समस्या देखिएको छ ।

### ४.२.४ सिकाइ उपलब्धि अभिलेखखिकरण प्रभावकारी नहुनु

यस शोध अध्ययन अनुसन्धानको लागि छनोटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूसँग अक्षरांकन पद्धति कार्यान्यनमा देखिएका समस्याका सम्बन्धमा सोधिएको प्रश्नावली तथा अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार अक्षरांकन पद्धति विद्यालयमा कार्यान्वयन भएको भएतापनि पर्याप्त मात्रामा शिक्षण सिकाइ क्रियाकलाप नभएको देखिन्छ । विद्यार्थीको रुचि, क्षमता, स्तर अनुसार क्रियाकलाप नभएकाले विद्यार्थीको पढ्ने बानीको विकास भएको पाइदैन । कक्षामा विषयगत अध्ययनका क्रममा ध्यान नदिने गरेको पाइयो । विषयमा उपस्थिति भएपनि पास भइहालिन्छ भन्ने धारणा बढी विद्यार्थीहरुमा विकास भएको छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीको धारणामा सिकाइ प्रतिको गुणस्तरीयता खस्कदो अवस्थामा रहेको पाइयो । विद्यालयमा पढ्ने बानीको विकास नहुनु, घरमा पनि शैक्षिक वातावरण नहुनु, साथीभाइसँग पास भइन्छ भन्ने धारणा बढी रहने जस्ता कारणले गर्दा पनि विद्यार्थीको पढ्ने बानीको विकास भएको पाइदैन । विद्यालयमा शिक्षकले कक्षाकोठामा दिएका सबै सिकाइलाई ग्रहण नगरेकाले पनि अक्षरांकन पद्धतिले विद्यार्थीलाई अल्छी बनाउँदै गएको पाइयो । सिकाइका क्रममा विद्यार्थीको धारणा गुणस्तरीय सिकाइ भन्दा पनि पास मात्र हुने धारणा  बढी भएकाले अक्षरांकन पद्धतिमा अनुत्तीर्ण गर्न नमिल्ने शैक्षिक नीति अनुसार पनि विद्यार्थीको पढ्ने बानीको विकासमा ह्रास आएको पाइयो । त्यसैले शिक्षण सिकाइमा अक्षरांकन पद्धतिमा पढाइमा विद्यार्थीको विकासमा समस्या आएको पाइयो ।

### ४.२.५  शैक्षिक गुणस्तरीयतामा ह्रास हुनु

विद्यार्थीलाई सिकाउने वा सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रक्रियालाई शिक्षण सिकाइ प्रक्रिया भनिन्छ । बालबालिकाले सिक्ने कार्यसँग शिक्षण सम्बन्धित भएको हुँदा सिकाइ विना शिक्षणको अर्थ अपुरो हुन्छ । यसर्थ औपचारिक शिक्षा पद्धतिमा शिक्षण सिकाइको पक्षलाई प्रभावकारी बनाउन विद्यालय र कक्षाकोठाको सिकाइ वातावरण एवम् कक्षाकोठामा सञ्चालन हुने गतिविधिलाई प्रमुख तत्व मानिएको छ । शिक्षकको भूमिका सूचनाकर्ता, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने

व्यक्तिको रूपमा प्रस्तुत हुन सकेमा मात्र शिक्षण सिकाइ कार्य अर्थपूर्ण हुन्छ । यसरी नै विद्यालय र समुदायबीचको सम्बन्ध, शैक्षिक सामग्रीको उपलव्धता, बालबालिकाको मूल्याङ्कन पद्धति जस्ता तत्त्वहरूलाई बालमैत्री शिक्षण सिकाइ प्रक्रियाका प्रमुख पक्षहरू मानिएका छन् । बालबालिकाहरूलाई गीत, नाच, खोजपूर्ण कार्य कथा, खेल जस्ता मनोरञ्जनात्मक क्रियाकलापमा पनि संलग्न गराउनु पर्दछ । शिक्षण सिकाइ क्रियाकलापलाई खोजमुखी, अन्तरक्रियात्मक, प्रवर्धनात्मक गराउन परियोजना कार्य, घटना अध्ययन अवलोकन जस्ता पक्षहरूलाई पनि जोड दिनु पर्दछ ।

सक्रिय शिक्षण सिकाइ र कक्षा शिक्षणको तालिम लिएका शिक्षक शिक्षिका स्थानीय शैक्षिक सामग्री निर्माण गर्न व्यस्त हुने गरेको उल्लेख गरिएको भएतपनि अध्ययनको क्रममा नमुना छनौटमा परेका सामुदायिक विद्यालयका प्र.अ. र शिक्षकहरूसँग गरिएको प्रश्नावलीका आधारमा विद्यार्थी र शिक्षकहरूमा विद्यालयमा हुने पठनपाठनमा निरन्तर रूपमा चासो नदेखाउने गरेको, विद्यार्थीको चौतर्फी विकासका लागि हप्ताको एक पटक शुक्रवार अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको पाइयो । विद्यालयमा पाठ्य पुस्तकको व्यवस्था, शिक्षण विधि र शिक्षण प्रक्रियाको वातावरण र शैक्षिक प्रक्रियाका आधारमा अतिरिक्त क्रियाकलाप शिक्षकहरूबीच आवश्यकता अनुसार छलफल र अन्तरक्रिया नहुने गरेको पाइयो । कक्षा शिक्षणका क्रममा पाठयोजना र कुनै शैक्षणिक योजना नभई शिक्षण प्रक्रिया हुने गरेको पाइयो । शिक्षकहरूले पाठयोजना अनुसार शैक्षिक सामग्रीहरूको प्रयोग नगरी शिक्षण गर्ने गरेको पाइयो । कक्षा शिक्षणका क्रममा विद्यार्थीको शैक्षिक सामग्रीहरूलाई पनि ध्यान नदिनुले विद्यार्थीको सिकाई प्रक्रियामा बाधा पुग्ने र अक्षरांकन पद्धतिमा सिकाइ उपलब्धि स्तर कमजोर हुने गरेको पाइयो ।

अक्षरांकन पद्धतिमा विद्यालयमा शैक्षिक प्रक्रियाको रूपमा अनुशाशित माध्यमबाट शिक्षण गरिने हुँदा विद्यार्थीमा बोझको वातावरण हुने, अनुशासनमा बस्नु पर्ने भएकोले निरन्तर कक्षा सञ्चालन गरिनुले विद्यार्थीको मानसिक तनाव बढ्ने गरेको पाइयो । शिक्षण प्रक्रियामा शिक्षकले कक्षामा सहयोग नगर्ने गरेकोले पनि कुनै शिक्षकको विषयमा कक्षामा सहभागी नहुने गरेको समेत रहेको पाइयो । त्यसैले विद्यार्थीहरूमा

सिकाइ उपलब्धिमा कमजोर हुने गरेको, विद्यार्थी लगनशील नहुनु, बढी गृहकार्यको बोझ भोग्नु परेको समेत पाइयो । विद्यालय सुधार योजना अद्यावधिक गर्ने,वार्षिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना र दैनिक योजना र शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालि कार्यान्वयन अवस्था कमजोर पाइयो ।

### ४.२.६ ग्रेडको स्तरीकरण गर्न कठिन

माध्यमिक तहका लागि परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा सार्वजनिक गरेको छ । तर, अभिभावक तथा विद्यार्थीलाई एसईईको नतिजा बुझ्न निकै समस्या हुने गरेको छ । पहिले नतिजा श्रेणीमा प्रकाशन गरिन्थ्यो । पहिले प्रतिशतका आधारमा श्रेणी मापन गरिन्थ्यो । जसमा ८० प्रतिशतभन्दा बढी ल्याउने उच्च श्रेणी, ६०-८० प्रतिशत ल्याउने प्रथम श्रेणी, ४५-६० प्रतिशत ल्याउने दोस्रो श्रेणी, ३२-४५ प्रतिशत ल्याउने तेस्रो श्रेणी र ३२ भन्दा कम प्रतिशत ल्याउने अनुत्तीर्ण हुने गर्दछ तर, २०७१ सालदेखि लेटर ग्रेडिङको प्रावधान आएसँगै विद्यार्थी र अभिभावक दुवै नतिजामा अलमलिने गरेका छन् । अहिले नतिजा ग्रेडिङ पोइन्ट एभरेज (जीपीए)मा प्रकाशन हुन्छ । त्यसलाई बुझ्न निकै मुस्किल हुने गरेको छ । अहिलेको ग्रेडिङ प्रणालीअनुसार नतिजालाई 'ए-प्लस', 'ए', 'बी-प्लस', 'बी', 'सी-प्लस', 'सी', 'डी-प्लस', 'डी', र 'ई' गरी ८ वटा ग्रेडमा विभाजन गरिएको छ । यदि कुनै परीक्षार्थीले ३.६५ देखि ४.०० जीपीए ल्याउने अतिविशिष्ट 'ए-प्लस' अन्तर्गत पर्छ । जुन ९०-१०० प्रतिशत बराबर हो । त्यस्तै, ३.२५ देखि ३.६० जीपीए ल्याउने विशिष्ट अर्थात् 'ए' ग्रेडमा पर्छ । जुन ८०-९० प्रतिशत बराबर हो । २.८५ देखि ३.२० ग्रेड ल्याउने विद्यार्थी 'बी-प्लस' अर्थात् धेरै राम्रो श्रेणीमा पर्छ । जुन ७०-८० प्रतिशत बराबर हो । २.४५ देखि २.८० जीपीए ल्याउने विद्यार्थी 'बी' अर्थात् राम्रो श्रेणीमा पर्छ । यो ६०-७० प्रतिशत बराबर हुन्छ । २.०५ देखि २.४० जीपीए आउने विद्यार्थी 'सी-प्लस' ग्रेड अर्थात् औसतभन्दा माथि पर्छ । जुन ५०-६० प्रतिशत बराबर हो । १.६५ देखि २.०० जीपीए ल्याउने विद्यार्थी 'सी' ग्रेडमा पर्छ । जसलाई औसत भनी व्याख्या गरिएको छ ।

यसरी अध्ययन क्षेत्रका विद्यालयमा यस ग्रेड प्रणालीका बारेमा स्तरीकरण गर्न कठिन परिस्थिति भएको खण्डमा विद्यार्थीलाई बुझ्न र बुझाउन कठिन भएको पाइयो । यसैगरी विद्यार्थी र शिक्षकको मूल्यांकन गर्न कठिन भएको पाइयो । विद्यार्थीको रुचि अनुसार कक्षाकोठामा विद्यार्थीको उपस्थितिका आधारमा विद्यार्थीका शैक्षिक समस्याहरूलाई पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू उपलब्ध नगरिनु जस्ता समस्याहरूले गर्दा विद्यार्थीको पढाइमा बाधा हुने गरेको पाइयो । विद्यार्थीहरू समयमा उपस्थिति नहुनुले अक्षरांकन पद्धति कार्यान्वयन सिकाइ उपलब्धिमा कमी हुने गरेको देखिन्छ । विद्यार्थीहरूको उपस्थिति र मूल्याङ्कनका बारे विद्यार्थीको भूमिका स्पष्ट पारिएको छैन । शैक्षिक योजना निर्माण र प्रभावकारी नभएको कारण विद्यार्थीहरू शिक्षण कार्यमा संलग्न हुन सकिरहेका छैनन् । प्र.अ.को विद्यार्थी प्रतिको व्यवहारले विद्यार्थीहरू समयमा उपस्थिति नहुने गरेको, विद्यार्थीहरूमा आर्थिक समस्या भएकोले शिक्षण सामग्रीहरू पर्याप्त नभएको पाइयो । शिक्षण सामग्रीहरू पर्याप्त नभएकोले अक्षरांकन पद्धति कार्यान्वयन सिकाइ उपलब्धिमा कमी रहेको देखिन्छ । विद्यालयमा शैक्षिक उपलब्धि राम्रो भएको उल्लेख गरिएको छ । विद्यालयमा विद्यार्थीको नतिजा अनुसार उत्प्रेरणाको अभाव भएकाले विद्यार्थीमा उपस्थितिमा हौसला प्राप्त नभएको देखिन्छ ।

### ४.२.७ मूल्याङ्कन गर्न कठिनाइ

यस अध्ययन अनुसन्धान कार्यमा कक्षा १० मा अक्षराङ्कन पद्धतिको स्थितिबारे कृष्ण माध्यमिक विद्यालयका वि.व्य.स. अध्यक्ष प्राप्त सुचना अनुसार अक्षराङ्कन पद्धति हाम्रो सन्दर्भमा नयाँ नै हो । विकसित देशहरुमो यस पद्धतिलाई परीक्षणको विश्वसनिय र वास्तविक लेखाजोखाको रुपमा हेरिन्छ । विगतका मूल्याङ्कनकै साधनहरुबाटै नयाँ प्रविधिको रुपमा अक्षराङ्कन प्रणाली लागु गरिएको छ । तसर्थ अक्षराङ्कन प्रणालीमा अन्यौलता आएको देखियो । साविकको मापदण्डमा आधारित मूल्याङ्कन प्रणालीलाई २०७१ सालमा TSC मा प्रयोग गरी उच्च सफलता हासिल भएको देखिएपछि

एस.एल.सी. परीक्षा २०७२ मा पनि लागु गरिएको हो । त्यस कार्यले शिक्षक, अभिभावक र विद्यार्थीहरुमा पहिला पहिला केही अन्यौलता सिर्जना हुन गयो । विद्यार्थीमा यो भ्रम पनि पर्‍यो की एस.एल.सी.मा सबै पास हुने र सबैले जे चाह्यो त्यही पढ्न पाउने भन्ने कुरा चल्दा विद्यार्थीमा पढाइ प्रति त्यति वास्त नराखेको पाइयो । पछि शिक्षा मन्त्रालयले निश्चित जि.पि.ए. तोकेर विद्यार्थीको क्षमता अनुसारको अथवा विद्यार्थीले पाएको न्यूनतम ग्रेड अनुसारको विषय पढ्न पाउने र केही प्राविधिक क्षेत्रमा अध्ययन गर्न निश्चित जि.पि.ए. (ग्रेड) तोकि दिँदा विद्यार्थीमा उच्चतम जि.पि.ए. प्राप्त गर्ने राम्रो क्षेत्रमा जान पाउने हुँदा र विद्यार्थीको क्षमता अनुसारको अध्ययन गर्न पाउने हुँदा शिक्षा क्षेत्रमा नयाँ आयाम थपिएको र विद्यार्थीमा हाल पढ्ने बानीको राम्रो विकास भएको र यस विद्यालयमा लिएको टेस्ट परीक्षा भन्दा पनि एस.एल.सी.मा राम्रो नतिजा प्राप्त गरेको र अहिलेको एस.ई.ई. परीक्षामा समेत विद्यार्थीले धेरै मेहनेत गरेका जानकारी प्राप्त भयो । अतः विगतको मापदण्डमा आधारित मूल्याङ्कन प्रणालीमा विद्यार्थीको उपलब्धि अंकमा गणना गरिन्थ्यो र ३२ अंकभन्दा कम हुने विषयमा फेल गराइथ्यो भने अक्षराङ्कन पद्धतिमा फेल भन्ने शब्द नभएको र अङ्कमा दिइने विद्यार्थी उपलब्धिलाई अक्षरमा रुपान्तरण गरिएको र सबैले आफ्नो क्षमता अनुसारको उच्चच शिक्षा वा प्राविधिक शिक्षा पढ्न पाउने व्यवस्था रहेको जानकारी प्राप्त भयो ।

विद्यालयमा अधिकांश विद्यार्थीको अनुपस्थिति हुने गरेकाले कक्षा १० मा उनीहरुलाई सबै विषयवस्तुमा समावेश गर्न नपाइएको धारणा रहेको पाइयो । सिकाइ प्रक्रियामा कमजोर हुने गरेकाले मूल्यांकन प्रणालीमा पनि कमजोर हुने गरेको पाइयो । विद्यार्थीको नियमित कक्षामा उपस्थित नहुनु, उनीहरुको पढ्ने बानीको विकास नहुने गरेको र सिकाइका क्रममा सबै विद्यार्थीहरुमा सहयोगको भावना नहुने गरेको पाइयो । जसरी पनि पास भइहालिन्छ भनेर एक अर्काको सिको गर्ने बानीको विकास भएकाले विभिन्न गृहकार्य, कक्षाकार्य, अनुसन्धान कार्य, भ्रमण तथा अन्य पाठगत कार्यहरुलाई कक्षामा प्रभावकारी रुपमा परिश्रम गर्ने बानीको विकास नभएको पाइयो । सिकाइ गर्ने बानी नभएकाले विद्यार्थीलाई चासो नहुने गरेकाले मूल्यांकनमा पनि त्यतिकै मात्रामा ग्रेड

आउने गरेको पाइयो । तसर्थ सिकाइभन्दा कक्षा चढ्ने पद्धति भएकाले उनीहरुको धारणा माथिल्लो क क्षामा जान पाए भइहाल्यो भन्ने धारणा बढी विकास हुने गरेको ले प्रभाव पारेको देखिन्छ ।

माध्यमिक विद्यालयमा अक्षरांकन पद्धतिको कार्यान्वयले सिकाइमा प्रभाव पारेको पाइयो । जबकी सिकाइ प्रक्रियामा त्यति उन्नति नभएको पाइयो । सिकाइका क्रममा विद्यार्थीहरु कक्षामा ध्यान नदिने गरेकाले पनि उनीहरुको सिकाइ प्रभावकारी नभएको पाइयो । विद्यालयको भौतिक व्यवस्थापनका साथै शैक्षिक व्यवस्थापनमा पनि कमजोर रहेकाले शिक्षकलाई आकर्षक रुपमा शैक्षिक गतिविधिहरु सञ्चालन गर्न नपाइने गरेको तर परीक्षामा पास हुने गरेकाले पनि विद्यार्थीमाहरुमा पढ्ने बानीको विकास न्यून रहेको देखिन्छ । सबै विद्यार्थीहरुमा पढाइप्रति दुःख गर्ने बानीको विकास घट्दै गएकाले सिकाइमा पाठ्यक्रमले तोकेका उद्देश्यहरु पूरा गर्नमा कठिनाइ हुँदै गएको पाइयो ।

## ४.३ अक्षराङ्कन पद्धतिमा देखिएका समस्या समाधानका उपाय

यस अध्ययनमा समावेश गरिएका जम्मा ५ वटा विद्यालयमा माध्यमिक तह कक्षा १० मा अक्षरांकन पद्धतिको क्रममा देखिएका समस्याहरू समाधानका उपायसँग सम्बन्धित सूचना संकलनका लागि विभिन्न साधनको प्रयोग गरी विभिन्न उत्तरदाताहरूबाट निम्न सूचना प्राप्त भएको छ ।

### ४.३.१ अक्षरांकन पद्धति सम्बन्धी ज्ञान प्रदान

शिक्षा विकास निर्देशनालयले विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयनमा सहजीकरण र अनुगमन गरिनु पर्दछ ।  शिक्षा विकास तथा समन्वय एकाइको भूमिकाका सम्बन्धमा विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने गराउन गरिनु पर्दछ । विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्न विद्यालयलाई आवश्यक अभिमुखीकरण, सहजीकरण तथा अनुगमन गर्ने गर्नु पर्दछ ।

अक्षरांकन पद्धतिका सम्बन्धमा स्थानीय तहको भूमिका सम्बन्धी विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने, गराउने, कक्षा ८ मा बाह्य परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्दा लेटर ग्रेडिङ कार्यान्वयन गर्ने गर्नु पर्दछ । विद्यार्थी

मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्न आवश्यक अभिमुखीकरण, सहजीकरण तथा अनुगमन गर्ने विद्यालयको भूमिकालाई वृद्धि गरिनु  पर्दछ । विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको कार्यान्वयन गर्ने, गराउने । शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवाला सबैमा यस पद्धतिबारे जानकारी गर्ने गराउने, आवश्यकताअनुसार अभिमुखीकरण र छलफल गरी अवधारणगत स्पष्टता कायम गर्ने, प्रयोगात्मक कार्य, परियोजना कार्यलगायतका सिकाइसम्बद्ध क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विद्यार्थी उपलब्धिको विवरण अभिलेखअनुसार प्रमाणीकरण गरी उपलब्ध गराउनु पर्दछ ।

यस अध्ययनमा अध्ययनको नमुना छनोटमा परेका विद्यालयमा अक्षरांकन पद्धतिले मूल्याङ्कनका क्रममा देखिएका समस्या समाधान गर्नका लागि अक्षरांकन पद्धतिका बारेमा अभिभावक र विद्याथीमा ज्ञान प्रदान गर्नु पर्ने देखिन्छ ।  विद्यार्थीले दिएको सूचना अनुसार विद्यालयमा सरोकारवाला सबैले अक्षरांकन पद्धतिको कार्यान्वयन गर्नका लागि गरेका हरेक योजना तथा कार्यक्रमको विद्यार्थीहरूलाई जानकारी गराइनु पर्दछ । अक्षरांकन पद्धति स्थानीय समुदायले पनि विद्यालयलाई सहयोग गर्नु पर्दछ । अक्षरांकन पद्धतिका सम्बन्धमा विद्यार्थीका उपलब्धिहरूलाई व्यवस्थित गरिनु पर्दछ । विद्यालयको अक्षरांकन पद्धतिको कार्यान्वयन बारेमा विद्यार्थीका प्रतिभाहरूलाई प्रस्फुटन गर्ने विभिन्न कार्यक्रमहरू समावेश गरिनु पर्दछ । विद्यार्थीहरूलाई समय समयमा शैक्षिक क्रियकलापहरू सञ्चालन गरी  सिकाइ उपलब्धी वृद्धि हुने कार्यक्रमहरू गरिनु पर्दछ । विद्यार्थीको सिकाइका क्रममा देखिएका समस्याहरुलाई औल्याइ आफैले सुधार गर्न सक्ने गरी शिक्षण गर्नुपर्ने देखिन्छ । विद्यार्थीको अक्षरांकन पद्धतिमा देखिएका समस्या र उनीहरुले सिकाइमा पाएका ग्रेडका बारेमा स्पष्ट हुने देखिन्छ । विद्यार्थी, अभिभावक, विद्यालय व्यावस्थापन समिति र शिक्षक अभिभावक संघ सबैलाई भेलामा सक्रिय गराइ अक्षरांकन पद्धतिका बारेमा जानकारी गराउनु पर्दछ । अभिभावकहरुलाई विद्यार्थीहरुले पनि थाहा पाए अनुसार  अक्षरांकन पद्धतिको मूल्याङ्कन प्रक्रिया, शिक्षण प्रक्रियाका सम्बन्धमा अगाडी जानकारी गराउनु पर्ने देखिन्छ । त्यसप्रतिधो चिन्तनमा विकास गराउनु पर्ने देखिन्छ । प्रधानाध्यापकले अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि

सबैलाई पत्राचार र सञ्चारको माध्यमबाट भएपनि सबैको सहभागिता गराउनु पर्ने देखिन्छ । अभिभावकका लागि र शिक्षक तथा विद्यार्थीहरुका लागि छुट्टै तालिमको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### ४.३.२ अक्षरांकन पद्धतिको मापदण्डको स्पष्ट जानकारी गर्नुपर्ने

यस अध्ययनमा अक्षरांकन पद्धतिको मूल्याङ्कनमा पारेको समस्यालाई समाधान गर्नका लागि यस अध्ययनमा सहभागि भएका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकलाई अक्षरांकन पद्धतिलाई प्रभावकारी कार्यान्वयन गर्न अक्षरांकन पद्धतिका बारेमा मूल्याङ्कनका बारेमा सुधार गर्नुपर्ने देखिन्छ । अक्षरांकन पद्धिका सम्बन्धमा स्पष्ट जानकारी विद्यार्थीका सामु पारी ग्रेडीङको स्तर र विद्यार्थीले प्राप्त गरेको स्तरलाई तुलनात्मक रुपमा जानकारी दिई स्पष्ट पार्नुपर्ने देखिन्छ । अक्षरांकन पद्धतिको मापदण्डप्रतिको अनविज्ञतालाई स्पष्ट गर्न छोराछोरीको पढाईलाई ध्यान दिनुपर्ने देखिन्छ । अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि छोराछोरीलाई अक्षरांकन पद्धतिको मापदण्डप्रति अनविज्ञताका बारेमा आफ्नो कर्तव्य बोध गर्नुपर्ने, अक्षरांकनका बारेमा शिक्षकले पढाएको नपढाएको बारे सूचना संकलन गर्नुपर्ने, अक्षरांकन पद्धतिको मापदण्डप्रति स्पष्ट अनविज्ञताका बारेमा प्र. अ.ले जिम्मेवारी पूरा गरेको नगरेको हेर्नुपर्ने, अक्षरांकन पद्धतिको मापदण्डप्रति जानकारी हुनुमा वार्षिक कार्यक्रम अन्तर्गत सरोकारवालाको योजना अनुसारका विद्यार्थीका कार्यक्रममा पनि समेट्नु पर्दछ । अक्षरांकन पद्धतिको मूल्याङ्कन र मापदण्ड कार्यान्वयनका लागि विद्यालय सुधार योजनामा विद्यार्थीको मापदण्ड र मूल्याङ्कन प्रक्रियामा वृद्धि हुने कार्यक्रम गरिनुपर्ने, अक्षरांकन पद्धतिको मापदण्डप्रति अनविज्ञताका बारेमा योजना तथा उत्प्रेरणामूलक शिक्षण विधिहरूलाई समावेश गरी मूल्याङ्कनका नीतिको व्यवस्था सम्बन्धी जानकारी गरिनु पर्दछ । कक्षा शिक्षणमा सक्रियता, विभिन्न शैक्षिक गतिविधिमा निरन्तरता आउनुका साथै सिकाइ उपलब्धिमा वृद्धि भएकाले अक्षरांकन पद्धतिको मापदण्डप्रति पूर्ण रुपमा जानकारी दिई विद्यार्थीहरूलाई थप उत्प्रेरणाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

विद्यालय सुधारका लागि अक्षरांकन पद्धतिको मूल्याङ्कनका बारेमा विद्यालय व्यावस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक स्टाफ बैठकमा निर्णय गर्नुपर्दछ । योजना निर्माणमा बैठक वा भेलामा समुह समुह बनाई प्रत्येक समुहलाई समस्याहरू दिई ति समस्याहरूमा व्यापक छलफल गर्न लगाई सबै समुहले निकालेको निस्कर्षलाई अन्तिम रूप दिनु पर्दछ । अक्षरांकन पद्धतिको मापदण्डप्रति अन्यौलता सम्बन्धी प्र.अ.ले अक्षरांकन पद्धतिको मूल्याङ्कनको योजना निर्माण एवम् कार्यान्वयनको सम्बन्धमा सरोकारवालाहरू बिच जिम्मेवारी बाँडफाँड गर्नु पर्दछ । अन्तर विद्यालय भ्रमण गरी अथवा अन्तर विद्यालय कार्यक्रमहरू सँचालन भई रहेका छन् । अक्षरांकन पद्धतिको मापदण्डप्रति स्पष्ट जानकारी दिइ विद्यालयमा लागु गर्न पहल गर्नु पर्दछ । अक्षरांकन पद्धतिको मापदण्डका बारेमा विद्यालयका सरोकारवाला व्यक्तिहरूले निरन्तर रूपमा अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ ।

### ४.३.३ अक्षराङ्कन सम्बन्धी शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने

विद्यार्थीहरूलाई सहभागी गराउन सकेमा कार्यान्वयनमाा अक्षरांकन सम्बन्धी तालिम व्यवस्थापन गर्नुपर्ने देखिन्छ । अक्षरांकन सम्बन्धी तालिमको व्यवस्था गरी अभिभावक भेला बोलाई शैक्षिक सामग्रीको उचित व्यवस्थापन, शिक्षण विधिको प्रयोग र अन्य शैक्षिक क्रियाकलापहरू र अक्षरांकन पद्धतिको नतिजा, ग्रेड प्रणालीका सम्बन्धमा जानकारी गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समिति गठनमा अक्षरांकन पद्धतिको कार्यान्वयन गर्न समावेशीकरण गर्न सक्नु पर्दछ । तालिमको व्यवस्थापन गरी अक्षरांकन पद्धतिको मूल्याङ्कन गर्न अक्षरांकनको जानकारीका बारेमा सबैमा सचेत गरी मूल्याङ्कन गर्ने पद्धतिको नीति नियमका बारेमा सबैमा जानकारी दिनुपर्दछ । विद्यार्थीहरुमा भएको अन्यौलताका सम्बन्धमा शिक्षकले कक्षामा जानकारी दिनुपर्दछ । ग्रेडका बारेमा जानकारी दिइनुपर्दछ । प्राप्त गरिएका तथ्याङ्कलाई बुझाएर त्यसको प्रतिशत समेत जानकारी दिइनु पर्ने भएकाले बढी अक्षरांकन पद्धति कायम गरिनु पर्दछ । विद्यालयमा अक्षरांकन पद्धतिका आधारमा विद्यालयमा सबै विद्यार्थीहरुका लागि शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई कार्यक्रमका आधारमा जानकारी गराउनु पर्दछ ।

अक्षरांकन सम्बन्धी शिक्षा निकायले सम्बन्धित निकायलाई अक्षरांकन सम्बन्धी तालिमको व्यवस्थापन गरिनु पर्दछ ।

यस अध्ययनमा अक्षरांकन पद्धतिका सम्बन्धमा शिक्षकमा देखिएका अन्यौलता समाधान गर्न तालिमको व्यवस्थापन गरी मूल्याङ्कन प्रक्रियामा प्रभावकारिता ल्याउनु पर्ने देखिन्छ । अभिभावकमा भएको अन्यौलतालाई समाधान गर्नका लागि जानकारीमूलक कार्यक्रम तथा अक्षरांकन पद्धतिको समस्या र समाधानका बारेमा जानकारी दिनु पर्ने देखिन्छ । शिक्षक विद्यार्थीहरुलाई विद्यालयले कुनै प्रशासनिक रुपमा प्रशिक्षण, तालिम गोष्ठी तथा सेमिनार सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्यालयको तर्फबाट अक्षरांकन पद्धतिको कार्यान्वयन गर्न सरकारी तथा गैर सरकारी संघसंस्थासँग सहयोगको लागि पहल गर्नु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि शिक्षकले अध्यापन कार्यलाई प्राथमिकता दिनु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि प्रधानाध्यापक विद्यालय योजना निर्माणमा बढी क्रियाशील हुनु पर्दछ । यसका साथै विद्यालयले अक्षरांकन पद्धतिका बारेमा अभिभावकलाई समूह भेला, कार्यक्रम सेमिनार जस्ता कार्यक्रममा सहभागि गराइ जानकारी दिनुपर्ने देखिन्छ ।

शिक्षकको पेसागत विकास तालिममा लेटर ग्रेडिङको प्रयोग र यसका माध्यमबाट स्तरीय शिक्षण सिकाइका विषयवस्तु समेटेर क्षमता विकास गर्नु आवश्यक छ । शिक्षकको पेसागत दक्षतामा जोड दिई मौजुदा शिक्षकको कार्यसम्पादनलाई सुधार गर्नुपर्छ । यसबाट अक्षराङ्कन पद्धतिलाई स्वचालित ढाँचाका रूपमा विकास गर्न सहज हुन्छ । सक्षमतामा आधारित शिक्षण सिकाइलाई क्रियाकलापमा आधारित र मूल्याङ्कनलाई तथ्यमा आधारित बनाउन कक्षाकोठालाई प्रविधियुक्त साधन र शैक्षिक सामग्रीले पूर्ण बनाउनुपर्छ । विद्यार्थीमा सिक्नुपर्छ भन्ने भावना विकास गर्न विद्यार्थीले सिकेका कुरा, सिक्न बाँकी कुरा र माथिल्लो ग्रेड प्राप्तिका लागि थप अभ्यास गर्नुपर्ने क्षेत्रको वस्तुपरक जानकारी दिन सक्ने बनाउन कक्षाकोठाको व्यवस्थापनलाई केन्द्रित बनाउनु आवश्यक छ ।

### ४.३.४ उचित अभिलेखको लागि सफ्टवेयरको व्यवस्था

नमुना छनोटमा परेका विद्यालयमा अक्षरांकन पद्धतिको कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरूमा उचित अभिलेखीकरणका लागि विद्यालयलाई नेपाल सरकारले अक्षरांकन सम्बन्धी सफ्टवेयरको व्यवस्था गरिनु पर्दछ । विद्यालयमा अक्षरांकन सम्बन्धी दीर्घकालीन अभिलेखीकरण गर्नका लागि उचित सफ्टवेयरको व्यवस्थापन गर्नाले पनि सिकाइ उपलब्धिको अवस्था सफ्टवेयर मार्फत शैक्षिक कार्यहरु सहज रुपमा रहने गर्दछन् । भौतिक तथा आर्थिक रुपमा पनि अभिलेखीकरण गर्नका लागि पनि उचित सफ्टवेयरको व्यवस्थापन गरिनु आवश्यक छ ।

अध्यनन क्षेत्रका विद्यालयमा सफ्टवेयरको व्यवस्थापन प्र.अ. तथा शिक्षक बीच राम्रो सम्बन्ध र सहकार्य हुनु पर्ने देखिन्छ । अक्षरांकन पद्धतिको कार्यान्वयनका सम्बन्धमा अभिभावकहरूबाट समय समयमा सफ्टवरेमार्फत विद्यालयको अनुगमन तथा चासो गरिनु पर्ने, प्र.अ. तथा अन्य कुनै एकजना शिक्षकलाई मात्रै जिम्मा दिने गरिएकोले सबैको निर्णयको आधारमा कार्ययोजना निर्माण गरीनु पर्ने देखिन्छ । अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि विद्यालय सुधार योजना वस्तुनिष्ठ बन्न सकेका छैनन् । शैक्षिक रुपमा कठिन भएका कार्यलाई अक्षरांकन पद्धतिको सफ्टवेयरका बारेमा जोड दिनु पर्दछ यसका बारेमा सरोकारवाला निकायहरूले शिक्षाशाखा तथा स्थानीय निकायसँग सफ्टवेयरको नियमित अनुगमन सुपरिवेक्षण हुन सकेकाले समय अनुसार मिलाएर नियमित आउनु पर्ने देखिन्छ । अक्षरांकन पद्धतिको कार्यान्वयन र मूल्याङ्कनलाई विद्यालय सुधार योजनाको महत्वपूर्ण अँगको रूपमा नलिइनु, सरोकार पक्षबाट राम्रो गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्डको व्यवस्था प्रभावकारी नभएकोले त्यसमा जिम्मेवारी भएर लाग्नुपर्ने देखिन्छ ।

### ४.३.५ शैक्षिक गुणस्तरीयतामा जोड दिनुपर्ने

अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि विद्यालयमा शैक्षिक क्रियाकलाप सम्बन्धमा देखिएका समस्यालाई विद्यालय परिवारले नै सुदृढ गर्नुपर्ने देखिन्छ । विद्यालयमा शिक्षण सिकाइको सिर्जनात्मक प्रयोगमा जोड, कक्षाकोठाको व्यवस्थापन गरी पर्याप्त मात्रामा विद्यार्थीको संख्याका आधारमा शिक्षण सिकाइ क्रियाकलापको व्यवस्थापन गरिनु पर्ने देखिन्छ । शिक्षण सिकाइ क्रियाकलापका लागि शिक्षक तथा विद्यार्थीहरुले प्र. अ. सँग

राम्रो सम्बन्ध राख्ने, विद्यालयको भौतिक व्यवस्थापनका लागि विभिन्न संघसंस्था, समूह तथा अभिभावकको सहयोगका लागि अनुरोध गरिनु पर्ने । शिक्षण सिकाइ क्रियाकलाप गर्न कक्षाकोठामा भौतिक व्यवस्थापन र अभाव भएका विभिन्न फर्निचर, खेलमैदान तथा अन्य कक्षाकोठाका सम्बन्धमा विद्यालयमा छलफल र प्रगतिको समीक्षा गर्नु पर्ने, विद्यालयको शिक्षण सिकाइ क्रियाकलापका लागि प्रयोगात्मक कार्यमा बढी जोड दिनुपर्ने, कक्षाकोठामा बढी सिर्जनशील गरिनुपर्ने, विद्यार्थीलाई क्रियाशील रुपमा शिक्षण विधिको प्रयोग गरिनुपर्ने, विद्यालयको भौतिक वातावरणमा क्रियाकलाप मूखी खेलमैदान, कक्षाकोठा, भवन, तथा शैक्षिक सामग्रीको उचित व्यवस्थापन हुनुपर्ने देखिन्छ । शिक्षण सिकाइ क्रियाकलापका लागि अभाव भएका भौतिक संरचनाको संरक्षणका लागि पहल गर्नुपर्ने देखिन्छ ।

अक्षरांकन पद्धतिको प्रभावकारिताका लागि विद्यालयको अनुगमन र निरीक्षण गरी सबै विद्यालयले अक्षरांकन पद्धतिको कार्यान्वयनमा सक्रिय सहभागिता जनाउनु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयनले लागि शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा अधिकृत, वि.व्य.स. तथा विभिन्न माथिल्लो निकायहरूबाट कार्यान्वयन भए नभएको अनुगमन गरीनु पर्ने देखिन्छ । अक्षरांकन प्रणालीको प्रभावकारितामा शैक्षिक क्रियाकलापहरू लगायत भौतिक व्यवस्थापन योजनामा उल्लेख भएअनुसार कार्यान्वयन गरे नगरेको निरीक्षण गरीनु पर्ने, अक्षरांकन प्रणालीको प्रभावकारिताका लागि विद्यालयको प्रभावकारी शैक्षिक व्यवस्थापन छ छैन, समस्याहरू के कस्ता देखिएका छन् तथा आर्थिक अवस्था कस्तो छ जस्ता भौतिक तथा शैक्षिक समस्याहरूको अनुगमन गरीनु पर्ने देखिन्छ । अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि प्र.अ.ले सम्बन्धित नीति नियमलाई ख्याल गर्दै सरोकारवाला सबैलाई सहभागिता तथा उत्तरदायित्व बोधको अवसर विद्यालयले निर्माण गर्नु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयनको प्रभावकारिताको लेखाजोखा गर्नको लागि जिम्मेवारी बाँडफाँड गर्न विभिन्न समूह निर्माण गरीनु पर्दछ । प्रधानाध्यापकले विद्यालयमा विभिन्न नीति निर्माणको लागि बोलाइने भेलामा शिक्षा अधिकृत तथा शिक्षा विकास तथा समन्वय इकाइको प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नु पर्दछ । अक्षरांकन पद्धतिका सम्बन्धमा

अभिभावकहरू मध्येबाट पनि राम्रो कार्य गर्नेलाई सम्मान तथा कदरको वातावरण विद्यालयमा निर्माण गर्नु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयनमा विद्यालयलाई राजनीतिक पूर्वाग्रहबाट टाढा राख्ने वातावरण सबैले कायम गर्नु पर्दछ । प्रधानाध्यापक तथा वि.व्य.स. बीच सहकार्य तथा एकताको भावना हुनु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि शिक्षकहरूको बीचमा राम्रो सम्बन्ध हुनु पर्दछ, जसले गर्दा विद्यार्थीहरूलाई पनि विद्यालय सुधार योजना कार्यान्वयनमा परिचालन गर्न सकिन्छ ।

अक्षरांकन पद्धतिको कार्यान्वयनका लागि नियमित रूपमा विद्यालयमा सरोकारवाला संस्थाहरूबाट अनुगमन गरी अक्षरांकन पद्धतिको कार्यान्वयन लागि पृष्ठपोषण दिने गर्नुपर्दछ । विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन पछि अक्षरांकन पद्धतिको कार्यान्वयन गर्नका लागि विद्यालयको शैक्षिक, भौतिक, सामाजिक विकासमा वृद्धि भएको छ । अक्षरांकन पद्धतिको कार्यान्वयन विद्यालयको शैक्षिक उपलब्धिमा वृद्धिका लागि नेतृत्वले पहल गरिनु पर्दछ । अक्षरांकन पद्धतिको कार्यान्वयन गर्नका लाीग विद्यालयहरूमा रहेका समस्या समाधानका लागि जिल्ला स्थित सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने दायित्व जिल्ला शिक्षा अधिकारीसँग दरिलो सम्बन्ध स्थापना गरी अक्षरांकन पद्धतिको कार्यान्वयन गर्न पहल गरिनु पर्दछ । शिक्षण सिकाइमा शैक्षिक सामाग्रीको निर्माण प्रयोगलाई प्रभावकारी बनाउने उपायहरू मध्ये स्थानीय स्रोत सामाग्रीको निर्माण र प्रयोगमा जोड एक महत्वपूर्ण आवश्यक उपाय हो । शैक्षिक सामगग्रीले उद्देश्य प्रेरितको बाटो देखाउने भएकाले यसको प्रयोग तथा निर्माण आवश्यक छ । विद्यालयमा विषयवस्तु अनुसार विभिन्न शैक्षिक सामाग्रीहरू उपलब्ध हुनु पर्दछ । जतिबेला आवश्यक पर्‍यो त्यतिखेर प्रयोग गर्न सकियोस् । जसले शिक्षण मनोरञ्जनमा प्रभावकारी बनाउँछ । सिकाइलाई दिगो र धारणा प्रष्ट पार्न सजिलो हुन्छ । शिक्षणका उद्देश्यलाई गन्तव्यमा पुऱ्याउँछ । त्यस्ता भौतिक सामगग्री विभिन्न (प्रकारका हुने गर्दछन् । कुनै महंगो खरिद गरेर ल्याउने खालका हुन्छन् । भने कुनै स्थानीय स्तरमा निर्माण गर्न सकिने सामाग्रीहरूको प्रयोग गर्नु पर्दछ । जसले गर्दा आर्थिक भार पनि कम हुन्छ र विद्यार्थीहरूमा पनि प्रष्ट पार्न सजिलो हुन्छ ।

अक्षरांकन पद्धतिमा माध्यमिक तहमा बालमैत्री वातावरण सिर्जना गर्न प्रभावकारी शिक्षण सिकाइका लागि आवश्यक मात्रामा शैक्षिक सामग्री हुनुपर्दछ । अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धिमा वृद्धि गर्नका लागि शैक्षिक सामग्रीको लागि केहि सामग्री बजारमा किन्न पाइयो भने केहि सामग्री शिक्षक र विद्यार्थीले नै निर्माण गर्ने गरेको पाइयो । विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू उपलब्ध नभएकोले शिक्षण सामग्रीको उपलब्ध गर्नका लागि विद्यालय व्यवस्थापन समितिले पहल गरिनु पर्ने । पर्याप्त मात्रामा आधुनिक खालका श्रव्य, दृश्य र श्रव्यदृष्य शैक्षिक सामग्रीको व्यवथापन गर्न सरोकारवाला सबै पक्षलाई पहल गरिनु पर्ने आवश्यक देखिन्छ । विद्यालयमा कक्षाकोठामा आवश्यक शैक्षिक सामग्रीका साथै विधुतिय उपकरणको प्रयोग भएमा शिक्षण सिकाइ प्रभावकारी रूपमा प्रयोग गरी शिक्षण गरिनु पर्ने देखिन्छ । शिक्षकका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, विशिष्टिकरण तालिका,र विद्यार्थीका लागि सन्दर्भ सामग्री उपलब्ध गरिनु पर्दछ । विद्यालयमा बढी मात्रामा शैक्षिक सामग्रीहरूको व्यवस्था भएका शैक्षिक सामग्रीहरु शिक्षकहरूले त्यसको प्रयोगमा कमी आएकोले निरन्तर रूपमा कक्षा कार्यमा प्रयोग गरिनु पर्ने, विद्यालयमा शिक्षण सामग्री र शैक्षिक कार्यकलापहरू निरन्तर रूपमा गरिनु पर्ने आवश्यक देखिन्छ । सामुदायिक विद्यालयले विद्यार्थीमा बालमैत्री वातावरणको अनुभूति गराउन आधुनिक तथा आकर्षक शैक्षिक सामग्रीको उपलब्ध गराइ शिक्षण गरिनु पर्ने, शिक्षण गर्दा शिक्षकले हरेक पाठहरूको पाठयोजना बनाएर मात्र शिक्षण गरिनु पर्ने र शैक्षिक सामग्रीको प्रयोग हरेक पाठमा अनिवार्य निर्माण गरिनु पर्ने देखिन्छ । सामग्री नै विद्यार्थीको सिकाइमा ध्यान केन्द्रित हुने गरी शिक्षण सामग्रीको प्रयोग गरिनु पर्ने देखिन्छ ।

विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगले एक तर्फ उद्देश्यहरू प्राप्त गर्न सहयोग मिल्छ भने अर्कोतिर विद्यार्थीहरूबिच र शिक्षण विद्यार्थीहरू बिच मित्रवत व्यवहारको विकास हुन्छ । सिकेका कुरा दिगो र स्मरणीय हुन्छ । त्यस कारण यस्तै कुरालाई हृदयङ्गमन गर्दै विद्यालयमा तहमा पनि परम्पारगत लेक्चर विधिलाई त्यागि आधुनिक प्रविधिहरूसँगै विभिन्न स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्रीको निर्माण तथा प्रयोग

गरी माध्यमिक तहमा अक्षरांकन पद्धतिमा बालमैत्री वातावरणको सिर्जना गर्न सकिन्छ । यसर्थ अक्षरांकन पद्धतिमा माध्यमिक तहका विद्यार्थीको सिकाइ प्रक्रियामा पनि वृद्धि गर्न सकिन्छ ।

### ४.३.६ ग्रेडको वर्गान्तरमा सुधार गर्नुपर्ने

माध्यमिक तहको लागि मौजुदा मूल्याङ्कनमा रहेका Very Insufficient, Insufficient, Partially Acceptable जस्ता व्याख्यालाई कि त फेल नै भन्नुपर्छ कि त माथिल्लो कक्षा वा तहमा अध्ययन गर्नका लागि योग्य नभएको सङ्केत गरिनुपर्छ । अक्षराङ्कन पद्धतिको सम्बन्ध विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षण संस्था र अन्य सरोकारवालासँग समेत भएकाले यस विषयमा विस्तृत अध्ययन गरिनु आवश्यक छ ।

हालसम्म यथावत रुपमा कार्यान्वयन हुँदै आएको ग्रेड प्रणालीमा परिवर्तन तथा पुन व्याख्या गर्नु आवश्यक छ । वर्गान्तर कायम गर्दा तल्लो वर्गान्तरमा सिकाइ उपलब्धि प्राप्तिको फासला बढी र माथिल्लो वर्गान्तर कम हुनु उपयुक्त हुन्छ । एउटै अक्षरभित्रको वर्गान्तरलाई पनि + र - का रूपमा परिवर्तन गर्न सकिन्छ । आधारभूत तहका लागि एक प्रकारको र माध्यमिक तहका लागि अर्को प्रकारको वर्गान्तर पनि कायम गर्न सकिन्छ ।

### २.३.७ मूल्याङ्कन पद्धतिमा सुधार गर्नुपर्ने

विद्यार्थीलाई आफूले परीक्षामा जस्तो स्तरीकृत अंक र त्यसको अक्षरमा उपलब्धि ल्याए पनि माथिल्लो स्तरमा अध्ययन गर्न पाइन्छ भन्ने भ्रमको अन्त्य गरी बढी स्तरीकृत अंक, उपलब्धि प्रतिशत र अक्षरमा उपलब्धि पनि त्यसको स्तरमा अध्ययन गर्न पाए पनि उपलब्धि प्रतिशत जति बढी हुन्छ आफूले रोजेर सोही अनुसारका विषयहरु अध्ययन गर्न पाउने अवस्था रहन्छ भन्ने विषयमा प्रष्ट जानकारी गराउनुपर्छ । मूल्याङ्कनका विषयमा शिक्षकहरुलाई पनि पर्याप्त मात्रामा तालिम अभिमुखीकरण उपलब्ध गराउनुपर्छ । एस.इ.इ. परीक्षामा हाल लागु भइरहेको अक्षराङ्क पद्धति अन्तराष्ट्रिय परिवेशको शिक्षा प्रणाली अनुसार विद्यार्थीको हितमा मूल्यांकन नै छ किनकी अक्षराङ्कन पद्धति विनाको लब्धाङ्क-पत्र

अन्तराष्ट्रिय बजारमा बिक्न सकिने गरी मूल्यांकन पद्धति सुधार गरिनु पर्दछ । त्यसैले यस्तो पद्धति अपनाउनु सान्दर्भिक हुन्छ भने उपलब्धि प्रतिशत र स्तरीकृत अंकका आधारमा मात्र आफूले रोजे अनुसारको विषय अध्ययन गर्न पाइने हुँदा प्रतिस्पर्धात्मक हिसाबले अध्ययन गर्ने बानीको विकास भएको छ । नीति निर्माता, योजनाकार र पाठ्यक्रम विद्लाई पनि समय-समयमा मूल्यांकन लागु कसरी कसरी भइरहेको कुन-कुन विषयको उपलब्धि प्रतिशत राम्रो र कुनको कमजोर छ त्यसको अध्ययन गरी पुनरावलोकनको आधारमा पाठ्यक्रम र त्यसमा निहित विषयमा सुधार गर्नको लागि पृष्ठपोषण प्रदान गर्नु पर्दछ भने शिक्षक, विद्यार्थी र अभिभावक समेतमा भएको भ्रमलाई यसले अन्त्य गरी गुणस्तरीय शिक्षाको प्रत्याभूत दिनु आवश्यक छ ।

## अध्ययनको प्राप्ति

अध्ययन क्षेत्रका सामुदायिक ५ वटा विद्यालयको कक्षा दशको अक्षरांकन पद्धतिको अवस्था हेर्दा पशुपती मा.वि. विद्यालयको जम्मा जि.पि.ए. १.८६ रहेको छ जसको डि प्लस ग्रेड  रहेको पाइयो । लक्ष्मीप्राप्ति मा.वि.को १.८९ जि.पि.ए वा डी प्लस ग्रेड रहेको पाइयो । त्रिभुवन मा.वि. को १.८७ जिपिए वा डि प्लस ग्रेड रहेको छ भने जनता मा.वि. १.८८ जि.पि.ए वा डी प्लस ग्रेड रहेको छ। दिपेन्द्र मा.वि.को १.४४ वा डी ग्रेड रहेको देखिन्छ ।  विद्यालयका प्र.अ.र शिक्षकहरुबाट प्राप्त सूचना अनुसार वर्तमान विद्यार्थी मूल्याङ्कन प्रक्रिया उदार कक्षोन्नतीकै एक रुप हो तर अक्षाराङ्कन प्रणाली अलि भिन्न छ । किनकी उदार कक्षोन्नतीमा विद्यार्थीको शारीरिक, मानसिक, वौद्धिक, अनुशासन, गृहकार्य, हाँजीरी, अनुसार विद्यार्थीले केही ज्ञान प्राप्त गऱ्यो भन्ने मूल्याङ्कन गरिन्थ्यो । तर अक्षराङ्कन प्रणालीले विद्यार्थीमा सुरु सुरुमा केही अन्यौलता सिर्जना गरेतापनि पछिल्लो समयमा विद्यार्थीमा केही नयाँ उर्जा थपिदिएको छ ।

सामुदायिक विद्यालय भएकाले अभिभावकले विद्यालयप्रति गर्ने लगानीमा कमी रहेकाले भौतिक  स्रोत साधनको कमजोर रहेको देखिन्छ भने आर्थिक स्रोत साधनमा कमी भएकाले पनि शैक्षिक व्यवस्थापन हुन सकेको छैन । विद्यार्थीको ग्रेडिङ पद्धति अनुसार उनीहरुको सिकाइमा प्रभावकारी सिकाइ गराउन नसकिएको पाइयो । शैक्षिक मूल्याङ्कन कार्यमा उनीहरुलाई पास गर्ने पद्धतिले गर्दा कमजोर विद्यार्थीहरुलाई पनि पास गर्ने गरिएको प्रअको धारणा रहेको पाइयो । सिकाइमा विद्यार्थीको कम चासो हुने गरेको पाइयो । धारणाले गर्दा उनीहरुको सिकाइ कमजोर हुने तर कक्षामा पद्धोन्नती हुने परिपाटीको विकास भएको पाइयो । सिकाइ प्रभावकारी हुने प्रणाली भएकाले यसको मूल्याङ्कन प्रणालीमा फितलोपन रहेकाले त्यसलाई व्यवस्थापन गर्नुपर्ने धारणा रहेको पाइयो । विगतको अङ्क प्रणालीमा आधारित विद्यार्थी मूल्याङ्कनलाई सर्वसाधारण सबैले सहजै बुझ्ने र विद्यार्थी पनि नअलमलिने खालको भएको र अक्षर प्रणाली सर्वसाधारणले सहजै रुपमा नबुझ्ने, अलमलिने खालको भएको  भन्ने जानकारी प्राप्त भयो भने तर वितगको भन्दा त बैज्ञानिक र विद्यार्थीको स्तरलाई सानो सानो

वर्गान्तरमा छुट्याएको साथै सबै खाले विद्यार्थीले आफ्नो क्षमता अनुसारको शिक्षा लिन पाउने भएकाले राम्रो नै भएको सूचना प्राप्त भयो ।

अक्षराङ्कन पद्धतिले हाम्रो मूल्याङ्कनमा अन्तराष्ट्रिय प्रचलनको प्रवेश भएको छ । प्रत्येक सिकारु केही न केही रुपमा योग्य हुन्छन् सिकारुलाई अयोग्य भन्न मिल्दैन । सिकारुले प्राप्त गरेको सिकाइ उपलब्धिलाई यथारुपमा प्रमाणीकरण अक्षराङ्कन पद्धतिले गर्दछ । विद्यार्थीको प्रमाणपत्रमा सक्षमताको व्याख्या हुने व्यवस्थाले सिकारु कुन कुन कुरामा के कस्तो दक्षता रहेको छ भनी स्पष्टता हुन्छ । यस पद्धतिले अस्वस्थ प्रतिस्पर्धालाई सकेसम्म न्यूनीकरण गर्दछ । यसको मूलमर्म बुझ्न र बुझाउन सकेमा निश्चय नै सिकाइमा सुधारका लागि सहयोग गर्दछ तथा सिकाउने व्यक्ति र संस्था बढी जिम्मेवार बनाउन भूमिका खेल्दछ भन्ने अपेक्षा गरिएको छ । यस पद्धतिलाई प्रभावकारी र व्यवहारिक बनाउन मूख्य गरी शिक्षण सिकाइ प्रणालीमा नै परिवर्तन आवश्यक छ । कक्षाकोठा भित्रको एकोहोरो पढाइ बाहेक गृहकार्य, परियोजना कार्य, सन्दर्भ सामग्री अध्ययन, क्षेत्र भ्रमण, प्रयोगशाला कार्य, सामुदायिक कार्य र अतिरिक्त क्रियाकलापलाई केन्द्रित गरी विद्यार्थी सक्रिय हुने तरिकाको प्रयोग गर्न सकेमा र त्यसैसंग सान्दर्भिक मूल्याङ्कन भएमा मात्र अक्षराङ्कन पद्धतिमा गरिने व्याख्याको महत्व रहन्छ । यसका लागि सार्थक रुपमा गरिने सिकाइ क्रियाकलाप र निरन्तर रुपमा गरिने मूल्याङ्कन जरुरी हुन्छ । हालसम्म यथावत रुपमा कार्यान्वयन हुँदै आएको ग्रेड प्रणालीमा परिवर्तन तथा पुन व्याख्या गर्नु आवश्यक छ । वर्गान्तर कायम गर्दा तल्लो वर्गान्तरमा सिकाइ उपलब्धि प्राप्तिको बढी र माथिल्लो वर्गान्तर कम हुनु उपयुक्त हुन्छ । एउटै अक्षरभित्रको वर्गान्तरलाई पनि + र - का रूपमा परिवर्तन गर्न सकिन्छ । आधारभूत तहका लागि एक प्रकारको र माध्यमिक तहका लागि अर्को प्रकारको वर्गान्तर पनि कायम गर्न सकिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस अनुसन्धानको छनोटमा परेका विद्यायबाट अक्षराङ्कन पद्धतिले शैक्षिक उपलब्धिलाई वैज्ञानिक ढङ्गबाट विश्लेषण गरेको पाइयो । जसले विद्यार्थीको उपलब्धिलाई सुक्ष्म रुपमा केलाएर स्तर निर्धारण गरेको छ ।

सरकार तथा सम्बन्धित निकायले शिक्षक, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवाला पक्षसँग घनिभूत छलफल नगरी विकसित देशको देखा सिकीमा अक्षराङ्कन पद्धति लागु गर्दा थुप्रै अन्यौलता सिर्जना भएको सो कुराले अझै पनि खासै निष्कर्ष ननिकालेको पाइयो । सरोकारवालासँग छलफल गरी सबै तहमा एकै किसिमको मूल्याङ्कन प्रक्रिया लागु गर्नुपर्ने देखियो । साथै सर्वसाधारण मान्छेले सो प्रक्रियाको बारेमा बुझ्न नसकने देखियो । शिक्षकहरुमा अक्षरांकन पद्धतिका बारेमा ज्ञान प्रदान गर्नुपर्दछ । स्थानीय शिक्षा निकायहरुले अक्षरांकन पद्धतिको सफ्टवेयरका बारेमा तालिम दिने र शैक्षिक अभिमूखीकरण कार्यहरु प्रदान गर्नूपर्दछ ।

अक्षराङ्कन प्रणाली केही फरक र नयाँ आयम भएकोले सुरु सुरुमा अन्यौलता सिर्जना भएको तर विद्यार्थीको क्षमता अनुसारको उच्च शिक्षा तथा प्राविधिक शिक्षा हासिल गर्नपाउने भएकोले विगतको अंकन प्रणाली भन्दा धेरै राम्रो रहेको र यसले विद्यार्थीको समस्याको रुपमा रहेको खेल भन्ने शब्द हटेकोले विद्यार्थीको हौसला बढेको पाइयो । साथै सरोकारवालाले अक्षराङ्कन प्रणलीमा आएका समस्याहरुलाई निराकरण गर्नुपर्ने कदमहरु चाल्नुपर्ने देखियो । अक्षराङ्कन पद्धतिको बारेमा आम मानिसहरुमा कौतुहल, अन्यौल र भ्रम व्याप्त रहेको छ । के अव एसएलसीमा कोही पनि अनुतीर्ण नहुने हुन् ? विद्यार्थीले नपढे पनि स्वत पास हुने हो ? विद्यार्थीको अङ्कलाई (सैद्धान्तिक र प्रयोगात्मक)हिसावले ग्रेड कसरी कायम गरिन्छ ? शिक्षकले विद्यार्थीको पढाइमा कम ध्यान दिँदा हुने हो ? त्यस्तै गरी मेहनती विद्यार्थी मर्कामा पर्दछन कि ? माथिल्लो तहको भर्ना गर्दा कस्तो आधार लिइन्छ ? सेवा प्रवेशमा के कस्तो आधार लिइन्छ ? हालको शिक्षण

सिकाइ क्रियाकलापमा परिवर्तन गर्नु पर्छ कि पर्दैन ? जस्ता अनेकौं जिज्ञासाहरु पर्याप्त सुनिएका छन् ।

हाल अक्षराङ्कन पद्धतिप्रति सरोकारवालाहरुमा देखिएको जिज्ञासा र भ्रम शिक्षा क्षेत्रमा कार्यरत पदाधिकारीले तत्कालै समाधान गर्नुपर्ने हुन्छ । एसएलसी परीक्षा अगावै शिक्षक, विद्यार्थी र अभिभावकलाई यस सम्बन्धमा सुसूचित गराउनुपर्ने सम्बन्धित निकाय र पदाधिकारीको दायित्व रहन्छ । यसका लागि जिल्ला सरोकारवाला निकायलाई अक्षराङ्कन कार्यविधिको अभिमुखिकरण गर्ने, गराउने र शिक्षा शाखास्रोतकेन्द्र भित्रका प्रधानाध्यापकहरुलाई अभिमुखिकरण गराउनु पर्ने हुन्छ । प्रत्येक विद्यालयले प्रधानाध्यापक मार्फत शिक्षक, हाल कक्षा १० मा अध्ययनरत विद्यार्थी र अभिभावकलाई अक्षराङ्कन कार्यविधिका बारेमा राम्रोसंग जानकारी गराउनु जरुरी हुन्छ ।

कुनैपनि विद्यार्थीले नपढीकन माथिल्लो ग्रेड पक्कै पनि प्राप्त गर्न सक्दैन यदि विद्यार्थीले माथिल्लो ग्रेड (एप्लस, ए, बीप्लस, बी, सी) प्राप्त नगरी इच्छा गरेको विषय अध्यापन गर्न समेत पाउने स्थिति रहदैँन । त्यस्तै गरी गतवर्षसम्म ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीलाई विशिष्ट श्रेणी भनेर उल्लेख गरिएको थियो भने अव ९० प्रतिशतभन्दा माथि अङ्क ल्याउँदा मात्र ए प्लस ग्रेड प्राप्त हुने हुँदा उक्त ग्रेड प्राप्त गर्न विद्यार्थीले अझै बढी मेहनत गर्नुपर्ने हुन्छ । विगतमा ३२ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी उतीर्ण हुने व्यवस्था भएकोमा हाल २० देखि ४० प्रतिशत प्राप्त गर्ने विद्यार्थीले डी ग्रेड पाउने हुँदा उक्त ग्रेडलाई औषत भन्दा कमजोर भनेर व्याख्या गरिएको छ अव चालिस प्रतिशत अङ्क प्राप्त गर्दा समेत कमजोर नै मानिन्छ । यस अर्थमा विद्यार्थीले माथिल्लो ग्रेड प्राप्त गर्न अझ बढी लगनशील हुनु जरुरी हुन्छ र सम्बन्धित विषय शिक्षक र विद्यालयले समेत यसतर्फ ध्यान दिनै पर्दछ किनकी आफ्नो विद्यालयका विद्यार्थीले कुन ग्रेड प्राप्त गर्दछन् र माथिल्लो ग्रेड प्राप्त गर्न हाम्रो भूमिका अहिलेको भन्दा निश्चय नै रचनात्मक र सहयोगी हुनै पर्दछ ।

शिक्षाका सम्बन्धित निकायले सरोकारवालालाई समयमै सुसूचित गर्न नसकेमा अक्षराङ्कन पद्धति बारे अन्यौल कायमै रहिरहनेछ र त्यसको मर्म अनुसार कार्यान्वयन गराउन कठिनाई पर्नेछ । त्यस्तै गरी अक्षराङ्कन पद्धति अनुसार प्रदान गरिने

प्रमाणपत्रलाई माथिल्लो शिक्षाको अवसर प्रदान गर्न वा सार्वजनिक सेवा वा रोजगारीका लागि योग्यता कायम गर्ने सम्बन्धमा सरोकारवाला निकाय वा संस्थाले आफ्नो उद्देश्य र आवश्यकता अनुसार यसको उपयोग गर्न सक्ने व्यवस्था कार्यविधिमा उल्लेख भएपनि हालसम्म उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लोकसेवा आयोग र अन्य उच्च शिक्षा प्रदायक निकाय र रोजगारमूलक निकायहरुले कुन कुन ग्रेडलाई के कस्तो आधार मान्ने भन्ने बारे स्पष्ट पार्न जरुरी छ ।

अक्षराङ्कन पद्धतिले हाम्रो मूल्याङ्कनमा अन्तराष्ट्रिय प्रचलनको प्रवेश भएको छ । प्रत्येक सिकारु केही न केही रुपमा योग्य हुन्छन् सिकारुलाई अयोग्य भन्न मिल्दैन । सिकारुले प्राप्त गरेको सिकाइ उपलव्धिलाई यथार्त रुपमा प्रमाणीकरण अक्षराङ्कन पद्धतिले गर्दछ । विद्यार्थीको प्रमाणपत्रमा सक्षमताको व्याख्या हुने व्यवस्थाले सिकारु कुन कुन कुरामा के कस्तो दक्षता रहेको छ भनी स्पष्टता हुन्छ । यस पद्धतिले अस्वस्थ प्रतिष्पर्धालाई सकेसम्म न्यूनीकरण गर्दछ । यसको मूलमर्म बुझ्न र बुझाउन सकेमा निश्चय नै सिकाइमा सुधारका लागि सहयोग गर्दछ तथा सिकाउने व्यक्ति र संस्था बढी जिम्मेवार बनाउन भूमिका खेल्दछ भन्ने अपेक्षा गरिएको छ । यस पद्धतिलाई प्रभावकारी र व्यवहारिक बनाउन मूख्य गरी शिक्षण सिकाइ प्रणालीमा नै परिवर्तन आवश्यक छ ।

कक्षाकोठा भित्रको एकोहोरो पढाइ बाहेक गृहकार्य, परियोजना कार्य, सन्दर्भ सामग्री अध्ययन, क्षेत्र भ्रमण, प्रयोगशाला कार्य, सामुदायिक कार्य र अतिरिक्त क्रियाकलापलाई केन्द्रित गरी विद्यार्थी सक्रिय हुने तरिकाको प्रयोग गर्न सकेमा र त्यसैसंग सान्दर्भिक मूल्याङ्कन भएमा मात्र अक्षराङ्कन पद्धतिमा गरिने व्याख्याको महत्व रहन्छ । यसका लागि सार्थक रुपमा गरिने सिकाइ क्रियाकलाप र निरन्तर रुपमा गरिने मूल्याङ्कन जरुरी हुन्छ ।

## ५.२ सुझाव

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्न एक व्यक्तिको प्रयासले मात्र पूर्ण रुपमा सम्भव हुँदैन । त्यसैले यस कार्यको सफलाताका लागि सम्बन्धित सबै सरोकारवाले लागि पर्नुपर्ने हुन्छ । अतः अध्ययन कार्यको सिलसिलमा छनोटमा परेका प्र.अ., शिक्षक, र विद्यार्थीका समस्याहरुलाई हेर्दा निम्न तह र तप्काबाट आवश्यक सहयोगको खाँचो देखियो ।

### ५.२.१ नीतिगत तह

नयाँ ग्रेडिङ तालिका शैक्षिक वर्ष २०७८ देखि सबै तहमा लागु गर्नुपर्ने छ । यसको कार्यान्वयनमा लैजानुभन्दा अगाडि मौजुदाअक्षराङ्कन पद्धतिसम्बन्धी निर्देशिका परिमार्जन गरी सम्बन्धित सरोकारवालालाई सुसूचित तथा अभिमुखीकरण गर्नुपर्ने छ । यसका लागि संघीय स्तरमा रहेका शिक्षा निकाय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्देशिका स्वीकृतिलगायत सार्वजनिक सूचना गर्ने, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले यसको कार्यान्वयनका लागि शिक्षा विकास तथा समन्वय एकाइ, प्रदेश र स्थानीय तहसँग समन्वय एवम् तालिमसम्बन्धी कार्य गर्ने र पाठ्यक्रम विकास केन्द्रले विषयगत मूल्याङ्कनका लागि विशिष्टीकरण तालिका र नमुना मूल्याङ्कन साधन विकास गरी प्रकाशन गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्ने छ । पाठ्यक्रमका उल्लिखित सिकाइ उपलब्धि पूरा हुने गरी शिक्षकले क्रियाकलापमुखी शिक्षण गर्नुपर्नेछ । यसका लागि स्थानीय तहमार्फत तालिम तथा अनुगमनको व्यवस्था गर्नुपर्ने छ । अक्षराङ्कन पद्धतिको कार्यान्वयनका लागि प्रधानाध्यापकले नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्न शिक्षक र विद्यार्थीको सक्षमता विकास गर्नुपर्छ । अक्षराङ्कन पद्धति व्यवस्थित भएपछि कक्षा वा तह पूरा गरेको प्रमाणपत्र पाउने विद्यार्थीले माथिल्लो कक्षामा पढ्न सक्ने व्यवस्था गरिनुपर्छ । भर्नाका आधार तोक्नु आवश्यक छैन ।

स्थानीय निकायले नीति निर्माण गर्ने तह तप्काबाट सो नीति कार्यान्वयन गर्नु अघि सरोकारवालाहरुसँग नीतिगत योजनाहरु तय गरिनु पर्दछ । प्रदेश शिक्षा शाखा र

समन्वय इकाले शैक्षिक योजना निर्माण गरिनु पर्दछ । अक्षरांकन पद्धति सम्बन्धी योजना मात्र निर्माण गरेर मात्र नभई कार्यान्वयनका लागि निश्चित एउट नियम र नीतिको निर्माण गर्नुपर्ने देखिन्छ । शिक्षा मन्त्रालय र सबै शिक्षा विभागहरुले विद्यालय तहमा अक्षरांकन पद्धति कार्यान्वयन गर्नका लागि विभिन्न तालिम तथा त्यस प्रतिको जानकारीका सम्बन्धमा योजना बनाइ नीति निर्माण गर्नुपर्ने देखिन्छ । हरेक प्रदेश तथा स्थानीय तहका शिक्षा शाखाहरुले अक्षरांकन पद्धतिका बारेमा विद्यालयमा गई विभिन्न कार्यक्रमहरु बनाउने र त्यसलाई प्रभावकारी रुपमा अक्षरस कार्यान्वयन गर्ने नीति निर्माण गरिनु पर्दछ । त्यसो नभई सिधै अक्षराङ्कन पद्धति लागु गरेकोले विभिन्न भ्रमहरु सिर्जना भए । ती भ्रमहरुलाई चिर्नको लागि शिक्षक, अभिभावक, विद्यार्थी तथा सरोकारवालाहरुलाई अभिमूखिकरण कार्यक्रम संचालन गरी अक्षराङ्कन प्रक्रिया सम्बन्धी जानकारी गराउनु पर्नुका साथै सबै तहमा एकै किसिमको मूल्याङ्कन पद्धति लागु गर्नुपर्ने नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयको आधारभूत तथा माध्यमिक तहमा अलग अलग अक्षराङ्कन पद्धतिको अभ्यास नगरी बै तह र कक्षामा अक्षराङ्कन पद्धतिको एकरूपता कायम गर्नु जरुरी छ । त्यसका लागि मापदण्डको आवश्यकता देखिन्छ । मूल्याङ्कन पद्धति तथ्यपरक हुनुपर्छ जसले गर्दा विद्यार्थीको सिकाइ र उसको ग्रेडसिटमा उल्लिखित ग्रेड र त्यसको व्याख्यामा भिन्नता नआओस् । ग्रेडसिटमा हरेक विषयको प्राप्त ग्रेडमात्र उल्लेख गरिदिने नभई शिक्षकले आफ्ना विद्यार्थीका हरेक व्यवहार चिन्न सक्ने गरी व्यवहारकुशल सिपका बारेमा पनि उतार्ने गरी पाठ्यक्रम विकास केन्द्रले साझा मापदण्ड निर्धारण गरिदिनु आवश्यक छ ।  कुनै तह वा कक्षामा अध्ययन गर्न आवश्यक न्यूनतम जिपिए वा विषयगत ग्रेडसम्बन्धित शिक्षण संस्थाबाटनै निर्धारण गरिनुपर्दछ । न्यूनतम ग्रेड प्राप्तिका लागि विद्यार्थीलाई ग्रेड वृद्धिको मौका दिन सकिन्छ । धेरै विषयमा पटक पटक ग्रेड वृद्धिको नाममा परीक्षा लिएर जबरजस्ती माथि उकाल्ने प्रवृत्ति गलत हुन्छ ।बढीमा दुई विषयमा एक पटक ग्रेड वृद्धि परीक्षा दिने व्यवस्था

गर्नुपर्छ । विद्यालय तहमा सिकाइ उपलब्धिको न्यूनतम आधार श्रेणी आन्तरिक वा प्रयोगात्मकमा ४० र आवधिक वा सैद्धान्तिकमा ३५ प्रतिशत हुनेगरी अभ्यास गर्नुपर्छ ।

विभिन्न संघसंस्था तथा विभिन्न निकायले अक्षराङ्कन मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी शिक्षकहरुको नै रहन्छ । तसर्थ शिक्षकहरुले सर्वप्रथम आफूले अक्षराङ्कन पद्धतिबारे जानकारी लिनु पर्ने देखिन्छ । किनकी शिक्षक भनेको विद्यार्थीको मार्ग दर्शक हो । डाक्टरले गल्ती गर्दा एक जना व्यक्तिको ज्यान जोखिम हुन्छ भने शिक्षकले गल्ती गर्दा वा नबुझ्दा सयौ व्यक्तिहरु अबुझ हुन्छन् । नेपाल सरकार शिक्षा विभाग तथा शिक्षा मन्त्रालयले कक्षा १० मा अक्षरांकन पद्धतिप्रति प्रभावकारिता ल्याउन अझ नीतिगत व्यवस्थापन हुनु आवश्यक देखिन्छ । शिक्षा विकास तथा समन्वय इकाइले पनि अक्षरांकन पद्धतिको व्यवस्थापनमा प्रभावकारी नीति अवलम्बन गरिनु पर्दछ । तसर्थ शिक्षकले अभिभावक र विद्यार्थीहरुलाई अक्षराङ्कन प्रणाली प्राति वास्तविक कुरा बताउने र सही मार्ग निर्देशन गर्नुपर्ने देखिन्छ । शिक्षा मन्त्रालयले विभिन्न तालिमहरुको कार्यान्वयन गरी शिक्षा विभागलाई कार्यान्वयन गर्न गराउनु पर्दछ । विभिन्न जिल्लागत रुपमा शिक्षा शाखाहरुले अक्षरांकन प्रणालीको मूल्याङ्कनलाई सही उपयोग गरी विभिन्न विद्यालय स्तरमा अनुगमन र निरीक्षण गरी कार्यान्वयन गरिनु पर्ने देखिन्छ । विद्यालय तहमा सम्पूर्ण सरोकारवालाहरु, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. अध्यक्षहरुमा अक्षरांकन प्रणालीका सम्बन्धमा जानकारी सहित कार्यान्वयन गरिनु पर्दछ । वास्तविक तथ्य अनुसार विद्यार्थीलाई बुझाउनु पर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

हरेक अनुसन्धान कार्य एक जटिल कार्य हो । जसलाई निष्कर्षमा पुऱ्याउन विभिन्न सरोकारवालाहरुको सहयोग आवश्यक पर्दछ । त्यसैले यस अनुसन्धान कार्यमा आवश्यक सूचना संकलन गर्ने क्रममा धेरै लगानी, स्रोत, साधनका साथै थुप्रै श्रम शक्ति आवश्यक पर्ने भएकोले सो को अभाव सधैँ खड्की रहन्छ ।

अक्षराङ्कन पद्धतिको सम्बन्ध विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षण संस्था र अन्य सरोकारवालासँग समेत भएकाले यस विषयमा मौजुदा व्यवस्थामा उल्लेख्य परिवर्तन गर्नुपूर्व सरोकारवालाको परामर्शसहित विस्तृत अध्ययन गरिनु र कार्यान्वयनमा जानुअघि अभिमुखीकरण/प्रबोधीकरण गर्नुपर्ने छ ।

यस अनुसन्धानलाई पूरा गर्न मैले सकेसम्म प्रयास गर्दा गर्दा केही कमी हुन सक्छन् । सो कमी कमजोरी पूरा गर्न भावि अनुसन्धान कर्ताले अगाडि बढाउनु पर्ने हुन्छ । नमुनाको रुपमा लिइएका विद्यालयका प्र.अ.,शिक्षक, विद्यार्थी, अभिभावक र वि.व्य.स. अध्यक्षहरुसँग मात्र सूचना संकलन गरेकोले आगामी अनुसन्धान कर्ताले अन्य सरोकारवालासँग प्रत्यक्ष सम्पर्कमा रही सो कार्यलाई सम्पन्न गर्नुपर्ने देखिन्छ । भावी अनुसन्धान कर्ताले आधारभूत तहमा ग्रेडिङ प्रणालीको प्रभावकारिता सम्बन्धी अध्ययन र अक्षरांक पद्धतिले शैक्षिक गुणस्तरमा पारेको प्रभाव सम्बन्धी अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, विष्णु प्रसाद (२०७३), *अध्यापन अनुमति पत्र, शिक्षक दपर्ण,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

अधिकारी, विनोद (२०७०), *शिक्षण सिकाइमा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता,* अप्रकाशित शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

गिरी, संगिता (२०७१), नेपालमा एस.एल.सी. परीक्षामा अक्षराङ्कन पद्धति प्रतिको धारणा, *कान्तिपुर दैनिक पत्रिका,* काठमाडौँ ।

खनाल, श्रीप्रसाद (२०६१), *गुणात्मक मूल्याङ्कन अनुसन्धान,* काठमाडौं : क्षितिज प्रकाशन ।

लुँइटेल, रमेश (२०७९), *एस.इ.इ. परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग,* धनकुटा बहुमुखी क्याम्पस, धनकुटा, त्रि.वि.विश्वविद्यालय ।

खनाल, श्रीप्रसाद (२०६६),*कार्यक्रम मुल्यांकन,* काठमाडौ : जुपिटर पब्लिसर्श एण्ड डिस्ट्रिव्युटर्स ।

गौतम, सूर्य प्रसाद,कोइराला, सिताराम (२०७३), *नेपालमा शिक्षा र शैक्षिक सुपरिवेक्षण,* काठमाडौं : सोपान मासिक ।

चन्द, दशरथ (२०७३), *आधारभूत तहमा कक्षोन्नतीको प्रभावकारीता,* अप्रकाशित प्रतिवेदन, त्रि.वि. सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

जवरा, स्वयम प्रकाश, श्रेष्ठ, चन्द्र, रञ्जितकार, किरण (२०६३), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जवरा, स्वयम प्रकाश, थापा, विश्वावाला (२०६८), *नेपालमा शैक्षिक प्रणाली,* काठमाडौं : पिनाकल प्रकाशन ।

*नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन* ( २०५५), काठमाडौं ।

थापा, विश्ववाला (२०७०), *पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान, काठमाडौ :* पिनाकल पब्लिकेशन ।

थापा, प्रेमबहादुर (२०७७),*उपलब्धि मूल्याङ्नमा अक्षराङ्कन पद्धतिको प्रयोगले विद्यार्थीहरुको विज्ञान विषयको सिकाइमा पारेको प्रभाव,* अप्रकाशित प्रतिवेदन, त्रि.वि. सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

पोखरेल, इश्वरप्रसाद (२०७३), *मूल्याङ्कनमा अक्षरांकन पद्धति र बहस,* http://www.ishoripokhrel.com.np/2016/04/blog-post_26.html

लामिछाने, यज्ञप्रसाद (२०७४), ***उदार कक्षोन्नति नीतिको कार्यान्वयनको अवस्था र प्रभाव,*** त्रि.वि. सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

लम्साल, राजेन्द्र (२०७२), प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्यांकन, अप्रकाशित शोधपत्र सुर्खेत क्याम्पस (शिक्षा) ।

शाही, विनोदकुमार (२०७३), *आधारभूत तहमा कक्षोन्नोतिको प्रभावकारिता,* त्रि.वि. सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

Kumar,P.(2013) *A comparative study of stress of class x students under grading and numerical marking system of evaluation.* Introduction and Journal of Scientific and Research Publication,vol.3,issue, march 2013.

# माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति

## अनुसूची १

### प्र.अ. को लागि प्रश्नावली

१. तपाईको विद्यालयमा अक्षरांकन पद्धतिको अवस्था कस्तो छ ?

(क) उत्तम (ख) मध्यम (ग) सामान्य (घ) निम्न

२. किन SEE मा अक्षराङ्कन किन अवलम्बन गरिएको होला ?

(क) गुणस्तरीय बनाउन (ख) मूल्यांकनमा सुधार गर्न

(ग) शिक्षण सिकाइमा सुधार गर्न (घ) माथिका सबै

३. अक्षरांकन पद्धतिले विद्यार्थीको नियमिततामा के कस्तो सुधार भएको छ ?

(क) सुधार ल्याएको छ (ख) सुधार ल्याएको छैन

(ग) परिवर्तनशील छ (ग) विद्यार्थीको स्तर अनुसार छैन

४. अक्षराङ्कन पद्धतिले गर्दा विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

(क) सकारात्मक प्रभाव (ख) नकारात्मक प्रभाव

५. अक्षराङ्कन पद्धतिले विद्यार्थीको मूल्याङ्कन गर्दा विद्यालयमा के कस्ता साधनको प्रयोग गर्नु भएको छ ?

उत्तर : ..........................................................................................

६. तपाईको विचारमा अंकमा आधारित मूल्याङ्कन प्रणालीले भन्दा कक्षा १० मा अक्षराङ्कन पद्धतिले विद्यार्थीमा अपेक्षित उपलब्धि हासिल गरेको छ कि छैन ?

उत्तर : ..........................................................................................

७. अक्षराङ्क पद्धति लागु भएपछि विद्यार्थीको स्तर मापन प्रक्रियामा के कति सहजता भएको छ ?

उत्तर : ..........................................................................................

८. अक्षराङ्कन पद्धतिले विद्यार्थीको सिकाइमा आउने समस्याको समाधान गर्छ जस्तो लाग्छ ?

उत्तर : ..........................................................................................

९. विद्यालयमा अक्षरांकन पद्धति मूल्यांकनमा के कस्ता समस्या आउने गरेका छन् ?

उत्तर : ..........................................................................................

१०. अक्षरांकन पद्धति प्रभावकारी बनाउन के कस्ता उपायहरू अपनाउनु आवश्यक छ ?

उत्तर : ..........................................................................................

# माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति

# अनुसूची २

## शिक्षकको लागि प्रश्नावली

१. तपाईको विद्यालययमा कक्षा १० मा अक्षराङ्कन पद्धतिको अवस्था रहेको छ ?

(क) राम्रो छ (ख) राम्रो छैन (ग) प्रभावकारी भएको छैन (घ) मूल्यांकन स्तरीय छैन

२. अक्षराङ्कन पद्धति अवलम्बन गर्दा शिक्षणमा कतिको सुधार भएको छ ?

(क) सुधार भएको छ (ख) सुधार हुन सकेको छैन

३. विद्यालयमा विद्यमान मूल्याङ्कन पद्धतिले कक्षा सहभागिता कस्तो छ ?

(क) प्रभावकारी छैन (ख) प्रभावकारी छ

४. अक्षराङ्कन पद्धतिले गर्दा कक्षा १० का विद्यार्थीको उपस्थितिमा बढेको छ कि छैन ?

(क) सुधार भएको छ (ख) सुधार भएको छैन (ग) पुरानै छैन

५. अक्षराङ्कन पद्धतिले विद्यार्थीको मूल्याङ्कनमा के भिन्नता रहेको छ ?

उत्तर : ...........................................................................................

६. तपाईको विचारमा अंकमा आधारित मूल्याङ्कन भन्दा अक्षराङ्कन मूल्याङ्कन पद्धतिले विद्यार्थीमा अपेक्षित उपलब्धि हासिल गर्न सक्ला जस्तो लाग्छ ?

उत्तर : ...........................................................................................

७. अक्षराङ्कन पद्धति विद्यार्थी मूल्याङ्कन प्रक्रियाको उत्कृष्ट मापन प्रक्रिया हुन सक्ला त ?

उत्तर : ...........................................................................................

८. अक्षराङ्कन पद्धतिले मूल्याङ्न प्रणालीमा के कस्ता समस्याहरू आउने गरेका छन् ?

उत्तर : ...........................................................................................

९. शिक्षणको क्रममा विद्यार्थीको मूल्यांकन पद्धतति के कस्तो समस्या देख्नु भएको छ ?

उत्तर : ...........................................................................................

१०. अक्षरांकन पद्धतिले विद्यार्थीको पढाइको गुणस्तरमा देखिएका समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

उत्तर : ...........................................................................................

# माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति

## अनुसूची ३

## विद्यार्थीका लागि प्रश्नावली

विद्यालयको नाम : विद्यार्थीको नाम :

ठेगाना : कक्षा :

१. अक्षराङ्कन पद्धतिको कस्तो लाग्छ ?

(क) सकारात्मक छ (ख) नकारात्मक छ (ग) नया□ पद्धति राम्रो छ

२. अक्षराङ्कन पद्धतिमा विद्यार्थीको उपलब्धिमा वृद्धि भएको छ ?

(क) छ (ख) छैन

३. अक्षरांकन पद्धति लागु भएपछि तपाई विद्यालयमा नियमित हुनु भएको छ ?

(क) छ (ख) छैन

४. अक्षरांकन पद्धतिले विद्यार्थीको मूल्याङ्कनको के कस्तो निराशा छाएको छ ?

(क) निराशा भएको छ (ख) सुधार भएको छैन (ग) झन कमजोर भएको छ

५. कक्षा १० मा अक्षराङ्कन पद्धतिबाट विद्यार्थीको शैक्षिक स्तर कमजोर भएको छ कि छैन ?

उत्तर : ..........................................................................................

६. अक्षराङ्कन पद्धतिबाटशिक्षक विद्यार्थी सम्बन्धमा के कस्तो सुधार भएको छ ?

उत्तर : ..........................................................................................

७. अक्षराङ्कन पद्धतिले सिकाइ गतिविधिमा कुनै समस्याहरु आइपरेका छन् कि छैनन् ?

उत्तर : ..........................................................................................

८. अक्षराङ्कन पद्धतिको कारण सिकाइमा पारेको प्रभाव पारेको छ ?

उत्तर : ..........................................................................................

९. कक्षा १० मा अक्षरांकन पद्धतिमा देखिएका समस्याहरु के के होलान् ?

उत्तर : ...........................................................................................

१०. अक्षराङ्कन पद्धतिले गर्दा विद्यार्थीका शैक्षिक समस्याहरु कसरी समाधान गर्न सकिएला ?

उत्तर : ...........................................................................................

# माध्यमिक शिक्षा कक्षा १० मा अक्षराङ्कन पद्धति

## अनुसूची ४
## अभिभावका लागि अन्तरवार्ता सूची

१. अक्षराङ्कन पद्धति प्रति तपाई कार्यान्वयन गर्दा विद्यालयमा विद्यार्थी नियमित जाने गरेका छन् ?

(क) जान्छन्  (ख) जा□दैन

२. अक्षरांकन पद्धतिले विद्यार्थीहरुको कक्षा सहभागिता कस्तो रहेको छ ?

(क) नियमित  (ख) अनियमित  (ग) उच्च सहभागिता छ

३. अक्षराङ्कन पद्धतिका सम्बन्धमा विद्यालय कसरी मूल्यांकन गरेको पाउनु भएको छ ?

(क) कक्षा सहभागिता  (ख) दैनिक क्रियाकलाप  (ग) कक्षा व्यवहार  (घ) सिकाइ उपलब्धि

४. अक्षरांकन पद्धतिका बारेमा विद्यार्थी कत्तिको सन्तुष्टि रहेका छन् ?

(क) छन्  (ख) छैनन्

५. एस.इ.ई.को अक्षराङ्कन पद्धतिबाट सिकारु विद्यार्थीका लागि कत्तिको राम्रो लागेका छन् ?

उत्तर : ..........................................................................................

६. शिक्षक विद्यार्थी र अभिभावकमा अक्षरांकनका सम्बन्धमा कस्तो सम्बन्ध रहेको छ ?

उत्तर : ..........................................................................................

७. विद्यालयमा सिकाइ गतिविधि कस्तो रहेको पाउनु भएको छ ?

उत्तर : ..........................................................................................

८. अक्षराङ्कन पद्धतिको कारण सिकाइमा पारेको प्रभाव कस्तो पारेको छ ?

उत्तर : ..........................................................................................

९. सक्रियतामा पारेको प्रभाव कस्तो प्रभाव पारेको छ ?

उत्तर : ..........................................................................................

१०. अक्षराङ्कन पद्धतिले गर्दा विद्यार्थीका शैक्षिक समस्याहरु के कस्ता रहेका छन् ?

उत्तर : ..........................................................................................

## अनुसूची ५
## वि.व्य.स.अध्यक्षका लागि प्रश्नावली

१. अक्षराङ्कन पद्धति प्रति तपाईको धारणाको अवस्था कस्तो रहेको छ ?

(क) प्रभावकारी छ (ख) प्रभावकारी छैन

२. एस.इ.ई.को अक्षराङ्कन पद्धतिबाट तपाईको विद्यालयमा सिकारु विद्यार्थीका लागि कत्तिको राम्रो ठान्नुहुन्छ ?

(क) एकदमै राम्रो छ (ख) पुरानो नै ठिक छ (ख) यो पद्धति प्रभावकारी छैन

३. विद्यार्थीको अक्षरांकन पद्धति विद्यालयमा के कस्तो कार्यान्वयन गरेको छ ?

(क) प्रभावकारी छ (ख) प्रभावकारी छैन

४. शिक्षक विद्यार्थी, शिक्षकमा अक्षरांकनका सम्बन्धमा कस्तो सम्बन्ध रहेको छ ?

(क) राम्रो छ (ख) राम्रो छैन (ग) प्रभावकारी छैन

५. अक्षरांकन पद्धति विद्यालयमा कत्तिको कार्यान्वयन भएको छ ?

उत्तर : ..........................................................................................

६. अक्षराङ्कन पद्धतिका सम्बन्धमा विद्यालयबाट कत्तिको जानकारी पाउनु भएको छ ?

उत्तर : ..........................................................................................

७. विद्यालयमा अक्षरांकन पद्धति सिकाइ गतिविधि कस्तो रहेको पाउनु भएको छ ?

उत्तर : ..........................................................................................

८. अक्षराङ्कन पद्धतिको कारण सिकाइमा पारेको प्रभाव कस्तो पारेको छ ?

उत्तर : ..........................................................................................

९. शिक्षक, प्र.अ. र विद्यार्थीको सक्रियतामा पारेको प्रभाव कस्तो प्रभाव पारेको छ ?

उत्तर : ..........................................................................................

१०. अक्षराङ्कन पद्धतिले गर्दा विद्यार्थीका शैक्षिक समस्याहरु के कस्ता रहेका छन् ?

उत्तर : ..........................................................................................

# अनुसूची ६
# अवलोकन फाराम

विद्यालयको नाम : मिति :

विषय : कक्षा :

विद्यार्थी संख्या : एकाई :

पाठ :

| क.सं. | क्रियाकलाप | अति उत्तम | मध्यम | मध्यम | सामान्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको बसाई व्यवस्थापन | | | | | |
| २ | कक्षाकोठाको व्यवस्थापन | | | | | |
| ३ | विद्यार्थीको पढाइप्रतिको मनोबल | | | | | |
| ४ | अक्षराङ्कन पद्धति सम्बन्धी ज्ञान | | | | | |
| ५ | कमजोर विद्यार्थीलाई थप सहयोग | | | | | |
| ६ | मूल्याङ्कन प्रक्रिया | | | | | |
| ७ | विद्यार्थीहरुलाई पृष्ठपोषण | | | | | |
| ८ | शिक्षक विद्यार्थीको सम्बन्ध | | | | | |
| ९ | शैक्षिक सामग्रीको प्रयोग | | | | | |